

# संविधानसभा दर्पण

२०६५-२०६९

## संवैधानिक समितिले तयार गरेको सहमति भएका विषयको मस्यौदाको यथार्थ अवस्था



व्यवस्थापिका-संसद सचिवालय
संसद भवन, सिंहदरवार

**संवैधानिक समितिले तयार गरेको सहमति भएका विषयको मस्यौदाको यथार्थ अवस्था**

# नेपालको संविधान

- संवैधानिक समितिको सचिवालयद्वारा तयार पारिएको मस्यौदा ।
- मिति २०६९ साल ज्येष्ठ ६ ,७ र ९ मा श्री नीलाम्बर आचार्य, श्री तीर्थमान शाक्य, श्री माधव पौडेल, श्री भेषराज शर्मा र श्री टेकप्रसाद ढुङ्गाना समेतद्वारा मस्यौदाको दृष्टिकोणले पुनरावलोकन गरिएको ।
- मिति २०६९ साल ज्येष्ठ १४ गते श्री अग्निप्रसाद खरेल, श्री खिमलाल देवकोटा, श्री रमेश लेखक र श्री लक्ष्मणलाल कर्णले संक्षिप्त रूपमा अवलोकन गर्नुभएको ।

## संविधानका सहमति भएका विषयको मस्यौदा

२०६९ वैशाख मसान्तसम्मका औपचारिक सहमतिमा आधारित रहेको, २०६९ जेठ २ गते भएको अनौपचारिक राजनीतिक सहमतिबमोजिम परिमार्जन नभएको मस्यौदा

# विषय–सूची


| | | |
|---|---|---|
| प्रस्तावना | | १ |
| भाग-१ | प्रारम्भिक | २ |
| भाग-२ | नागरिकता | ३ |
| भाग-३ | मौलिक हक र कर्तव्य | ५ |
| भाग-४ | राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व | १४ |
| भाग | राज्यको स्वरूप र राज्यशक्तिको बाँडफाँड | २० |
| भाग-५ | सङ्घीय कार्यपालिका | २० |
| भाग-६ | प्रादेशिक कार्यपालिका | २० |
| भाग-७ | स्थानीय कार्यपालिका | २३ |
| भाग | सङ्घीय व्यवस्थापिका | २४ |
| भाग | प्रदेश व्यवस्थापिका | २४ |
| भाग | स्थानीय व्यवस्थापिका | २८ |
| भाग | विशेष संरचना | २८ |
| भाग | न्यायपालिका | २९ |
| भाग | सङ्घीय व्यवस्थापन कार्यविधि | २९ |
| भाग | प्रदेश व्यवस्थापन कार्यविधि | ३१ |
| भाग | स्थानीय तहको व्यवस्थापनविधि | ३३ |
| भाग | आर्थिक कार्यप्रणाली | ३३ |
| भाग | प्रदेशको आर्थिक कार्यप्रणाली | ३६ |
| भाग | स्थानीय तहको आर्थिक कार्यप्रणाली | ३८ |
| भाग | सङ्घ, प्रदेश, विशेष संरचना र स्थानीय तहबीचको अन्तर सम्बन्ध | ३८ |
| भाग | लोकसेवा आयोग | ४० |
| भाग | निर्वाचन आयोग | ४२ |

भाग अख्तियार दुरूपयोग अनुसन्धान आयोग ........ ४३
भाग लेखापरिक्षण आयोग ........ ४५
भाग राष्ट्रिय मानव अधिकार आयोग ........ ४७
भाग सामाजिक समावेशीकरण आयोग ........ ४९
भाग राष्ट्रिय प्राकृतिक स्रोत आयोग ........ ५१
भाग राष्ट्रिय वित्तीय आयोग ........ ५३
भाग महान्यायाधिवक्ता ........ ५५
भाग-१९ राष्ट्रिय सुरक्षा ........ ५७
भाग-२१ राजनीतिक दल ........ ५८
भाग-२२ सङ्कटकालीन अधिकार ........ ५९
भाग-२३ संविधान संशोधन ........ ६०
भाग संक्रमणकालीन व्यवस्था ........ ६१
भाग विविध ........ ६३
भाग-२६ परिभाषा र व्याख्या ........ ६६
भाग-२७ संक्षिप्त नाम, प्रारम्भ र खारेजी ........ ६७
अनुसूचीहरू ........ ६९

# नेपालको संविधान

## प्रस्तावना

हामी सार्वभौमसत्तासम्पन्न नेपाली जनता;

नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानलाई अक्षुण्ण राख्दै;

लोकतन्त्र, शान्ति, मानवअधिकार र अग्रगामी परिवर्तनका लागि गरिएका ऐतिहासिक सशस्त्र सङ्घर्ष, शान्तिपूर्ण जनआन्दोलन र मधेश आन्दोलन तथा नेपाली जनताको त्याग, बलिदान र शहीदहरूलाई सम्मान गर्दै;

सामन्ती, निरङ्कुश, केन्द्रीकृत, एकात्मक र पितृसत्तात्मक राज्यव्यवस्थाले सृजना गरेका विभेद र उत्पीडनको पीडालाई अनुभूति गर्दै;

बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा क्षेत्रीय विविधतायुक्त विशेषतालाई आत्मसात् गरी विविधता बीचको एकता, सामाजिक-सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण तथा प्रवर्द्धन गर्ने प्रण गर्दै;

जनताको प्रतिस्पर्धात्मक, बहुदलीय, लोकतान्त्रिक, समानुपातिक, समावेशी शासन व्यवस्था, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, प्रेस स्वतन्त्रता, स्वतन्त्र र उत्तरदायी न्यायपालिका तथा कानूनको शासनको अवधारणा लगायतका लोकतान्त्रिक मूल्य र मान्यतालाई अवलम्बन गरी समाजवादको आधार निर्माण गर्न प्रतिबद्ध रहँदै;

राष्ट्रिय अखण्डतालाई अक्षुण्ण राखी जनताको आत्मनिर्णयको अधिकार, स्वायत्तता र स्वशासनको अधिकारलाई आत्मसात् गर्दै;

वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक र वर्णव्यवस्थाजन्य जातपात र छुवाछूत लगायत सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गरी आर्थिक समानता, सम्पन्नता र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक मान्यताको आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गर्दै;

सामन्तवादका सबैखाले अवशेषहरूको अन्त्य गर्दै सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, समृद्धि र विकासको आकांक्षा पूरा गर्न संविधानसभा मार्फत यो संविधान निर्माण गरी जारी भएको घोषणा गर्दछौं ।

# प्रारम्भिक

१. **संविधान मूल कानूनः** (१) यो संविधान नेपालको मूल कानून हो । यस संविधानसँग बाझिने कानून बाझिएको हदसम्म अमान्य हुनेछ ।

(२) यो संविधानको पालना गर्नु र संविधान बमोजिमका दायित्व पूरा गर्नु सबैको कर्तव्य हुनेछ ।

२. **सार्वभौमसत्ता र राजकीयसत्ताः** (१) नेपालको सार्वभौमसत्ता र राजकीयसत्ता नेपाली जनतामा निहित रहेकोछ ।

(२) नेपाली जनताले नेपालको सार्वभौमसत्ता र राजकीयसत्ताको प्रयोग यो संविधानमा व्यवस्था भएबमोजिम गर्नेछन् ।

३. **राष्ट्रः** बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विशेषतायुक्त, समान आकाङ्क्षा र नेपालको राष्ट्रिय स्वतन्त्रता, अखण्डता, राष्ट्रिय हित तथा समृद्धिप्रति आस्थावान् रही एकताको सूत्रमा आबद्ध सबै नेपाली जनता समष्टि रूपमा राष्ट्र हो ।

४. **नेपाल राज्यः** (१) नेपाल स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्तासम्पन्न, धर्मनिरपेक्ष, समावेशी, लोकतन्त्रात्मक, समाजवादउन्मुख, गणतन्त्रात्मक, बहुजातीय राज्य हो जसलाई संक्षिप्तमा नेपाल भनिनेछ ।

(२) नेपाल भित्र अनुसूची-१ बमोजिमका प्रदेशहरू रहनेछन् ।

(३) नेपालको क्षेत्र देहाय बमोजिम हुनेछ :-

(क) यो संविधान प्रारम्भ हुँदाका बखतको क्षेत्र, र

(ख) यो संविधान प्रारम्भ भएपछि प्राप्त हुने क्षेत्र ।

५. **राष्ट्रिय हितः** (१) सार्वभौमसत्ता, राष्ट्रिय अखण्डता र राष्ट्रिय स्वाधीनताको रक्षा, राष्ट्रको स्वतन्त्रता, राष्ट्रिय एकता, सबै नेपालीको हक, हित र स्वाभिमानको संरक्षण, राष्ट्रिय एकता, सामाजिक तथा सांस्कृतिक सामञ्जस्यता, समानुपातिक र समावेशी बहुदलीय लोकतान्त्रिक सङ्घीय गणतन्त्रात्मक राजनीतिक व्यवस्था, आर्थिक समुन्नति र सम्वृद्धि, विभिन्न जात जाति, धर्म, वर्ग र समूहका बीचमा सामाजिक सदभाव कायम राखी विभेदरहित, समतामूलक समाजको निर्माण गर्नु, नेपाली श्रम र पुँजीको संरक्षण, खाद्य सुरक्षा, ऊर्जा सुरक्षा र स्वच्छ पानीको संरक्षण गर्नु नेपालको राष्ट्रिय हितका आधारभूत विषयहरू हुनेछन् ।

(२) नेपालको सार्वभौमसत्ता र अखण्डतामा वा विभिन्न जातजाति, धर्म वा सम्प्रदायहरूका वीचको सुसम्बन्धमा खलल पर्ने, देशको गोप्य तथा संवेदनशील सूचनाहरू अनधिकृत व्यक्ति वा संस्थालाई चुहावट गर्ने राष्ट्र हित प्रतिकूलको कार्य प्रचलित कानूनबमोजिम दण्डनीय हुनेछ ।

(३) राष्ट्रिय हित र मर्यादा विपरीत गरिने कूटनीतिक आचरण र कार्यहरू प्रचलित कानूनबमोजिम दण्डनीय हुनेछ ै।

६. **राष्ट्रभाषाः** नेपालमा बोलिने सबै मातृभाषाहरू नेपालका राष्ट्रभाषा हुन् ।

७. **सरकारी कामकाजको भाषाः** (१) नेपालमा सरकारी कामकाजको भाषा बहुभाषिक नीति अनुरूप हुनेछ ।

(२) उपधारा (१) मा उल्लिखित मान्यताको आधारमा सङ्घीय सरकारको सरकारी कामकाजको भाषा देवनागरी लिपिमा नेपाली भाषा हुने छ र संविधानको धारा ... बमोजिमको भाषा आयोगले सूचीकृत गरेका अन्य नेपाली भाषाहरूले पनि सरकारी कामकाजको भाषाको रूपमा मान्यता पाउने छन् ।

(३) सङ्घीय सरकारको सरकारी कामकाजको भाषा र प्रदेशसभाले कानूनद्वारा निर्धारण गरे बमोजम प्रदेश भित्र बोलिने एक वा एकभन्दा बढी राष्ट्रभाषा प्रदेश सरकारको सरकारी कामकाजको भाषा हुनेछ ।

(४) उपधारा (२) मा उल्लिखित भाषाका अतिरिक्त प्रदेशसभाले कानूनद्वारा निर्धारण गरे बमोजमको अन्य भाषा स्थानीय सरकारको सरकारी कामकाजको भाषा हुनेछ ।

(५) उपधारा (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि सार्वजनिक सेवा प्राप्त गर्न आफ्नो मातृभाषाको प्रयोगमा कसैलाई बाधा पु-याएको मानिने छैन ।

स्पष्टीकरणः यस उपधारा बमोजिम मातृभाषामा प्राप्त लिखत, कागजात इत्यादि सम्बन्धित निकायले सङ्घीय सरकारको सरकारी कामकाजको भाषामा अनुवाद गरी राख्नेछ ।

८. **सङ्घीय सरकार र प्रदेश सरकार तथा प्रदेश सरकारहरू बीचको सरकारी कामकाजको भाषाः**

(१) सङ्घीय सरकार र प्रदेश सरकारबीचको सरकारी कामकाजको भाषा सङ्घीय सरकारको सरारी कामकाजको भाषा हुनेछ ।

तर, प्रदेश आफ्नो प्रदेशभित्र सरकारी कामकाजको भाषाको रूपमा तोकेको भाषामध्ये कुनै एक भाषामा सङ्घीय सरकारसँग सरकारी कामकाज गर्न सक्नेछ ।

(२) प्रदेश सरकारहरू बीच सङ्घीय सरकारको सरकारी कामकाजको भाषा र आपसी सहमतिका आधारमा निर्धारण भएको अन्य कुनै भाषा सरकारी कामकाजको भाषा हुन सक्नेछ ।

९. **अदालती काम कारवाही तथा आधिकारिक लिखतको भाषाः** (१) अदालती काम कारवाहीको भाषा सङ्घीय सरकारको सरकारी कामकाजको भाषा हुनेछ ।

(२) एकै पटक एकभन्दा बढी भाषामा तयार भएको लिखत आदिको आधिकारिकताको विषयमा कुनै विवाद उत्पन्न भएमा देवनागरी लिपिको नेपाली भाषामा तयार गरिएको लिखतले मान्यता पाउनेछ ।

१०. **राष्ट्रिय झण्डाः** (१) सिम्रिक रङ्गको भुइँ र गाढा नीलो रङ्गको किनारा भएको दुई त्रिकोण अलिकति जोडिएको, माथिल्लो भागमा खुर्पे चन्द्रको बीचमा सोह्रमा आठ कोण देखिने सेतो आकार र तल्लो भागमा बाह्र कोणयुक्त सूर्यको सेतो आकार अङ्कित भएको, परम्परागत झण्डा नेपालको राष्ट्रिय झण्डा हो ।

(२) नेपालको राष्ट्रिय झण्डा बनाउने तरिका र तत्सम्बन्धी अरू विवरण अनुसूची-२ मा उल्लेख भएबमोजिम हुनेछ ।

११. **राष्ट्रिय गान र निशाना छापः** (१) नेपालको राष्ट्रिय गान अनुसूची-३ मा उल्लेख भएबमोजिम हुनेछ ।

(२) नेपालको निशाना छाप अनुसूची-४ मा उल्लेख भएबमोजिम हुनेछ । सो निशाना छाप आवश्यकता अनुसार ठूलो वा सानो आकारको बनाउन सकिनेछ र त्यसमा नेपाल सरकारबाट निर्धारित रङ्गको प्रयोग हुनेछ ।

भाग-२

# नागरिकता

१२. **नागरिकताबाट वञ्चित नगरिनेः** कुनै पनि नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकबाट वञ्चित गरिने छैन ।

१३. **एकल सङ्घीय नागरिकताको व्यवस्थाः** नेपालमा प्रादेशिक पहिचानसहितको एकल सङ्घीय नागरिकताको व्यवस्था गरिने छ ।

१४. **नेपालको नागरिक ठहर्नेः** नेपालमा स्थायी बसोबास भएको देहायको व्यक्ति यो संविधान बमोजिम नेपालको नागरिक ठहर्नेछ –

(क) यो संविधान प्रारम्भ हुँदाका बखत नेपालको नागरिकता प्राप्त व्यक्ति,

(ख) यो संविधान प्रारम्भ भएपछि नेपालको नागरिकता प्राप्त व्यक्ति,

(ग) धारा १५ बमोजिम नेपालको नागरिकता प्राप्त गर्न योग्य व्यक्ति ।

**१५. वंशजको आधारमा नागरिकताः** (१) नेपालमा स्थायी बसोबास भएको देहायको व्यक्तिलाई वंशजको आधारमा नेपालको नागरिकता प्रदान गरिनेछ -

(क) कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको आमा र बाबु नेपाली नागरिक रहेछ भने त्यस्तो व्यक्ति,

(ख) विदेशी नागरिकसँग विवाह भएका नेपाली नागरिकबाट नेपालमा जन्म भई नेपालमा नै स्थायी बसोवास गरेको र आमा वा बाबुको नागरिकताको आधारमा विदेशी मुलुकको नागरिकता प्राप्त नगरेको व्यक्तिले नागरिकता प्राप्त गर्दाका बखत निजका आमा र बाबु दुबै नेपाली नागरिक रहेछन् भने त्यस्तो व्यक्ति ।

(२) नेपालभित्र फेला परेको आमा बाबुको ठेगान नभएको प्रत्येक नाबालक नाबालिका निजको आमा वा बाबु पत्ता नलागेसम्म वंशजको आधारमा नेपाली नागरिक ठहर्नेछ ।

(३) नेपाली नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरेको र बाबुको पहिचान नभएको व्यक्तिलााई वंशजको आधारमा नेपाली नागरिकता प्रदान गरिनेछ ।

तर, बाबु विदेशी नागरिक भएको प्रमाणित भएमा त्यस्तो व्यक्तिको नागरिकता स्वतः अङ्गीकृत नागरिकतामा परिणत हुनेछ ।

**१६. अङ्गीकृत नागरिकता सम्बन्धी व्यवस्थाः** (१) यो संविधान प्रारम्भ भएपछि नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध भएका विदेशीले चाहेमा नेपालमा कानूनी रूपमा कम्तिमा पन्ध्र वर्ष बसोबास गरेको र विदेशी मुलुकको नागरिकता त्याग गरेपछि प्रचलित कानूनबमोजिम नेपालको अङ्गीकृत नागरिकता प्राप्त गर्न सक्नेछ ।

तर, नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम भएका विदेशी महिलाले नेपाली नागरिकता लिन चाहेमा विदेशी मुलुकको नागरिकता त्याग्ने कारवाही चलाएपछि निजलाई नेपालको अङ्गीकृत नागरिकता प्रदान गर्न सकिनेछ ।

(२) विदेशी नागरिकसँग विवाह भएका नेपाली नागरिकबाट नेपालमा जन्म भई नेपालमा नै स्थायी बसोवास गरेको र आमा वा बाबुको नागरिकताको आधारमा विदेशी मुलुकको नागरिकता प्राप्त नगरेको व्यक्तिले प्रचलित कानूनबमोजिम नेपालको अङ्गीकृत नागरिकता प्राप्त गर्न सक्नेछ ।

(३) नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरेका विदेशी नागरिक तथा त्यस्ता दम्पतीबाट जन्मेका सन्तानहरूको विवरण प्रचलित कानूनबमोजिम अद्यावधिक गरिनेछ ।

(४) यो संविधान प्रारम्भ भएपछि नेपालको आर्थिक वा सामाजिक उन्नतिमा विशेष योगदान पुऱ्याएका विदेशीलाई अन्य कुराका अतिरिक्त देहायका शर्त र अवस्था पूरा गरेको आधारमा प्रचलित कानूनबमोजिम नेपालको अङ्गीकृत नागरिकता प्रदान गर्न सकिने छ ।

(क) नेपाली वा नेपालमा प्रचलित अन्य कुनै भाषा बोल्न र लेख्न जानेको,

(ख) नेपालमा कुनै व्यवसाय गरीबसेको,

(ग) अन्य मुलुकको नागरिकता त्यागेको,

(घ) नेपालमा कानूनी रूपमा कम्तिमा पन्ध्र वर्ष बसोबास गरेको,

(ङ) नेपाली नागरिकलाई अङ्गीकृत नागरिकता दिने कानूनी व्यवस्था वा प्रचलन भएको मुलुकको नागरिक भएको,

(च) असल चाल चलन भएको ।

(५) उपधारा (४) बमोजिम प्रदान गरिएको नेपालको अङ्गीकृत नागरिकता सम्बन्धी विवरण सङ्घीय व्यवस्थापिका-संसद समक्ष प्रस्तुत गर्नु पर्नेछ ।

**१७. क्षेत्र गाभिंदाको नागरिकताः** नेपालभित्र गाभिने गरी कुनै क्षेत्र प्राप्त भएमा त्यस्तो क्षेत्रभित्र बसोवास भएको व्यक्ति प्रचलित कानूनको अधीनमा रही नेपालको नागरिक हुनेछ ।

१८. **नेपालको सम्मानार्थ नागरिकताः** अन्तर्राष्ट्रिय ख्यातिप्राप्त व्यक्तिलाई नेपालको सम्मानार्थ नागरिकता प्रदान गर्न सकिने छ ।

१९. **नागरिकता कायम नरहनेः** (१) देहायको अवस्थामा कुनै पनि व्यक्तिको नेपाली नागरिकता कायम रहने छैन–

(क) निजले स्वेच्छाले नेपालको नागरिकता परित्याग गरेमा,

(ख) निजले विदेशी मुलुकको नागरिकता प्राप्त गरेमा,

(२) नेपाली नागरिकता प्राप्त गर्न योग्यता पुगेको कुनै व्यक्ति अन्य मुलुकको पनि नागरिकता प्राप्त गर्न योग्य रहेछ भने त्यस्तो व्यक्तिले नागरिकता प्रमाणपत्र लिन योग्यता पुगेको दुई वर्षभित्र नेपालको नागरिकता नलिएमा त्यस्तो व्यक्तिलाई नेपालको नागरिकता प्रदान गरिने छैन ।

२०. **नागरिकताको पुनः प्राप्तिः** नेपालको नागरिकता त्याग गरी विदेशी मुलुकको नागरिकता लिएका व्यक्तिले पुनः नेपालमा फर्की कम्तिमा पाँच वर्ष बसोबास गरी विदेशी मुलुकको नागरिकता त्याग गरेमा पहिले जुन किसिमको नेपालको नागरिकता प्रदान गरिएको हो निजलाई सोही किसिमको नागरिकता प्रदान गर्न सकिनेछ ।

तर धारा १६ को उपधारा (४) बमोजिम नेपालको अङ्गीकृत नागरिकता प्राप्त गर्ने व्यक्तिलाई यो धारा बमोजिम नागरिकता पुनः दिइने छैन ।

२१. **वंशीय आधार तथा लैङ्गिक पहिचानसहितको नागरिकताः** प्रत्येक नागरिकलाई निजको आमा वा बाबुको वंशको आधारमा लैङ्गिक पहिचानसहितको नेपालको नागरिकताको प्रमाणपत्र प्रदान गरिनेछ ।

२२. **झूटो विवरण दिई वा पटक–पटक नागरिकता लिन दिन नहुनेः** कसैले झूटो विवरण दिई वा एकपटकभन्दा बढी नेपालको नागरिकता लिन दिन हुँदैन । त्यस्तो कार्य प्रचलित कानूनबमोजिम दण्डनीय हुनेछ ।

तर नागरिकता प्रमाणपत्रमा उल्लिखित लेखाइ वा छपाइका सामान्य त्रुटि प्रमाणका आधारमा सच्याउन वा नागरिकताको प्रमाणपत्रको प्रतिलिपि लिन दिन यस धाराले रोक लगाएको मानिने छैन ।

**स्पष्टीकरणः** नागरिकता सम्बन्धी अभिलेखमा रहेका नाम, थर, ठेगाना जस्ता विषयमा रहेका लेखाइ वा छपाइसम्बन्धी सामान्य त्रुटिलाई यस धाराको प्रयोजनका लागि झूटो विवरण मानिने छैन ।

२३. **नागरिकताको प्रमाणपत्र रद्द हुनेः** कुनै गैर नेपाली नागरिकले नेपालको नागरिकता लिएको छ भन्ने शंका लागेमा त्यस्तो व्यक्तिको नागरिकताको प्रमाणपत्र उपर प्रचलित कानूनबमोजिम छानबिन गरी नागरिकताको प्रमाणपत्र रद्द गर्न सकिने छ ।

२४. **नागरिकता सम्बन्धी अन्य व्यवस्थाः** नागरिकतासम्बन्धी अन्य व्यवस्था प्रचलित कानूनबमोजिम हुनेछ ।

भाग–३

# मौलिक हक र कर्तव्य

२५. **सम्मानपूर्वक बाँच्न पाउने हकः** (१) प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ ।

(२) कसैलाई पनि मृत्युदण्डको सजाय हुने गरी कुनै कानून बनाइने छैन ।

२६. **स्वतन्त्रताको हकः** (१) कानूनबमोजिम बाहेक कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रता अपहरण हुने छैन ।

(२) प्रत्येक नागरिकलाई देहायको स्वतन्त्रता हुनेछ :

(क) विचार र अभिव्यक्तिको स्वतन्त्रता,

(ख) विना हातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता,

(ग) सङ्घ संस्था खोल्ने स्वतन्त्रता,

(घ) राजनीतिक दल खोल्ने स्वतन्त्रता,

(ङ) नेपालको कुनै पनि भागमा आवतजावत र बसोवास गर्ने स्वतन्त्रता,

(च) कुनै पेशा, रोजगार, उद्योग, व्यापार र व्यवसाय गर्ने स्वतन्त्रता ।

तर,

(१) खण्ड (क) को कुनै कुराले नेपालको राष्ट्रियता, सार्वभौमसत्ता, स्वाधीनता र अखण्डतामा वा सङ्घीय इकाइबीचको सु-सम्बन्धमा वा विभिन्न जात, जाति, धर्म, सम्प्रदायबीचको सु-सम्बन्धमा खलल पर्ने वा जातीय भेदभाव वा छुवाछूतलाई दुरूत्साहन गर्ने वा गाली बेइज्जती, अदालतको अवहेलना हुने वा अपराधको दुरूत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार, नैतिकता प्रतिकूल हुने कार्यमा मनासिब प्रतिबन्ध लगाउने गरी ऐन बनाउन रोक लगाएको मानिने छैन ।

(२) खण्ड (ख) को कुनै कुराले नेपालको राष्ट्रियता, सार्वभौमसत्ता, स्वाधीनता र अखण्डतामा वा सङ्घीय इकाइबीचको सु-सम्बन्धमा वा सार्वजनिक शान्ति र व्यवस्थामा खलल पर्ने कार्यमा मनासिब प्रतिबन्ध लगाउने गरी ऐन बनाउन रोक लगाएको मानिने छैन ।

(३) खण्ड (ग) को कुनै कुराले नेपालको राष्ट्रियता, सार्वभौमसत्ता, स्वाधीनता र अखण्डतामा खलल पर्ने वा राष्ट्रको विरूद्ध जासुसी गर्ने वा राष्ट्रिय गोप्यता भङ्ग गर्ने वा नेपालको बाह्य सुरक्षामा आँच पुऱ्याउने गरी कुनै विदेशी राज्य, सङ्गठन वा प्रतिनिधिलाई सहयोग गर्ने वा राज्यद्रोह गर्ने वा सङ्घीय इकाइबीचको सु-सम्बन्धमा खलल पर्ने वा जातीय वा साम्प्रदायिक विद्वेष फैलाउने वा विभिन्न जात, जाति, धर्म र सम्प्रदायबीचको सु-सम्बन्धमा खलल पर्ने वा हिंसात्मक कार्य गर्न दुरूत्साहन गर्ने वा सार्वजनिक नैतिकताको प्रतिकूल हुने कार्यमा मनासिब प्रतिबन्ध लगाउने गरी ऐन बनाउन रोक लगाएको मानिने छैन ।

(४) खण्ड (घ) को कुनै कुराले नेपालको राष्ट्रियता, सार्वभौमसत्ता, स्वाधीनता र अखण्डतामा खलल पर्ने वा राष्ट्रको विरूद्ध जासुसी गर्ने वा राष्ट्रिय गोप्यता भङ्ग गर्ने वा नेपालको बाह्य सुरक्षामा आँच पुऱ्याउने गरी कुनै विदेशी राज्य, सङ्गठन वा प्रतिनिधिलाई सहयोग गर्ने वा राज्यद्रोह गर्ने वा सङ्घीय इकाइबीचको सुसम्बन्धमा खलल पर्ने वा जातीय वा साम्प्रदायिक विद्वेष फैलाउने वा विभिन्न जात, जाति, धर्म र सम्प्रदायबीचको सु-सम्बन्धमा खलल पर्ने वा जाति, भाषा, धर्म, सम्प्रदाय वा लिङ्गको आधारमा कुनै राजनीतिक दलको सदस्यता प्राप्त गर्न नागरिकलाई जातीय, भाषिक, धार्मिक, साम्प्रदायिक वा लैङ्गिक आधारमा बन्देज लगाउने वा नागरिकहरूबीच विभेद गर्ने गरी राजनीतिक दल गठन गर्न वा हिंसात्मक कार्य गर्न दुरूत्साहन गर्ने वा सार्वजनिक नैतिकताको प्रतिकूल हुने कार्यमा मनासिब प्रतिबन्ध लगाउने गरी ऐन बनाउन रोक लगाएको मानिने छैन ।

(५) खण्ड (ङ) को कुनै कुराले सर्वसाधारण जनताको हितमा वा सङ्घीय इकाइबीचको सु-सम्बन्धमा वा विभिन्न जात, जाति, धर्म वा सम्प्रदायहरूका बीचको सम्बन्धमा खलल पर्ने वा हिंसात्मक कार्य वा अपराध गर्ने तथा त्यसको दुरूत्साहन गर्ने कार्यमा मनासिब प्रतिबन्ध लगाउने गरी ऐन बनाउन रोक लगाएको मानिने छैन ।

(६) खण्ड (च) को कुनै कुराले सङ्घीय इकाइबीचको सु-सम्बन्धमा खलल पुऱ्याउने कार्य वा सर्वसाधारण जनताको सार्वजनिक स्वास्थ्य, शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने कार्यमा रोक लगाउने वा कुनै खास उद्योग, व्यापार वा सेवा राज्यले मात्र सञ्चालन गर्न पाउने वा कुनै उद्योग, व्यापार, पेशा, रोजगार वा व्यवसाय गर्नका लागि कुनै शर्त वा योग्यता तोक्ने गरी ऐन बनाउन रोक लगाएको मानिने छैन ।

२७. **समानताको हकः** (१) सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन् । कसैलाई पनि कानूनको समान संरक्षण र लाभबाट वञ्चित गरिने छैन ।

(२) सामान्य कानूनको प्रयोगमा कुनै पनि नागरिकमाथि धर्म, वर्ण, जात, जाति, लिङ्ग, *(यौनिक अभिमुखीकरण, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्यस्थिति, वैवाहिकस्थिति, गर्भावस्था, आर्थिक अवस्था,)* उत्पत्ति, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन ।

(३) राज्यले नागरिकहरूका बीच धर्म, वर्ण, जात, जाति, लिङ्ग, यौनिक अभिमुखीकरण, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्यस्थिति, वैवाहिकस्थिति, गर्भावस्था, आर्थिक अवस्था, उत्पत्ति, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्ने छैन ।

तर, आर्थिक, सामाजिक, सांस्कृतिक वा शैक्षिक, दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, जनजाति, मधेशी, किसान, मजदुर, उत्पीडितक्षेत्र, मुस्लिम, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तकृत, लोपोन्मुख समुदाय वा विपन्न वर्ग, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, अशक्त वा असहाय नागरिकको संरक्षण, सशक्तिकरण वा विकासको लागि कानूनद्वारा विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन ।

**स्पष्टीकरणः** यस भाग तथा भाग ४ को प्रयोजनका लागि "विपन्न वर्ग" भन्नाले गरीबीको रेखाभन्दा मुनिका नागरिकहरूलाई जनाउँछ ।

(४) समान कामका लागि लैङ्गिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा कुनै भेदभाव गरिने छैन ।

(५) पैत्रृक सम्पतिमा विना लैङ्गिक भेदभाव सबै सन्तानको समान हक हुनेछ ।

२८. **आमसञ्चार सम्बन्धी हकः** (१) विद्युतीय प्रकाशन, प्रसारण तथा छापा लगायतका अन्य जुनसुकै माध्यमबाट कुनै समाचार, सम्पादकीय, लेख, रचना वा अन्य कुनै पाठ्य, श्रव्य, श्रव्यदृश्य सामग्रीको प्रकाशन तथा प्रसारण गर्न वा सूचना प्रवाह गर्न वा छाप्न पूर्वप्रतिबन्ध लगाइने छैन ।

तर, नेपालको राष्ट्रियता, सार्वभौमसत्ता वा स्वाधीनता वा अखण्डता वा सङ्घीय इकाइबीचको सु-सम्बन्धमा खलल पर्ने वा विभिन्न जात, जाति वा सम्प्रदाय बीचको सु-सम्बन्धमा खलल पर्ने, राज्यद्रोह, झूटो सामग्रीप्रकाशन वा प्रसारणद्वारा व्यक्तिको सामाजिक मर्यादामा आँच पुऱ्याउने वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरूत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार, नैतिकता प्रतिकूल र छुवाछूत एवं जातीय तथा लैङ्गिक भेदभावलाई दुरूत्साहन गर्ने कार्यमा मनासिब प्रतिबन्ध लगाउने गरी ऐन बनाउन रोक लगाएको मानिने छैन ।

(२) कुनै श्रव्य, श्रव्यदृश्य वा विद्युतीय उपकरणको माध्यमबाट कुनै सामग्रीको प्रकाशन तथा प्रसारण गरे वा छापे बापत त्यस्तो सामग्रीप्रकाशन तथा प्रसारण गर्ने वा छाप्ने, रेडियो, टेलिभिजन, अनलाइन वा अन्य कुनै किसिमको डिजिटल वा विद्युतीय, छापा वा अन्य सञ्चार माध्यमलाई बन्द, जफत वा दर्ता खारेज गरिने छैन ।

(३) कुनै समाचार लेख, सम्पादकीय, रचना, सूचना वा अन्य कुनै सामग्री मुद्रण वा प्रकाशन गरे बापत कुनै समाचारपत्र, पत्रिका वा छापाखाना बन्द, जफत वा दर्ता खारेज गरिने छैन । त्यस्तो कार्य कानूनबमोजिम दण्डनीय हुनेछ र त्यस्तो कार्यबाट पीडित व्यक्तिलाई उचित क्षतिपूर्ति पाउने हक हुनेछ ।

(४) प्रचलित कानूनबमोजिम बाहेक कुनै छापा, विद्युतीय प्रसारण तथा टेलिफोन लगायतका सञ्चार साधनलाई अवरूद्ध गरिने छैन ।

२९. **न्याय सम्बन्धी हकः** (१) कुनै पनि व्यक्तिलाई पक्राउ भएको कारणसहितको सूचना नदिई थुनामा राखिने छैन ।

(२) पक्राउमा परेका व्यक्तिलाई पक्राउ परेको समयदेखि नै आफूले रोजेको कानून व्यवसायीसँग सल्लाह लिन पाउने हक हुनेछ । त्यस्तो व्यक्तिले आफ्नो कानून व्यवसायीसँग गरेको परामर्श र निजले दिएको

सल्लाह गोप्य रहनेछ र त्यस्तो व्यक्तिलाई आफ्नो कानून व्यवसायीद्वारा पुर्पक्ष गर्ने हकबाट वञ्चित गरिने छैन ।

तर, निवारक नजरबन्दमा रहेको (गैरनेपाली नागरिक) र शत्रुराज्यको नागरिकको हकमा यो उपधारा लागू हुने छैन ।

**स्पष्टीकरणः** यस उपधाराको प्रयोजनको लागि "कानून व्यवसायी" भन्नाले कुनै अदालतमा कुनै व्यक्तिको प्रतिनिधित्व गर्न कानूनले अधिकार दिएको व्यक्तिलाई जनाउनेछ ।

(३) पक्राउ गरिएको व्यक्तिलाई पक्राउ भएको समय तथा स्थानबाट बाटोको म्याद बाहेक चौबीस घण्टाभित्र मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराउनु पर्नेछ र त्यस्तो अधिकारीबाट आदेश भएमा बाहेक पक्राउ भएका व्यक्तिलाई थुनामा राखिने छैन ।

तर, निवारक नजरबन्दमा राखिएको व्यक्ति र शत्रुराज्यको नागरिकको हकमा यो उपधारा लागू हुने छैन ।

(४) तत्काल प्रचलित कानूनबमोजिम सजाय नहुने कुनै काम गरेबापत कुनै व्यक्ति सजायको भागी हुने छैन र कुनै पनि व्यक्तिलाई कसूर गर्दाको अवस्थामा प्रचलित कानूनमा तोकिएभन्दा बढी सजाय दिइने छैन । तर यो संविधान जारी भएपछि घटित ............ बाधा पुऱ्याएको मानिने छैन ।

(५) कुनै अभियोग लगाइएको व्यक्तिलाई निजले गरेको कसूर प्रमाणित नभएसम्म कसूरदार मानिने छैन ।

(६) कुनै पनि व्यक्तिविरूद्ध अदालतमा एकै कसूरमा एक पटकभन्दा बढी मुद्दा चलाइने र सजाय दिइने छैन ।

(७) कुनै कसूरको अभियोग लागेको व्यक्तिलाई आफ्नोविरूद्ध साक्षी हुन कर लगाइने छैन ।

(८) प्रत्येक व्यक्तिलाई निजविरूद्ध गरिएको कारबाहीको जानकारी पाउने हक हुनेछ ।

(९) प्रत्येक व्यक्तिलाई निष्पक्ष, स्वतन्त्र र सक्षम अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनुवाइको हक हुनेछ ।

(१०) असमर्थ पक्षलाई प्रचलित कानूनबमोजिम निःशुल्क कानूनी सहायता पाउने हक हुनेछ ।

३०. **अपराध पीडितको हकः** (१) अपराध पीडितलाई आफू पीडित भएको मुद्दाको अनुसन्धान तहकिकात तथा कारवाही सम्बन्धी जानकारी पाउने हक हुनेछ ।

(२) अपराध पीडितलाई प्रचलित कानूनबमोजिम सामाजिक पुनर्स्थापना र क्षतिपूर्ति पाउने हक हुनेछ ।

३१. **यातना विरूद्धको हकः** (१) अनुसन्धान, तहकिकात वा पुर्पक्षको सिलसिलामा वा अरू कुनै किसिमले थुनामा रहेको कुनै पनि व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिइने वा निजसँग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गरिने छैन ।

(२) उपधारा (१) बमोजिमको कार्य प्रचलित कानूनबमोजिम दण्डनीय हुनेछ र त्यस्तो व्यवहारबाट पीडित व्यक्तिलाई प्रचलित कानूनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

३२. **निवारक नजरबन्द विरूद्धको हकः** (१) नेपालको सार्वभौमसत्ता, स्वाधीनता र अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पर्ने पर्याप्त आधार नभई कसैलाई पनि निवारक नजरबन्दमा राखिने छैन ।

(२) उपधारा (१) बमोजिम निवारक नजरवन्दमा रहेको व्यक्तिको स्थितिको बारेमा निजका परिवारका सदस्य वा आफन्तलाई जानकारी दिनुपर्नेछ ।

तर, शत्रुराज्यका नागरिकको हकमा यो उपधारा लागू हुने छैन ।

(३) निवारक नजरबन्द राख्ने अधिकारीले कानून विपरीत वा बदनियतपूर्वक कुनै व्यक्तिलाई नजरबन्द राखेमा त्यस्ता व्यक्तिलाई प्रचलित कानूनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

३३. **छुवाछूत तथा भेदभाव विरूद्धको हकः** (१) कुनै पनि व्यक्तिलाई जात, जाति, उत्पत्ति, समुदाय, पेशा वा शारीरिक अवस्थाका आधारमा कुनैपनि स्थानमा कुनै प्रकारको छुवाछूत वा भेदभाव गरिने छैन ।

(२) कुनै वस्तु, सेवा वा सुविधा उत्पादन वा वितरण गर्दा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात, जातिको व्यक्तिलाई खरीद वा प्राप्त गर्नबाट रोक लगाउन वा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात, जातिको व्यक्तिलाई मात्र बिक्री वितरण वा प्रदान गरिने छैन ।

(३) कुनै जात, जाति, उत्पत्ति वा शारीरिक अवस्थाका व्यक्ति वा समुदायलाई उच वा नीच दर्शाउने, जात, जाति वा छुवाछूतका आधारमा सामाजिक विभेदलाई न्यायोचित ठहराउने वा छुवाछूत तथा जातीय उच्चता वा घृणामा आधारित विचारको प्रचार-प्रसार गर्ने वा जातीय विभेदलाई कुनै पनि किसिमले प्रोत्साहन गर्न पाइने छैन ।

(४) जातीय आधारमा छुवाछूत गरी वा नगरी तथा कुनै व्यक्तिलाई निजको इच्छा विपरीत काममा लगाउन वा कार्यस्थलमा कुनै प्रकारको विभेद गर्न पाइने छैन ।

(५) छुवाछूत तथा भेदभावजन्य सबै प्रकारका कार्य सामाजिक अपराधको रूपमा प्रचलित कानूनबमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित व्यक्तिलाई प्रचलित कानूनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

३४. **सम्पत्ति सम्बन्धी हकः** (१) प्रत्येक नागरिकलाई प्रचलित कानूनको अधीनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने, व्यावसायिक लाभ प्राप्त गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हक हुनेछ ।

(२) प्रगतिशील करको मान्यता अनुरूप राज्यले व्यक्तिको सम्पत्तिमा आवश्यकता अनुसार कर लगाउन सक्नेछ ।

(३) सार्वजनिक हितको लागि बाहेक राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण गर्ने, प्राप्त गर्ने वा त्यस्तो सम्पत्ति उपर अरू कुनै प्रकारले कुनै अधिकारको सिर्जना गर्ने छैन ।

तर, कुनै पनि व्यक्तिले गैरकानूनी रूपले आर्जन गरेको सम्पत्तिको हकमा यो उपधारा लागू हुने छैन ।

(४) वैज्ञानिक भूमिसुधारको प्रयोजनको लागि भूमिहीन किसान तथा सुकुम्बासीहरूलाई वितरण गर्न जमीन अधिग्रहण गर्दा वा उपधारा (३) बमोजिम सार्वजनिक हितको लागि राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण वा प्राप्त गर्दा वा त्यस्तो सम्पत्तिउपर कुनै अधिकारको सिर्जना गर्दा प्रचलित कानूनबमोजिम क्षतिपूर्ति दिइनेछ ।

(५) भूमिको उत्पादन र उत्पादकत्व वृद्धि गर्न, कृषिको आधुनिकीकरण र व्यावसायिकरण गर्न, वातावरण संरक्षण, व्यवस्थित आवास तथा शहरीविकास गर्न राज्यले कानून बनाई भूमिको नियमन र व्यवस्थापन गर्न सक्नेछ ।

३५. **धार्मिक स्वतन्त्रताको हकः** (१) प्रत्येक व्यक्तिलाई आफ्नो आस्था अनुसार धर्मको अवलम्बन, अभ्यास र संरक्षण गर्ने तथा कुनै धर्मबाट अलग रहने स्वतन्त्रता हुनेछ ।

तर, कसैले पनि सार्वजनिक स्वास्थ्य, शिष्टाचार र नैतिकता प्रतिकूल हुने वा सार्वजनिक शान्ति भङ्ग गर्ने क्रियाकलाप गर्न गराउन वा कसैको धर्मपरिवर्तन गराउन वा अर्काको धर्ममा खलल पर्ने कुनै काम वा व्यवहार गर्न गराउन पाउने छैन ।

(२) प्रत्येक धार्मिक सम्प्रदायलाई प्रचलित कानूनबमोजिम आफ्नो स्वतन्त्र अस्तित्व कायम राखी आफ्नो धार्मिकस्थल र धार्मिक गुठीको सञ्चालन र संरक्षण गर्ने हक हुनेछ ।

३६. **सूचनाको हकः** प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र प्राप्त गर्ने हक हुनेछ ।

तर, प्रचलित कानूनबमोजिम गोप्य राख्नु पर्ने सूचनाको जानकारी दिन कसैलाई कर लगाएको मानिने छैन ।

३७. **गोपनीयताको हकः** कुनै पनि व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखत, तथ्याङ्क, पत्राचार, चरित्रसम्बन्धी कुराहरूको गोपनीयता प्रचलित कानूनबमोजिम तोकिएको अवस्थामा बाहेक अनतिक्रम्य हुनेछ ।

३८. **शोषण विरूद्धको हकः** (१) प्रत्येक व्यक्तिलाई शोषणविरूद्धको हक हुनेछ ।

(२) धर्म, प्रथा, परम्परा, संस्कार, प्रचलन वा अन्य कुनै आधारमा कुनै पनि व्यक्तिलाई कुनै किसिमले शोषण गर्न पाइने छैन ।

(३) मानिसलाई बेच-बिखन गर्न, दास वा बाँधा बनाउन पाइने छैन । त्यस्तो कार्य प्रचलित कानूनबमोजिम दण्डनीय हुनेछ र पीडितलाई पीडकबाट प्रचलित कानूनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

(४) कसैलाई पनि निजको इच्छाविरूद्ध काममा लगाउन पाइने छैन ।

तर, यस उपधारामा उल्लिखित व्यवस्थाले सार्वजनिक प्रयोजनको लागि नागरिकलाई अनिवार्य सेवामा लगाउन सकिने गरी ऐन बनाउन रोक लगाएको मानिने छैन ।

३९. **वातावरण सम्बन्धी हकः** (१) प्रत्येक व्यक्तिलाई स्वस्थ, स्वच्छ र दिगो वातावरणमा बाँच्न पाउने हक हुनेछ ।

(२) प्रत्येक व्यक्तिलाई जलवायु परिवर्तनका दुष्प्रभावबाट सुरक्षित रहन पाउने अनुकूलनको हक हुनेछ ।

(३) वातावरणीय प्रदूषण वा ऱ्हासबाट हुने क्षतिबापत पीडितलाई प्रचलित कानूनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

४०. **शिक्षा सम्बन्धी हकः** (१) प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ ।

(२) प्रत्येक नागरिकलाई प्राथमिक तह अनिवार्य र माध्यमिक तहसम्म निःशुल्क शिक्षा पाउने हक हुनेछ ।

(३) अपाङ्गता भएका र विपन्न वर्गका नागरिकलाई प्रचलित कानूनमा व्यवस्था भए बमोजिम निःशुल्क उच्च शिक्षा प्राप्त गर्ने हक हुनेछ ।

(४) दृष्टिविहीनहरूलाई ब्रेललिपि तथा बहिराहरूलाई साङ्केतिक भाषाको प्रयोग गरी प्रचलित कानूनबमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ ।

(५) नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई मातृभाषामा शिक्षा प्रदान गर्ने गरी विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ ।

४१. **भाषा तथा संस्कृति सम्बन्धी हकः** (१) प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो भाषा प्रयोग गर्ने हक हुनेछ ।

(२) प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो संस्कृतिको संरक्षण, सम्वर्द्धन र अवलम्बन गर्ने तथा आफ्नो समुदायको सांस्कृतिक जीवनमा सहभागी हुन पाउने हक हुनेछ ।

तर, यस उपधारामा लेखिएको कुनै कुराले संस्कृतिको आडमा गरिने कुरीति, कुसंस्कार र कुप्रथाको प्रयोगमा रोक लगाउने गरी ऐन बनाउन बाधा पुऱ्याएको मानिने छैन ।

(३) नेपालमा बसोवास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संरक्षण र सम्वर्द्धन गर्ने हक हुनेछ ।

(४) प्रत्येक व्यक्तिलाई कला र साहित्य सिर्जना गर्ने, त्यसको विकास गर्ने, प्रचलित कानूनबमोजिम आफ्नो बौद्धिक सम्पत्तिको संरक्षण गर्ने तथा त्यसबाट लाभ प्राप्त गर्ने हक हुनेछ ।

(५) प्रत्येक मातृभाषी समुदायलाई आफ्नो भाषिक पहिचान र भाषासँगको सम्बन्धलाई सम्मानपूर्वक अनुभूत गर्न पाउने अधिकार हुनेछ ।

४२. **रोजगारी सम्बन्धी हकः** (१) प्रत्येक नागरिकलाई रोजगारीको हक हुनेछ । रोजगारीका शर्त र अवस्था प्रचलित कानूनबमोजिम हुनेछ ।

तर, यस उपधारा बमोजिम रोजगारी उपलब्ध नहुँदासम्म बेरोजगार नागरिकलाई प्रचलित कानूनबमोजिम वेरोजगार भत्ता पाउने हक हुनेछ ।

(२) प्रत्येक नागरिकलाई रोजगारीको छनौट गर्न पाउने हक हुनेछ ।

४३. **श्रम सम्बन्धी हकः** (१) प्रत्येक श्रमिकलाई प्रचलित कानूनबमोजिम श्रम अभ्यासको हक हुनेछ ।

(२) प्रत्येक श्रमिकलाई प्रचलित कानूनबमोजिम पारिश्रमिक, सुविधा तथा सामाजिक सुरक्षाको हक हुनेछ ।

(३) प्रत्येक श्रमिकलाई प्रचलित कानूनबमोजिम ट्रेड युनियन खोल्ने, त्यसमा सहभागी हुने तथा सामूहिक सौदाबाजी गर्ने र हडताल गर्न पाउने हक हुनेछ ।

४४. **स्वास्थ्य सम्बन्धी हकः** (१) प्रत्येक नागरिकलाई निःशुल्क आधारभूत स्वास्थ्य सेवाको हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन ।

(२) प्रत्येक व्यक्तिलाई प्रजनन स्वास्थ्यको हक हुनेछ ।

(३) प्रत्येक व्यक्तिलाई सूचित स्वास्थ्य सेवाको हक हुनेछ ।

(४) प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुनेछ ।

(५) प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुनेछ ।

४५. **खाद्य सम्बन्धी हकः** (१) प्रत्येक नागरिकलाई खाद्य अधिकार हुनेछ ।

(२) प्रत्येक नागरिकलाई खाद्यवस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुने हक हुनेछ ।

(३) प्रत्येक नागरिकलाई प्रचलित कानूनबमोजिम खाद्य सम्प्रभुताको हक हुनेछ ।

४६. **आवास सम्बन्धी हकः** (१) प्रत्येक नागरिकलाई उपयुक्त आवासमा पहुँचको हक हुनेछ ।

(२) प्रचलित कानूनबमोजिम बाहेक कुनै पनि नागरिकलाई आफ्नो स्वामित्वमा रहेको वासस्थानबाट हटाइने वा सो उपर कुनै अतिक्रमण गरिने छैन ।

४७. **महिलाको हकः** (१) प्रत्येक महिलालाई लैङ्गिक विभेद विना समान वंशीय हक हुनेछ ।

(२) महिलाविरूद्ध कुनै किसिमको लैङ्गिक भेदभाव गरिने छैन ।

(३) प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन सम्बन्धी हक हुनेछ ।

(४) महिलाविरूद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन । यस्तो कार्य प्रचलित कानूनबमोजिम दण्डनीय हुनेछ र पीडित व्यक्तिलाई प्रचलित कानूनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

(५) राज्य संयन्त्रका सबै निकायमा महिलाको समावेशी आधारमा समानुपातिक सहभागिताको हक हुनेछ ।

(६) प्रत्येक महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ ।

४८. **बालबालिकाको हकः** (१) प्रत्येक बालबालिकालाई आफ्नो पहिचानसहित नामकरण र जन्मदर्ताको हक हुनेछ ।

(२) प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार सहितको प्रारम्भिक बालविकास, खेलकूद, मनोरञ्जन तथा व्यक्तित्व विकासको हक हुनेछ ।

(३) कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा त्यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाइने छैन ।

(४) कुनै पनि बालबालिकालाई बालविवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइने छैन ।

(५) कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र द्वन्द्व वा समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनको नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन ।

(६) कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन ।

(७) प्रत्येक बालबालिकालाई बालमैत्री न्यायको हक हुनेछ ।

(८) असहाय, अनाथ, सुस्त मनस्थितिका, अपाङ्गता भएका, द्वन्द्वपीडित, विस्थापित, एवं जोखिममा रहेका बालबाालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुनेछ ।

(९) उपधारा (३), (४), (५) र (६) बमोजिमका कार्य प्रचलित कानूनबमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट प्रचलित कानूनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

४९. **ज्येष्ठ नागरिकको हकः** प्रत्येक ज्येष्ठ नागरिकलाई प्रचलित कानूनबमोजिम सामाजिक सुरक्षाको हक हुनेछ ।

५०. **दलित समुदायको हकः** (१) दलित समुदायका व्यक्तिलाई निजामती सेवा, सेना, प्रहरीलगायतका राज्यका सबै निकाय र क्षेत्रहरूमा समानुपातिक आधारमा रोजगारी प्राप्त गर्ने हक हुनेछ । सार्वजनिक सेवा लगायतका रोजगारीका अन्य क्षेत्रमा दलित समुदायको सशक्तिकरण, प्रतिनिधित्व र सहभागिताको लागि प्रचलित कानूनद्वारा विशेष व्यवस्था गरिनेछ ।

(२) दलित विद्यार्थीलाई प्राथमिकदेखि उच्च शिक्षासम्म छात्रवृत्तिसहित निशुल्क शिक्षाको व्यवस्था गरिनेछ । प्राविधिक र व्यावसायिक उच्च शिक्षामा दलितको लागि प्रचलित कानूनद्वारा विशेष व्यवस्था गरिनेछ ।

(३) दलित समुदायलाई स्वास्थ्य र सामाजिक सुरक्षा प्रदान गर्न कानूनद्वारा विशेष व्यवस्था गरिने छ । यस्तो व्यवस्था गर्दा विपन्न दलितलाई प्राथमिकता दिइनेछ ।

(४) दलित समुदायलाई आफ्नो परम्परागत पेशा, ज्ञान, सीप र प्रविधिको प्रयोग, संरक्षण र विकास गर्ने हक हुनेछ । राज्यले दलित समुदायका परम्परागत पेशासँग सम्बन्धित आधुनिक व्यवसायमा उनीहरूलाई प्राथमिकता दिई सोका लागि आवश्यक पर्ने सीप र स्रोत उपलब्ध गराउनेछ ।

(५) राज्यले भूमिहीन दलितलाई एक पटक जमिन उपलब्ध गराउनु पर्नेछ ।

(६) आवासविहीन दलितको लागि राज्यले बसोबासको व्यवस्था गर्नेछ ।

(७) सङ्घीय, प्रादेशिक र स्थानीय तहका सबै राजनीतिक संरचनामा जनसंख्याको आधारमा दलितको समानुपातिक प्रतिनिधित्वको व्यवस्था गरी सङ्घीय र प्रादेशिक संरचनामा क्रमशः तीन र पाँच प्रतिशत थप प्रतिनिधित्वको लागि प्रचलित कानूनद्वारा आवश्यक व्यवस्था गरिनेछ ।

(८) दलित समुदायले यस धारा बमोजिम प्राप्त गर्ने अधिकारहरू पहाडी दलित, मधेशी दलित र दलित महिलाले समानुपातिक आधारमा प्राप्त गर्नेछन् ।

५१. **परिवार सम्बन्धी हकः** (१) कसैले पनि एकभन्दा बढी पति वा पत्नी राख्न पाउने छैन ।

(२) प्रत्येक व्यक्तिलाई प्रचलित कानूनको अधीनमा रही विवाह गर्न पाउने तथा सम्बन्ध विच्छेद गर्न पाउने स्वतन्त्रता हुनेछ ।

(३) विवाह गर्ने पक्षको इच्छा विपरीत वा पूर्ण र स्वतन्त्र सहमतिविना विवाह गराउन पाइने छैन ।

(४) सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुनेछ ।

(५) सन्तानको पालनपोषण, स्याहारसंभार तथा सर्वाङ्गीण विकासका लागि आमा बाबुको समान अधिकार र दायित्व हुनेछ साथै अभिभावकको सम्मान र पालनपोषण गर्ने प्रत्येक सन्तानको अधिकार र दायित्व हुनेछ ।

(६) उपधारा (१) र (३) विपरीतको कार्य प्रचलित कानूनबमोजिम दण्डनीय हुनेछ ।

५२. **सामाजिक न्यायको हकः** (१) सामाजिक रूपले पछाडि परेका महिला, दलित, मधेशी, आदिवासी, जनजाति, अल्पसंख्यक तथा सीमान्तकृत, मुस्लिम, लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदाय, अपाङ्गता भएका व्यक्ति, युवा, पिछडा वर्ग, किसान र मजदूर वर्ग तथा पिछडिएको क्षेत्रलाई समानुपातिक र समावेशी सिद्धान्तका आधारमा राज्यको संरचना तथा सार्वजनिक सेवामा सहभागिताको हक हुनेछ ।

(२) उपधारा (१) बमोजिमको हकको उपभोग गर्दा आर्थिक रूपले विपन्न नागरिकलाई प्राथमिकता पाउने हक हुनेछ ।

(३) विपन्न वर्ग, अपाङ्गता भएका व्यक्ति तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तिकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ प्राप्त गर्ने हक हुनेछ ।

(४) प्रत्येक किसानलाई कृषि कार्यको लागि भूमिमाथिको हक, परम्परागत रूपमा प्रयोग र अवलम्बन गरिएको स्थानीय बीउ बिजन र कृषि प्रजातिको छनौट र संरक्षणको हक, कृषि सामग्री, कृषि उपजको उचित मूल्य र बजारमा पहुँचको हक तथा सशक्तिकरण र विकासको लागि विशेष अवसर तथा लाभ प्राप्त गर्ने हक हुनेछ ।

(५) अनदिवासी, जनजातिलाई आफ्नो पहिचानसहित भाषा तथा संस्कृतिको संरक्षण, सम्वर्द्धन र विकास गर्ने तथा सशक्तिकरण र विकासको लागि प्राथमिकताका साथ विशेष अवसर तथा लाभ प्राप्त गर्ने हक हुनेछ ।

(६) अल्पसंख्यक समुदायलाई आफ्नो पहिचान कायम राखी सामाजिक र सांस्कृतिक अधिकार प्रयोगका लागि विशेष अवसर तथा लाभ प्राप्त गर्ने हक हुनेछ ।

(७) मधेशी समुदायलाई आर्थिक, सामाजिक सांस्कृतिक अवसर र लाभको समान वितरण तथा सो समुदाय भित्रका विपन्न र पिछडा वर्गको संरक्षण, उत्थान, सशक्तिकरण र विकासका लागि विशेष अवसर र लाभ प्राप्त गर्ने हक हुनेछ ।

(८) पिछडिएको क्षेत्रका नागरिकको संरक्षण, उत्थान, सशक्तिकरण, विकास र आधारभूत आवश्यकता परिपूर्तिको लागि विशेष अवसर र लाभ प्राप्त गर्ने हक हुनेछ ।

(९) अपाङ्गता भएका व्यक्तिलाई विविधताको पहिचानसहित मर्यादा र आत्मसम्मानपूर्वक जीवन यापन गर्न पाउने र सार्वजनिक सेवा तथा सुविधामा समान पहुँचको हक हुनेछ ।

(१०) प्रत्येक युवालाई सशक्तिकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, रोजगारीलगायतका क्षेत्रमा विशेष अवसर प्राप्त गर्दै व्यक्तित्व विकासको हक हुने तथा राज्यको सर्वाङ्गीण विकासमा योगदानका लागि उपयुक्त अवसरको हक हुनेछ ।

(११) विगतमा भएका सबै जनआन्दोलन, जनयुद्ध र मधेशआन्दोलनका क्रममा भएका शहीद परिवार, बेपत्ता पारिएका व्यक्तिका परिवार, अपाङ्ग र घाइतेलाई प्रचलित कानूनबमोजिम राज्यका सबै संयन्त्रमा सहभागिता, सरकारी र सार्वजनिक सेवामा विशेष सुविधा, शिक्षा, स्वास्थ्य, रोजगार, आवास, सामाजिक सुरक्षा, राहत र निवृत्तभरणको हक हुनेछ ।

५३. **सामाजिक सुरक्षा सम्बन्धी हकः** विपन्न वर्ग, अशक्त, असहाय, असहाय अवस्थामा रहेका एकल महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने व्यक्ति तथा लोपोन्मुख जातिका नागरिकलाई प्रचलित कानूनबमोजिम सामाजिक सुरक्षाको हक हुनेछ ।

५४. **उपभोक्ताको हकः** (१) प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हक हुनेछ ।

(२) गुणस्तरहीन वस्तु वा सेवाबाट क्षति पुगेको व्यक्तिलाई प्रचलित कानूनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

५५. **देश निकाला विरूद्धको हकः** कुनै पनि नागरिकलाई देश निकाला गरिने छैन ।

५६. **मौलिक हकको कार्यान्वयन र संवैधानिक उपचारको हकः** (१) यस भागद्वारा प्रदत्त हकको प्रचलनका लागि धारा .. (सर्वोच्च अदालतको अधिकार क्षेत्र सम्बन्धी धारा) तथा धारा ...(उच्च अदालतको अधिकारक्षेत्रसम्बन्धी धारा) मा लेखिए बमोजिम उपचार पाउने हक सुरक्षित गरिएको छ ।

(२) यस भागद्वारा प्रदत्त हकहरूको कार्यान्वयनका लागि आवश्यकता अनुसार राज्यले दुई वर्षभित्र कानूनी व्यवस्था गर्नेछ ।

(३) यस भागद्वारा प्रदत्त शिक्षासम्बन्धी हक, स्वास्थ्यसम्बन्धी हक, रोजगारीसम्बन्धी हक, आवाससम्बन्धी हक, खाद्यसम्बन्धी हक, सामाजिक न्यायसम्बन्धी हक र सामाजिक सुरक्षाको हकको कार्यान्वयनका लागि राज्यले उपयुक्त व्यवस्था गर्नेछ ।

५७. **नागरिकका मौलिक कर्तव्यः** प्रत्येक नागरिकको मौलिक कर्तव्य देहाय बमोजिम हुनेछन् -

(क) राष्ट्रप्रति निष्ठावान् हुँदै नेपालको राष्ट्रियता, सार्वभौमसत्ता, स्वाधीनता र अखण्डताको रक्षा गर्नु,

(ख) राष्ट्रले चाहेका बखत अनिवार्य सेवा गर्नु,

(ग) संविधान र कानूनको पालना गर्नु,

भाग-४

# राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व

५८. **मार्गनिर्देशनका रूपमा रहनेः** (१) यस भागमा उल्लिखित निर्देशक सिद्धान्त र नीति राज्यसञ्चालनका मार्ग निर्देशनका रूपमा रहनेछन् ।

(२) राज्यले यस भागमा उल्लिखित सिद्धान्त र नीतिको कार्यान्वयन गर्न आवश्यकता अनुसार स्रोत साधन परिचालन गर्ने वा गराउनेछ ।

५९. **निर्देशक सिद्धान्तहरूः** (१) देशको सार्वभौमसत्ता, स्वाधीनता र अखण्डतालाई सर्वोपरि राख्दै नागरिकको जीउ, धन, समानता र स्वतन्त्रताको संरक्षण गरी कानूनको शासन, मौलिक हक तथा मानव अधिकारका मूल्य र मान्यता, समावेशीकरण, सहभागिता र सामाजिक न्यायको माध्यमबाट राष्ट्रिय जीवनका सबै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गर्दै लोक कल्याणकारी राज्यव्यवस्थाको स्थापना गर्ने एवं परस्पर सहयोगमा आधारित सङ्घीयताका आधारमा सङ्घीय इकाइहरूबीचको सम्बन्ध सञ्चालन गर्दै स्थानीय स्वायत्तता र विकेन्द्रीकरणको आधारमा शासन व्यवस्थामा जनताको समावेशी, समानुपातिक सिद्धान्तलाई आत्मसात् गर्दै लोकतन्त्रका लाभ उपभोग गर्न पाउने अवस्था सुनिश्चित गर्न सङ्घीय लोकतान्त्रिक गणतान्त्रात्मक व्यवस्था स्थापना गर्ने राज्यको राजनीतिक उद्देश्य हुनेछ ।

(२) धर्म, संस्कृति, संस्कार, प्रथा, परम्परा, प्रचलन वा अन्य कुनै पनि आधारमा हुने सबै प्रकारका विभेद, शोषण र अन्यायको अन्त्य गरी सभ्य र समतामूलक समाजको निर्माण गर्ने एवं राष्ट्रिय गौरव, लोकतन्त्र, जनपक्षीयता, श्रमको सम्मान, उद्यमशीलता, अनुशासन, मर्यादा र सहिष्णुतामा आधारित सामाजिक सांस्कृतिक मूल्यहरूको विकास गर्ने तथा सांस्कृतिक विविधताको सम्मान गर्दै साम्प्रदायिक सद्भाव, ऐक्यबद्धता र सामञ्जस्यता कायम गरी राष्ट्रिय एकता सुदृढ गर्ने राज्यको सामाजिक सांस्कृतिक उद्देश्य हुनेछ ।

(३) स्रोत साधनको न्यायोचित वितरण, सबै प्रकारका आर्थिक शोषण र असमानताको अन्त्य तथा सार्वजनिक, सहकारी र निजी क्षेत्रको सहभागिता तथा सहकारी र निजी क्षेत्रको स्वतन्त्र विकास मार्फत उपलब्ध साधन स्रोतको अधिकतम् उपयोग गर्दै दिगो आर्थिक विकास गर्ने एवं प्राप्त उपलब्धिहरूको न्यायोचित वितरण गर्दै शोषणरहित समाजको निर्माण गरी राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतिशील बनाउँदै समाजवाद उन्मुख अर्थतन्त्रको विकास गर्ने राज्यको आर्थिक उद्देश्य हुनेछ ।

(४) देशको सार्वभौमसत्ता, अखण्डता, स्वाधीनता र राष्ट्रिय हितको रक्षा गर्दै सार्वभौमिक समानताको आधारमा अन्तर्राष्ट्रिय सम्बन्ध कायम गरी विश्व समुदायमा राष्ट्रिय सम्मानको अभिवृद्धि गर्नेतर्फ राज्यको अन्तर्राष्ट्रिय सम्बन्ध निर्देशित हुनेछ ।

६०. **राज्यका नीतिहरूः** राज्यले देहायका नीतिहरु अवलम्बन गर्नेछ :–

(क) राष्ट्रिय सुरक्षा र राष्ट्रिय एकतासम्बन्धी नीति :

(१) देशको सार्वभौमसत्ता, स्वाधीनता र अखण्डताको संरक्षण गर्दै राष्ट्रिय एकता अक्षुण्ण राख्ने,

(२) विभिन्न जात, जाति, धर्म, भाषा, संस्कृति र सम्प्रदायबीच पारस्परिक सद्भाव, सहिष्णुता र ऐक्यबद्धता कायम गरी सङ्घीय इकाईहरूबीच परस्परमा सहयोगात्मक सम्बन्ध विकास गर्दै राष्ट्रिय एकता प्रवर्द्धन गर्ने,

(३) राष्ट्रिय सुरक्षा प्रणालीको विकास गरी शान्ति सुरक्षाको व्यवस्था गर्ने,

(४) सर्वाङ्गीण मानवीय सुरक्षा प्रत्याभूत गर्ने,

(५) राष्ट्रिय सुरक्षा नीतिका आधारमा सेना, प्रहरीलगायत सबै सुरक्षा अङ्गहरूलाई सबल, सुदृढ, व्यावसायिक, समावेशी र जनउत्तरदायी बनाउने,

(६) राष्ट्रिय आवश्यकता अनुरूप नागरिकलाई राष्ट्रको सेवा गर्न तत्पर र सक्षम राख्ने ।

(ख) राजनीतिक र शासन व्यवस्था सम्बन्धी नीतिः

(१) प्राप्त राजनीतिक उपलब्धिहरूको रक्षा, सुदृढीकरण र विकास गर्दै आर्थिक, सामाजिक तथा सांस्कृतिक रूपान्तरणका माध्यमबाट जनताको सर्वोत्तम हित र समुन्नति प्रत्याभूत गर्ने,

(२) सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, जनउत्तरदायी, र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान, सरल र निर्बाध पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने,

(३) आमसञ्चारलाई स्वच्छ, स्वस्थ, सुरक्षित, मर्यादित, जिम्मेवार र व्यावसायिक बनाउन आवश्यक व्यवस्था गर्ने,

(४) सङ्घ र सङ्घीय इकाइहरूबीच जिम्मेवारी, स्रोत साधन र प्रशासनको साझेदारी गर्दै सुमधुर सहयोगात्मक सम्बन्धको विकास र विस्तार गर्ने,

(ग) सामाजिक र सांस्कृतिक रूपान्तरण सम्बन्धी नीति :

(१) स्वस्थ र सुमधुर संस्कृतिको विकास गरी सामाजिक सुसम्बन्धमा आधारित सभ्य समाजको निर्माण गर्ने,

(२) ऐतिहासिक, पुरातात्विक तथा सांस्कृतिक सम्पदाको संरक्षण, सम्वर्द्धन र विकासको लागि त्यस्ता सम्पदाहरूको अध्ययन, अनुसन्धान, उत्खनन तथा प्रचार-प्रसार गर्ने,

(३) देशको सांस्कृतिक विविधता कायम राख्दै समानता एवं सहअस्तित्वका आधारमा विभिन्न जात, जाति र समुदायको भाषा, लिपि, संस्कृति, साहित्य, कला र सम्पदाको संरक्षण र विकास गर्ने,

(४) सामाजिक, सांस्कृतिक तथा सेवामूलक कार्यमा स्थानीय समुदायको सिर्जनशीलताको प्रवर्द्धन र परिचालन गरी स्थानीय जनसहभागिता अभिवृद्धि गर्दै सामुदायिक विकास गर्ने,

(५) राष्ट्रिय सम्पदाको रूपमा रहेका कला, साहित्य र सङ्गीतको विकासमा जोड दिने,

(घ) अर्थ र वाणिज्य सम्बन्धी नीति :

(१) राज्यले सार्वजनिक, सहकारी र निजी क्षेत्रको सहभागिता र स्वतन्त्र विकास मार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने,

(२) सहकारी क्षेत्रलाई प्राथमिकता दिँदै त्यस क्षेत्रको पुँजीलाई राष्ट्रिय विकासमा परिचालन गर्ने,

(३) राज्यले निजी क्षेत्रको लगानी र योगदानमा स्वच्छता, जवाफदेहिता र प्रतिस्पर्धा कायम गर्न नियमनको व्यवस्था गर्दै सर्वाङ्गीण राष्ट्रिय विकासमा प्रोत्साहन र परिचालन गर्ने,

(४) आर्थिक साधन स्रोत तथा विकासका प्रतिफलको न्यायोचित वितरण गर्ने,

(५) तुलनात्मक लाभका क्षेत्रको पहिचान गरी निर्यात प्रवर्द्धन गर्दै वस्तु तथा सेवाको बजार विविधीकरण र विस्तार गर्ने,

(६) राष्ट्रिय अर्थतन्त्रको विकासको लागि राष्ट्रिय उद्योग धन्दा र साधनस्रोतको संरक्षण र प्रवर्द्धन गरी नेपाली श्रम, सीप र कच्चा पदार्थमा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिने,

(७) कालाबजारी, सिण्डिकेट, एकाधिकार, कृत्रिम अभाव सिर्जना गर्नेजस्ता विकृति र विसङ्गतिलाई नियन्त्रण गर्दै व्यापारिक स्वच्छता र अनुशासन कायम गरी उपभोक्ताको हित संरक्षण गर्ने,

(८) राष्ट्रिय अर्थतन्त्रको विकासको लागि सेवा क्षेत्रमा स्वदेशी लगानीलाई प्राथमिकता दिँदै उद्योगको रूपमा विकास गरी प्रतिस्पर्धी बनाउँदै लैजाने,

(९) राष्ट्रिय हित अनुकूल आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनका क्षेत्रमा वैदेशिक पुँजी र प्रविधिको लगानीलाई परिचालन गर्ने,

(१०) वैदेशिक सहायता लिँदा राष्ट्रिय आवश्यकता र प्राथमिकतालाई आधार बनाउँदै यसलाई पारदर्शी बनाउने,र वैदेशिक सहायताबाट प्राप्त रकम राष्ट्रिय बजेटमा समाहित गर्ने,

(११) गैरआवासीय नेपालीहरूको ज्ञान, सीप, प्रविधि र पुँजीलाई राष्ट्रिय विकासमा उपयोग गर्ने ।

(ङ) कृषि र भूमिसुधार सम्बन्धी नीतिः

(१) भूमिमा रहेको दोहोरो स्वामित्व अन्त्य गर्दै वैज्ञानिक भूमिसुधार गर्ने,

(२) अनुपस्थित भू-स्वामित्वलाई निरूत्साहित गर्दै जग्गाको चक्लाबन्दी गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने,

(३) किसानको हक हित संरक्षण र सम्वर्द्धन गर्दै कृषिलाई व्यावसायिकीकरण र कृषिजन्य औद्योगिकीकरण गर्ने,

(४) भूमिको अध्ययन अनुसन्धान गरी त्यसको उत्पादनशीलता, प्रकृति तथा वातावरणीय सन्तुलन समेतका आधारमा भूमिको नियमन र व्यवस्थापन गर्दै समुचित उपयोग गर्ने,

(च) विकास सम्बन्धी नीतिः

(१) विकासका दृष्टिले पछाडि पारिएका क्षेत्रलाई प्राथमिकता दिदै सन्तुलित, वातावरणमैत्री एवं दिगो रूपमा भौतिक पूर्वाधारको विकास गर्ने,

(२) विकास निर्माणको प्रक्रियामा स्थानीय जनसहभागिता अभिवृद्धि गर्ने,

(३) वैज्ञानिक अध्ययन अनुसन्धान एवं विज्ञान र प्रविधिको आविष्कार, उन्नयन र विकासमा लगानी अभिवृद्धि गर्ने तथा यस क्षेत्रका वैज्ञानिक, प्राविधक, बौद्धिक र विशिष्ट प्रतिभाहरूको संरक्षण गर्ने,

(४) एकीकृत राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणाली विकास गरी नागरिकका सबै प्रकारका सूचना र विवरणहरु एकीकृत रूपमा व्यवस्थापन गर्ने तथा यसलाई राज्यबाट उपलब्ध हुने सेवा सुविधा र राष्ट्रिय विकास योजनासँग आबद्ध गर्ने,

(५) विकासका प्रतिफल वितरणमा विपन्न नागरिकलाई प्राथमिकता दिने,

(६) जनसांख्यिक तथ्याङ्कलाई आवधिक गर्दै राष्ट्रिय विकास योजनासँग आबद्ध गर्ने ।

(छ) प्राकृतिक साधनस्रोतको संरक्षण, सम्वर्द्धन र उपयोग सम्बन्धी नीतिः

(१) राष्ट्रिय हित अनुकूल तथा अन्तरपुस्ता समन्यायको मान्यतालाई आत्मसात् गर्दै देशमा उपलब्ध प्राकृतिकस्रोतसाधनको संरक्षण, सम्वर्द्धन र वातावरणमैत्री रूपमा दिगो उपयोग गर्ने र स्थानीय समुदायलाई प्राथमिकता र अग्राधिकार दिदै प्राप्त प्रतिफलहरूको न्यायोचित वितरण गर्ने,

(२) जनसहभागितामा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिँदै जलस्रोतको बहुउपयोगी विकास गर्ने,

(३) नवीकरणीय ऊर्जाको उत्पादन तथा विकास गर्दै नागरिकका आधारभूत आवश्यकता परिपूर्तिको लागि सुपथ र सुलभ रूपमा भरपर्दो ऊर्जाको आपूर्ति सुनिश्चित गर्ने तथा ऊर्जाको समुचित प्रयोग गर्ने,

(४) जल उत्पन्न प्रकोप नियन्त्रण र नदीको व्यवस्थापन गर्दै दिगो र भरपर्दो सिचाईको विकास गर्ने,

(५) जनसाधारणमा वातावरणीय स्वच्छतासम्बन्धी चेतना बढाई औद्योगिक एवं भौतिक विकासबाट वातावरणमा पर्न सक्ने जोखिमलाई न्यूनीकरण गर्दै वन, वन्यजन्तु, पंक्षी, वनस्पति तथा जैविक विविधताको संरक्षण, सम्वर्द्धन र दिगो उपयोग गर्ने,

(६) वातावरणीय सन्तुलनको लागि मुलुकको कूल भूभागको कम्तिमा चालीस प्रतिशत वन क्षेत्र कायम राख्ने,

(७) प्रकृति, वातावरण वा जैविक विविधताको संरक्षणका लागि प्रदूषकको देय, पूर्वसावधानी र पूर्वसूचित सहमति जस्ता पर्यावरणीय दिगो विकासका सिद्धान्तका आधारमा वातावरणसम्बन्धी कानून तथा नीति तर्जुमा गर्ने,

(८) खानी र खानीका पदार्थको उत्खनन, प्रवर्द्धन र संरक्षणमा विशेष जोड दिँदै त्यसको जनहितमा दिगो उपभोग गर्ने,

(ज) नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीतिः

(१) शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, व्यावहारिक एवं जनमुखी बनाउदै सक्षम, प्रतिस्पर्धी एवं राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने,

(२) शिक्षा क्षेत्रमा राज्यको लगानीलाई अभिवृद्धि गर्दै यसमा भएको निजी लगानीलाई नियमन गरी व्यापारीकरणलाई निरूत्साहित गर्ने ।

(३) उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँच योग्य बनाई क्रमशः निःशुल्क बनाउदै लैजाने,

(४) बालबालिकालाई मातृभाषामा शिक्षा दिलाउन आवश्यक व्यवस्था गर्दै शिक्षाको विकासमा स्थानीय समुदायलाई सहभागी गराउँदै जाने,

(५) नागरिकको व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र र पुस्तकालयको स्थापना र प्रवर्द्धन गर्ने,

(६) स्वास्थ्य सेवालाई सर्वसुलभ र गुणस्तरीय बनाउन लगानी अभिवृद्धि गर्दै यस क्षेत्रमा भएको निजी लगानीलाई नियमन र व्यवस्थापन गरी व्यापारीकरणलाई निरूत्साहित गर्ने ।

(७) मुलुकको क्षमता र आवश्यकताका आधारमा जनसंख्या व्यवस्थापनका लागि परिवार नियोजनलाई प्रोत्साहित गर्दै मातृ, शिशु मृत्युदर घटाई औषत आयु बढाउने,

(८) अव्यवस्थित बसोबासलाई व्यवस्थापन गर्ने तथा योजनाबद्ध र व्यवस्थित वस्तीविकास गर्ने,

(९) कृषि क्षेत्रमा लगानी अभिवृद्धि गर्दै खाद्य सम्प्रभुताको मान्यता अनुरूप जलवायु र माटो अनुकूलको खाद्यान्न उत्पादनलाई प्रोत्साहन गर्दै सुलभ र प्रभावकारी वितरणका लागि खाद्यान्नको दिगो उत्पादन, आपूर्ति, सञ्चय, सुरक्षा र वितरण व्यवस्था गर्ने,

(१०) यातायात सुविधामा नागरिकहरूको सरल, सहज र समान पहुँच सुनिश्चित गर्दै यातायात क्षेत्रमा लगानी अभिवृद्धि गर्ने र वातावरणमैत्री प्रविधिलाई प्राथमिकता दिँदै सार्वजनिक यातायातलाई प्रोत्साहन र निजी यातायातलाई नियमन गरी यातायातक्षेत्रलाई सुरक्षित एवं व्यवस्थित र अपाङ्गमैत्री बनाउने ।

(११) आधारभूत वस्तु तथा सेवामा सबै नागरिकहरूको समान पहुँच सुनिश्चित गर्दै दुर्गम र पछाडि पारिएको क्षेत्रलाई विशेष प्राथमिकता दिई योजनाबद्ध आपूर्ति व्यवस्था गर्ने,

(झ) श्रम र रोजगार सम्बन्धी नीतिः

(१) सबैले काम गर्न पाउने अवस्था सुनिश्चित गर्दै देशको मुख्य सामाजिक आर्थिक शक्तिको रूपमा रहेको श्रमशक्तिलाई दक्ष र व्यावसायिक बनाउदै स्वदेशमा नै उपयोग गर्ने,

(२) दलित समुदायलाई सबै औद्योगिक प्रतिष्ठानहरूमा समानुपातिक ढङ्गले रोजगारी उपलब्ध गराउने नीति अवलम्बन गर्ने,

(३) वैदेशिक रोजगारीलाई शोषणमुक्त, सुरक्षित र व्यवस्थित गर्न तथा श्रमिकको रोजगारी र अधिकारको प्रत्याभूति गर्न त्यस क्षेत्रको नियमन र व्यवस्थापन गर्ने,

(४) वैदेशिक रोजगारीबाट आर्जन भएको पुँजी, सीप, प्रविधि र अनुभवलाई स्वदेशी उत्पादनमूलक क्षेत्रमा प्रोत्साहन गर्ने ।

(ञ) सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीतिः

(१) असहाय अवस्थामा रहेका एकल महिलालाई रोजगारीमा प्राथमिकता दिंदै जीविकोपार्जनको लागि समुचित व्यवस्था गर्दै जाने,

(२) जोखिममा परेका र सामाजिक र पारिवारिक वहिष्करणमा परेका तथा हिंसापीडित महिलालाई पुर्नस्थापना, संरक्षण, सशक्तिकरण गरी स्वावलम्बी बनाउने,

(३) महिलाका प्रजनन दायित्वलाई सामाजिक दायित्वको रूपमा आत्मसात् गर्दै प्रजनन सम्बन्धी सबै अवस्थामा आवश्यक सेवा सुविधा उपभोगको सुनिश्चितता गर्ने

(४) घरायसी काममा परिवारका सबै सदस्यहरूबीच साझेदारीको संस्कार विकास गर्दै बालबच्चाको पालनपोषण, परिवारको हेरचाह जस्ता काम र योगदानलाई आर्थिक रूपमा मूल्याङ्कन गर्दै त्यस्तो कार्यको आर्थिक मूल्य राष्ट्रिय आयमा गणना गर्ने,

(५) मुक्त कमैया, कम्लहरी, हरूवा, चरूवा, हलिया, भूमिहीन, सुकुम्बासीहरूको पहिचान गरी बसोवासको लागि घर घडेरी तथा जीविकोपार्जनको लागि कृषियोग्य जमीन वा रोजगारीको व्यवस्था गर्दै पुनर्स्थापना गर्ने,

(६) परिवार र समाजसँग मिलेर ज्येष्ठ नागरिकलाई सम्मानपूर्वक जीवनयापनका लागि पालन पोषण, स्वास्थ्य सेवा र सुरक्षा पाउने अधिकार सुनिश्चित गर्दै उनीहरूको ज्ञान, सीप र अनुभवलाई राष्ट्रिय विकासमा उपयोग गर्ने,

(७) पछाडि परेका वा पारिएका र विकट क्षेत्रका समुदायको संरक्षण, उत्थान, सशक्तिकरण, र विकास गर्न विशेष व्यवस्था गर्ने,

(८) आदिवासी जनजातिको पहिचानसहित सम्मानपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गर्न विशेष व्यवस्था गर्दै यस समुदायसँग सरोकार राख्ने निर्णयहरूमा सहभागी गराउने तथा आदिवासी जनजाति र स्थानीय समुदायको परम्परागत ज्ञान, सीप, संस्कृति, सामाजिक परम्परा र अनुभवलाई संरक्षण र सम्वर्द्धन गर्ने,

(९) सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिङ्ग, क्षेत्र र समुदायभित्रका विपन्न वर्गलाई प्राथमिकता प्रदान गर्ने ।

(१०) स्वस्थ, सक्षम र अनुशासित नागरिक तयार गर्न खेलकूद तथा खेलाडीमा योजनाबद्ध लगानी गर्ने र खेलकूदलाई राष्ट्रिय एकता सुदृढ गर्ने एवं अन्तर्राष्ट्रिय क्षेत्रमा राष्ट्रिय सम्मान अभिवृद्धि गर्ने माध्यमको रूपमा विकास गर्ने,

(११) सामुदायिक तथा राष्ट्रिय वा अन्तर्राष्ट्रिय गैरसरकारी सङ्घ संस्थाको लगानी र भूमिकालाई जवाफदेही र पारदर्शी बनाउँदै त्यस्ता संस्थाहरूको स्थापना, स्वीकृति, सञ्चालन, नियमन र व्यवस्थापनका लागि एकद्वार प्रणाली अपनाउने र राष्ट्रिय आवश्यकता र प्राथमिकताका क्षेत्रमा मात्र त्यस्ता सङ्घ संस्थाहरूलाई संलग्न गराउने ।

(ट) न्याय र दण्ड व्यवस्था सम्बन्धी नीति :

(१) न्याय प्रशासनलाई छिटो छरितो, सर्वसुलभ, मितव्ययी, निष्पक्ष, प्रभावकारी र जनउत्तरदायी बनाउने,

(२) सामान्य प्रकृतिका विवाद समाधानका लागि मेलमिलाप, मध्यस्थताजस्ता वैकल्पिक उपायहरु अवलम्बन गर्ने

(३) राजनीतिक, प्रशासनिक, सामाजिकलगायत सबै क्षेत्रमा हुने भ्रष्टाचार र अनियमितता नियन्त्रणका लागि प्रभावकारी संयन्त्रको व्यवस्था गर्ने,

(४) जन्मकैदलाई आवश्यकता अनुसार आजन्मकैदको रूपमा व्यवस्था गर्दै कसूरको मात्राको अनुपातमा सजाय निर्धारण गर्ने,

(५) कैद र जरिवानाबीच समुचित सन्तुलन कायम गर्ने,

(ठ) पर्यटन सम्बन्धी नीतिः नेपालका ऐतिहासिक, सांस्कृतिक, धार्मिक, पुरातात्विक र प्राकृतिक सम्पदाहरूको पहिचान, संरक्षण, प्रवर्द्धन एवं प्रचार-प्रसार मार्फत राष्ट्रिय अर्थतन्त्रको महत्वपूर्ण आधारको रूपमा पर्यावरणमैत्री पर्यटन उद्योगको विकास गर्ने तथा पर्यटन उद्योगको लाभ वितरणमा स्थानीय जनतालाई प्राथमिकता दिने ।

(ड) अन्तर्राष्ट्रिय सम्बन्ध सम्बन्धी नीति :

(१) संयुक्त राष्ट्रसङ्घको बडापत्र, असंलग्नता, पञ्चशीलको सिद्धान्त, अन्तर्राष्ट्रिय कानून र विश्वशान्तिको मान्यताको आधारमा परराष्ट्र नीति सञ्चालन गर्ने,

(२) विगतमा भएका सन्धिहरूको पुनरावलोकन गर्दै असमान सन्धि संझौताहरु परित्याग वा खारेज गर्ने एवं समानता र पारस्परिक हितको आधारमा सन्धि संझौताहरु गर्ने,

(३) छिमेकी मित्रराष्ट्रहरूसँग समनिकटताका आधारमा सम्बन्ध सञ्चालन गर्ने ।

६१. **राज्यको दायित्वः** नेपालको सार्वभौमसत्ता, स्वाधीनता र अखण्डता अक्षुण्ण राख्दै मौलिक हक तथा मानव अधिकारको संरक्षण र सम्वर्द्धन गर्ने, राज्यका निर्देशक सिद्धान्तहरूको अनुसरण गर्ने तथा राज्यका नीतिहरूको क्रमशः कार्यान्वयन गर्दै जाने राज्यको दायित्व हुनेछ ।

६२. **प्रतिवेदन पेश गर्नेः** यस भागमा उल्लिखित सिद्धान्त र नीतिहरु कार्यान्वयन गर्न प्रत्येक वर्ष नेपाल सरकारले गरेका काम र प्राप्त उपलब्धिसहितको प्रतिवेदन राष्ट्रपतिसमक्ष पेश गर्नेछ र राष्ट्रपतिले त्यस्तो प्रतिवेदन प्रधानमन्त्रीमार्फत सङ्घीय व्यवस्थापिका-संसदसमक्ष पेश गर्ने व्यवस्था गर्नेछ ।

६३. **अनुगमन सम्बन्धी व्यवस्थाः** (१) यस भागमा उल्लिखित सिद्धान्त र नीति प्रगतिशील रूपमा कार्यान्वयन भए वा नभएको अनुगमन गर्न सङ्घीय व्यवस्थापिका-संसदमा एक समिति रहनेछ ।

(२) उपधारा (१) बमोजिमको समितिको गठन, कार्यविधि तथा अन्य व्यवस्था प्रचलित कानूनबमोजिम हुनेछ ।

६४. **अदालतमा प्रश्न उठाउन नसकिनेः** यस भागमा लेखिएको कुनै विषय कार्यान्वयन भए वा नभएको सम्बन्धमा कुनै अदालतमा प्रश्न उठाउन सकिने छैन ।

भाग

# राज्यको स्वरूप र राज्यशक्तिको बाँडफाँड (थप गर्नु पर्ने भाग)

सङ्घीयताको सबै विषयमा सहमति भएपछि मस्यौदा गरी राख्नु पर्ने

भाग–५

# सङ्घीय कार्यपालिका

सङ्घीय कार्यपालिका कुन मोडलको हुने ? मन्त्रिपरिषद्को गठन कसरी हुने भन्ने विषय विवादमा रहेकोले मस्यौदा तयार पार्न नसकिएको ।

भाग–६

# प्रादेशिक कार्यपालिका

१. **प्रदेशको कार्यकारिणी अधिकारको प्रयोगः** (१) यो संविधान र प्रचलित कानूनको अधीनमा रही प्रत्येक प्रदेशको कार्यकारिणी अधिकार सम्बन्धित प्रदेश मन्त्रिपरिषद्मा निहित रहनेछ ।

तर, सङ्कटकालीन अवस्था वा सङ्घीय शासन लागू भएको अवस्थामा प्रदेश मन्त्रिपरिषद् कायम नरहेमा प्रदेशप्रमुखले प्रदेशको कार्यकारिणी अधिकारको प्रयोग गर्नेछ ।

(२) यो संविधान र प्रचलित कानूनको अधीनमा रही प्रदेशको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा प्रदेश मन्त्रिपरिषद्मा रहनेछ ।

(३) प्रदेशको कार्यकारिणी कार्यहरु प्रदेश सरकारका नाममा हुनेछन् ।

(४) प्रदेशको कार्यकारिणी अधिकार यस संविधानको अधीनमा रही अनुसूची ... बमोजिम प्रदेशको अधिकारको सूची र अनुसूची...... बमोजिमको साझा सूचीमा उल्लिखित विषयवस्तुमा सीमित रहनेछ ।

तर, साझा सूचीमा उल्लिखित विषयवस्तुका सम्बन्धमा कार्यकारिणी अधिकारको प्रयोग गर्दा सङ्घीय सरकारसँगको समन्वयमा गरिनेछ ।

(५) उपधारा (३) बमोजिम प्रदेश सरकारको नाममा हुने निर्णय वा आदेश र तत्सम्बन्धी अधिकारपत्रको प्रमाणीकरण प्रादेशिक कानूनद्वारा व्यवस्था भए बमोजिम हुनेछ ।

२. **प्रदेशप्रमुख सम्बन्धी व्यवस्थाः** (१) प्रत्येक प्रदेशमा सङ्घीय सरकारको प्रतिनिधिको रूपमा एकजना प्रदेशप्रमुख रहनेछ ।

(२) राष्ट्रपतिले सम्बन्धित प्रदेशको मुख्यमन्त्रीसँग परामर्श गरी प्रदेशको प्रदेशप्रमुखको नियुक्ति गर्नेछ ।

तर, यो संविधान जारी भएपछि पहिलो पटक प्रदेशप्रमुख नियुक्ति गर्दा यस्तो परामर्श आवश्यक पर्नेछैन ।

(३) प्रदेशप्रमुखको पदावधि पाँच वर्षको हुनेछ ।

तर, राष्ट्रपतिले आवश्यक ठानेमा पदावधि समाप्त हुनुभन्दा अगावै पनि निजलाई पदमुक्त गर्न सक्नेछ ।

(४) कुनै व्यक्ति लगातार दुई पटकभन्दा बढी प्रदेशप्रमुख हुनेछैन ।

३. **प्रदेशप्रमुखको योग्यताः** देहायको योग्यता भएको व्यक्ति प्रदेशप्रमुखको पदमा नियुक्त हुन सक्नेछः

(क) ३५ वर्ष उमेर पूरा भएको,

(ख) सङ्घीय व्यवस्थापिकाको सदस्य हुन योग्य ।

४. **प्रदेशप्रमुखको पद रिक्त हुने अवस्थाः** (१) देहायको अवस्थामा प्रदेशप्रमुखको पदरिक्त हुनेछ :

(क) राष्ट्रपतिसमक्ष राजीनामा दिएमा,

(ख) पदावधि समाप्त भएमा वा सो अगावै राष्ट्रपतिले निजलाई पदमुक्त गरेमा,

(ग) मृत्यु भएमा ।

(२) कुनै प्रदेशको प्रदेशप्रमुखको पदरिक्त भएको अवस्थामा प्रदेशप्रमुखको नियुक्ति नभएसम्मको लागि राष्ट्रपतिले अर्को कुनै प्रदेशको प्रदेशप्रमुखलाई त्यस्तो प्रदेशको समेत कामकाज गर्ने गरी तोक्न सक्नेछ ।

५. **प्रदेशप्रमुखको काम, कर्तव्य र अधिकारः** (१) प्रदेशप्रमुखको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) प्रदेशसभाको अधिवेशन आह्वान र अन्त्य गर्ने ।

(ख) प्रदेशसभाले व्यवस्थापिकाले पारित गरेका विधेयकमा प्रमाणीकरण गर्ने ।

(ग) संविधान तथा प्रचलित कानूनबमोजिम नियुक्ति गर्नुपर्ने सम्बन्धित प्रदेशका विभिन्न पदाधिकारीहरूको नियुक्ति गर्ने ।

(घ) प्रादेशिक तहको पुरस्कार, मानपदवी, अलङ्कार र पदकहरू प्रदान गर्ने ।

(ङ) प्रादेशिक एवं मातहतका अदालतहरूबाट प्रादेशिक कानून अन्तर्गत पाएका सजायलाई माफी, मुल्तवी र सजाय कम गर्ने ।

(२) यो संविधान र प्रचलित कानूनबमोजिम प्रदेशप्रमुखले आफ्नो अधिकारको प्रयोग गर्दा प्रदेश मन्त्रिपरिषद्को सल्लाह र सम्मतिबाट गर्नेछ । त्यस्तो सल्लाह र सम्मति मुख्यमन्त्रीमार्फत पेश हुनेछ ।

(३) उपधारा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस संविधान र प्रचलित कानूनबमोजिम अन्य कुनै निकाय वा पदाधिकारीको सिफारिसमा गरिने कार्यहरू गर्दा प्रादेशिक मन्त्रिपरिषद्को सल्लाह र सम्मति आवश्यक पर्नेछैन ।

६. **प्रदेशप्रमुखको शपथः** प्रदेशप्रमुखले आफ्नो कार्यभार सम्हाल्नु अघि अनुसूची ... मा तोकिएको ढाँचामा राष्ट्रपतिसमक्ष आफ्नो पद तथा गोपनीयताको शपथ लिनु पर्नेछ ।

७. **प्रादेशिक मन्त्रिपरिषद्को गठनः** (१) धारा ...... बमोजिम मुख्यमन्त्रीको नियुक्ति हुनेछ र निजको अध्यक्षतामा प्रदेशमन्त्रिपरिषद्को गठन हुनेछ ।

(२) मन्त्रिपरिषद्मा आवश्यकता अनुसार उपमुख्यमन्त्री र अन्य मन्त्रीहरू रहने छन् ।

(३) उपधारा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि मुख्यमन्त्रीका अतिरिक्त प्रदेशमन्त्रिपरिषद्मा सम्बन्धित प्रदेशसभाको व्यवस्थापिकाको कुल सदस्य संख्याको बीस प्रतिशतभन्दा बढी मन्त्रीहरू नियुक्ति गरिने छैनन् ।

**स्पष्टीकरणः** यस धाराको प्रयोजनको लागि मन्त्री भन्नाले मुख्यमन्त्री, उपमुख्यमन्त्री, मन्त्री, राज्यमन्त्री र सहायकमन्त्री समेतलाई जनाउँछ ।

(४) मुख्यमन्त्रीले मन्त्रीहरू नियुक्ति गर्दा प्रदेशसभाको सदस्यहरू मध्येबाट समानुपातिक तथा समावेशी सिद्धान्त बमोजिम नियुक्त गर्नुपर्नेछ ।

(५) मुख्यमन्त्री र मन्त्रीहरू प्रदेशसभाप्रति सामूहिक रूपमा उत्तरदायी हुनेछन् र मन्त्रीहरू आफ्ना मन्त्रालयको कामका लागि व्यक्तिगत रूपमा मुख्यमन्त्री र प्रदेशसभाप्रति उत्तरदायी हुनेछन् ।

८. **मुख्यमन्त्रीको नियुक्ति सम्बन्धी व्यवस्थाः** (१) प्रदेशप्रमुखले प्रदेशसभाबाट निर्वाचित देहायमा उल्लेख गरे बमोजिमको प्रदेशसभाको सदस्यलाई प्रदेशको मुख्यमन्त्रीको पदमा नियुक्ति गर्नेछ :

(क) प्रदेशसभामा प्रतिनिधित्व गर्ने दलहरूको सर्वसम्मतिबाट प्रस्तावित प्रदेशसभाको सदस्य

(ख) खण्ड (क) बमोजिम सर्वसम्मति कायम हुन नसकेमा प्रदेशसभामा बहुमत प्राप्त दलको संसदीय दलको नेता

(ग) प्रदेशसभामा कुनै एउटा दलको बहुमत प्राप्त नभएको अवस्थामा दुई वा दुईभन्दा बढी दलको समर्थनमा निर्वाचित प्रदेशसभाको सदस्य

(२) प्रदेशसभाबाट कुनैपनि सदस्य मुख्यमन्त्रीको रूपमा निर्वाचित हुन नसकेमा प्रदेशसभामा रहेको सबैभन्दा ठूलो दलको संसदीय दलको नेतालाई प्रदेशप्रमुखले मुख्यमन्त्रीमा नियुक्त गर्नेछ ।

तर, त्यसरी नियुक्त मुख्यमन्त्रीले आफू नियुक्त भएको ३० दिनभित्र प्रदेशसभाको विश्वासको मत प्राप्त गर्नु पर्नेछ ।

(३) देहायको अवस्थामा मुख्यमन्त्री आफ्नो पदबाट मुक्त हुनेछ :

(क) निजले प्रदेशप्रमुखसमक्ष लिखित राजीनामा दिएमा, वा

(ख) निज प्रदेशसभाको सदस्य नरहेमा, वा

(ग) निजप्रति प्रदेशसभाको विश्वास छैन भनी प्रदेशसभाको कूल सदस्य संख्याको एकचौथाई सदस्यले राखेको अविश्वासको प्रस्ताव तत्काल कायम कूल सदस्य संख्याको बहुमतबाट पारित भएमा, वा

(घ) निजको मृत्यु भएमा ।

(४) उपमुख्यमन्त्री, मन्त्री, राज्यमन्त्री तथा सहायकमन्त्री देहायको अवस्थामा आफ्नो पदबाट मुक्त हुनेछन् :

(क) निजले मुख्यमन्त्रीसमक्ष लिखित राजीनामा दिएमा, वा

(ख) उपधारा (३) बमोजिम मुख्यमन्त्री आफ्नो पदबाट मुक्त भएमा, वा

(ग) मुख्यमन्त्रीले निजलाई पदमुक्त गरेमा, वा

(घ) निजको मृत्यु भएमा ।

(५) उपधारा (३) बमोजिम मुख्यमन्त्री आफ्नो पदबाट मुक्त भएपनि अर्को मन्त्रिपरिषद्को गठन नभएसम्म सोही मन्त्रिपरिषद्ले कार्यसञ्चालन गरी रहनेछ ।

तर, मुख्यमन्त्रीको मृत्यु भएको अवस्थामा नयाँ मुख्यमन्त्रीको नियुक्ति नभएसम्मको लागि उपमुख्यमन्त्री वा वरिष्ठतम मन्त्रीले मुख्यमन्त्रीको रूपमा कार्यसञ्चालन गर्नेछ ।

९. **पारिश्रमिक तथा अन्य सुविधाहरूः** प्रदेशप्रमुख, मुख्यमन्त्री, उपमुख्यमन्त्री, मन्त्री, राज्यमन्त्री तथा सहायक मन्त्रीहरूको पारिश्रमिक र अन्य सुविधाहरु ऐनद्वारा निर्धारण हुनेछ । त्यसरी ऐनद्वारा निर्धारण नभएसम्म सङ्घीय सरकारले तोके बमोजिम हुनेछ ।

१०. **शपथः** मुख्यमन्त्रीले प्रदेशप्रमुखसमक्ष र उपमुख्यमन्त्री, मन्त्री, राज्यमन्त्री र सहायकमन्त्रीले अनुसूची ...... को ढाँचामा मुख्यमन्त्रीसमक्ष आफ्नो पद र गोपनीयताको शपथग्रहण गर्नुपर्नेछ ।

११. **प्रादेशिक सरकारको कार्यसञ्चालनः** (१) प्रदेश सरकारबाट स्वीकृत नियमावली बमोजिम प्रदेश सरकारको कार्यविभाजन र कार्यसम्पादन हुनेछ ।

(२) उपधारा (१) अन्तर्गतको नियमावलीको पालना भए नभएको सम्बन्धमा कुनै अदालतमा प्रश्न उठाउन सकिने छैन ।

# स्थानीय कार्यपालिका

१. **स्थानीय कार्यकारिणी अधिकारको प्रयोगः** (१) यो संविधान र प्रचलित कानूनको अधीनमा रही प्रत्येक स्थानीय तहको कार्यकारिणी अधिकार सम्बन्धित स्थानीय सरकारमा निहित रहनेछ ।

(२) यो संविधान र प्रचलित कानूनको अधीनमा रही स्थानीय तहको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा स्थानीय सरकारमा रहनेछ ।

(३) स्थानीय तहको कार्यकारिणी कार्यहरु स्थानीय सरकारका नाममा हुनेछन् ।

(४) स्थानीय तहको कार्यकारिणी अधिकार यस संविधानको अधीनमा रही अनुसूची ... मा उल्लिखित स्थानीय सरकारको अधिकारको सूचीमा उल्लिखित विषयवस्तुमा सीमित रहनेछ ।

तर, साझा सूचीमा उल्लिखित विषयवस्तुका सम्बन्धमा कार्यकारिणी अधिकारको प्रयोग गर्दा सङ्घीय सरकार र प्रादेशिक सरकारसँगको समन्वयमा गरिनेछ ।

(५) उपधारा (३) बमोजिम स्थानीय सरकारको नाममा हुने निर्णय वा आदेश र तत्सम्बन्धी अधिकारपत्रको प्रमाणीकरण प्रचलित कानूनबमोजिम हुनेछ ।

२. **स्थानीय सरकारको कार्यकारी प्रमुख र उपप्रमुख सम्बन्धी व्यवस्थाः** (१) प्रत्येक स्थानीय सरकारमा कार्यकारिणी प्रमुखको रुपमा एकजना अध्यक्ष रहनेछ ।

(२) अध्यक्षलाई उसको कार्यसम्पादनमा सघाउ पुऱ्याउन र निजको अनुपस्थितिमा कार्य गर्न एकजना उपाध्यक्ष रहनेछ ।

(३) अध्यक्ष तथा उपाध्यक्षको पदावधि पाँच वर्षको हुनेछ ।

(४) स्थानीय सरकारमा दुई पटक अध्यक्ष भइसकेको व्यक्ति तेश्रोपटक सो पदमा उम्मेदवार हुन योग्य मानिने छैन ।

३. **अध्यक्ष र उपाध्यक्षको निर्वाचन सम्बन्धी व्यवस्थाः** (१) अध्यक्ष र उपाध्यक्षको निर्वाचन वालिग मताधिकारको आधारमा सम्बन्धित स्थानीय तहभित्रका मतदाताहरुद्वारा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीका आधारमा प्रचलित कानूनबमोजिम हुनेछ ।

(२) एकै राजनीतिक दल वा समूहले अध्यक्ष र उपाध्यक्ष दुबै पदको लागि उम्मेदवार उठाएमा कुनै एकपदमा अलग लिङ्ग, जातीयता वा क्षेत्रको व्यक्तिलाई उम्मेदवार बनाउनु पर्नेछ ।

४. **अध्यक्ष र उपाध्यक्ष पदमुक्त हुने अवस्थाः** (१) देहायको अवस्थामा अध्यक्ष र उपाध्यक्ष आफ्नो पदबाट मुक्त हुनेछ :

(क) निजले लिखित राजीनामा दिएमा, वा

(ख) पदावधि समाप्त भएमा, वा

(ग) स्थानीयसभाका तत्काल कायम रहेका सदस्यहरुमध्ये कम्तिमा एक तिहाई सदस्यहरुले राखेको महाभियोगको प्रस्ताव तत्काल कायम कूल सदस्यको दुईतिहाई सदस्यबाट पारित भएमा ।

तर यस्तो प्रस्ताव कार्यप्रारम्भ गरेको एक वर्षभित्र र कार्यावधि समाप्त हुन एकवर्ष बाँकी रहेको अवस्थामा तथा महाभियोगको प्रस्ताव असफल भएको एकवर्ष अवधि व्यतीत नभई अर्को महाभियोगको प्रस्ताव राख्न पाइने छैन । वा

(घ) निजको मृत्यु भएमा ।

(२) उपधारा (१) बमोजिम अध्यक्ष वा उपाध्यक्षको पदरिक्त भएमा छ महिनाभित्र निर्वाचन सम्पन्न गरिनेछ ।

(३) उपधारा (१) बमोजिम अध्यक्ष पदरिक्त भई अर्को निर्वाचन नभएसम्म वा चारवर्षको पदावधि समाप्त गरी अध्यक्ष पदमुक्त भएको अवस्थामा बाँकी अवधिको लागि उपाध्यक्षले अध्यक्षको रूपमा कार्यसम्पादन गर्नेछ ।

५. **स्थानीय सरकारको गठनः** (१) प्रत्येक स्थानीय सरकारको कार्यकारिणी अङ्गमा आवश्यकता अनुसार अध्यक्ष र उपाध्यक्षसहित महानगरको हकमा ५ देखि ११ जना, उपमहानगर र नगरको हकमा ५ देखि ९ जना र गाउँको हकमा ५ देखि ७ जनासम्म सदस्यहरु रहनेछन् ।

(२) अध्यक्षले सम्बन्धित स्थानीयसभामा व्यवस्थापिकीय अङ्गमा प्रतिनिधित्व गर्ने राजनीतिक दलहरूको सदस्य संख्याको आधारमा सो स्थानीयसभाका सदस्यहरूमध्येबाट समानुपातिक र समावेशी सिद्धान्त बमोजिम सदस्यहरूको मनोनयन गरी कार्यविभाजनसमेत गर्नेछ ।

तर, अर्को राजनीतिक दलको तर्फबाट सदस्य मनोनयन गर्दा सो दलको स्थानीयसभामा रहेको नेताको परामर्श लिनु पर्नेछ ।

(३) अध्यक्षले स्थानीय सरकारमा सहभागी दलहरूको सहमतिमा आवश्यकता अनुसार स्थानीय सरकारको हेरफेर एवं पुनर्गठन समेत गर्नसक्नेछ ।

६. **स्थानीय सरकारको कार्यसञ्चालनः** स्थानीय सरकारबाट स्वीकृत नियमावली बमोजिम स्थानीय सरकारको कार्यविभाजन र कार्यसम्पादन हुनेछ ।

७. **स्थानीय सरकार सम्बन्धी अन्य व्यवस्थाहरूः** यस भागमा लेखिएदेखि बाहेक स्थानीय सरकारसम्बन्धी अन्य व्यवस्थाहरु यस संविधानको अधीनमा रही सङ्घीय व्यवस्थापिका-संसदले बनाएको ऐनद्वारा व्यवस्था गरिए बमोजिम हुनेछ ।

भाग

# सङ्घीय व्यवस्थापिका

शासन प्रणालीको छनौटले पनि व्यवस्थापिकासम्बन्धी भाग प्रभावित हुने, प्रतिनिधिसभा र राष्ट्रियसभाको सदस्य संख्या, निर्वाचन प्रणाली र राष्ट्रियसभाको भूमिकाबारे विवाद रहेकोले मस्यौदा गर्न नसकिएको ।

भाग

# प्रदेश व्यवस्थापिका

**प्रदेश व्यवस्थापिकाः** प्रदेशको व्यवस्थापिका एक सदनात्मक हुनेछ । यो व्यवस्थापिकालाई प्रदेशसभा भनिनेछ ।

**प्रदेशसभाको अधिकारः** प्रदेशको व्यवस्थापिकीय अधिकार प्रदेशसभामा निहित रहनेछ । प्रदेशसभाको व्यवस्थापिकीय अधिकार यस संविधानको अधीनमा रही अनुसूची .... को प्रदेश सूची र साझा सूचीमा उल्लिखित विषयमा सीमित रहनेछ ।

**प्रदेशसभाको गठनः** (१) प्रदेशसभामा प्रतिनिधिसभाको निर्वाचित प्रयोजनको लागि निर्धारित निर्वाचनक्षेत्रलाई २ निर्वाचनक्षेत्रमा विभाजन गरी उक्त निर्वाचनक्षेत्रबाट निर्वाचित सदस्य रहने छन् । प्रदेशसभाको निर्वाचन वालिग मताधिकारको आधारमा गोप्य मतदानद्वारा गरिनेछ ।

(२) प्रदेशसभाको निर्वाचनको निमित्त राजनीतिक दलले उम्मेदवारी दिंदा जनसंख्याको आधारमा महिला, मधेसी, थारू, दलित, आदिवासी, जनजाति, मुस्लिम, पिछडिएका वर्ग, क्षेत्र, अल्पसंख्यक समुदाय, अन्य समुदाय समेतबाट प्रतिनिधित्व गराउने व्यवस्था कानूनद्वारा निर्धारण गरिनेछ ।

**स्पष्टीकरणः** यस धाराको प्रयोजनको लागि "अन्य समुदाय" भन्नाले यस उपधारामा उल्लेख नभएका समुदायहरूलाई जनाउँछ ।

(३) यो संविधान बमोजिम *(अगावै विघटन भएमा बाहेक)* प्रदेशसभाको कार्यकाल पाँच वर्षको हुनेछ ।

तर, (१) सङ्कटकालीन स्थितिको घोषणा लागू भएको अवस्थामा एक वर्षमा नबढने गरी ऐनद्वारा प्रदेशसभाको कार्यकाल बढाउन सकिने छ ।

(२) त्यसरी थप गरिएको प्रदेशसभाको कार्यकाल सङ्कटकालीन स्थितिको घोषणा खारेज भएको मितिले छ महिना पुगेपछि स्वतः समाप्त हुनेछ ।

(४) अठार वर्ष उमेर पूरा भएको प्रदेशको क्षेत्रभित्र बसोबास गर्ने नेपाली नागरिकलाई प्रचलित कानूनबमोजिम कुनै एक निर्वाचनक्षेत्रमा मतदान गर्ने अधिकार हुनेछ ।

(५) प्रदेशसभाको सदस्यको लागि निर्वाचनमा मतदान गर्ने अधिकार पाएको कुनै पनि व्यक्ति प्रचलित कानूनको अधीनमा रही आफ्नो निर्वाचनक्षेत्रबाट उम्मेदवार हुन पाउने छ ।

(६) प्रदेशसभाको कार्यकाल बाँकी छँदै कुनै सदस्यको स्थान रिक्त भएमा जुन स्थानरिक्त भएको हो सो रिक्तस्थानको पूर्ति सोही प्रक्रियाद्वारा गरिनेछ ।

(७) यस धारामा लेखिएका कुराहरूका अधीनमा रही प्रदेशसभाको निर्वाचन र तत्सम्बन्धी अन्य कुरा प्रचलित कानूनबमोजिम हुनेछ ।

**प्रदेशसभाको सदस्यको लागि योग्यताः** प्रदेशसभाको सदस्य हुनको लागि देहायको योग्यता हुनुपर्नेछ ।

(क) नेपाली नागरिक भएको,

(ख) प्रदेशको क्षेत्रभित्र बसोबास गरेको,

(ग) पच्चिस वर्ष उमेर पूरा भएको,

(घ) कुनै कानूनले अयोग्य नभएको,

(ङ) कुनै लाभको पदधारण नगरेको,

(च) कुनैपनि फौजदारी कसूरमा सजाय नपाएको ।

**स्पष्टीकरणः** यस खण्डको प्रयोजनको लागि "लाभको पद" भन्नाले निर्वाचन वा मनोनयनद्वारा पूर्ति गरिने राजनीतिक पदबाहेक सरकारी कोषबाट पारिश्रमिक वा आर्थिक सुविधा पाउने अन्य पद सम्झनु पर्छ ।

**सदस्यको अयोग्यता सम्बन्धी निर्णयः** प्रदेशसभाको कुनै सदस्य धारा .... अनुसार अयोग्य छ वा हुन गएको छ भन्ने प्रश्न उठेमा त्यसको निर्णय प्रदेशको उच्च अदालत वा निजले तोकेको अन्य न्यायाधीशले गर्नेछ ।

**स्थानरिक्तता :** प्रदेशसभाका सदस्यको स्थान देहायको अवस्थामा रिक्त हुनेछ :

(क) निजले लिखित राजीनामा दिएमा ;

(ख) धारा .... बमोजिम निजको योग्यता नभएमा वा नरहेमा ;

(ग) प्रदेशसभाको कार्यकाल समाप्त भएमा ;

(ङ) प्रदेशसभाको स्वीकृति नलिई लगातार तीसवटा बैठकमा अनुपस्थित रहेमा ; वा

(च) जुन दलको उम्मेदवार भई सदस्य निर्वाचित भएको हो सो दलले प्रचलित कानूनबमोजिम निजले दल त्याग गरेको कुरा सूचित गरेमा ;

(घ) निजको मृत्यु भएमा ।

**शपथः** प्रदेशसभाका सदस्यहरूले सभा वा त्यसको कुनै समितिको बैठकमा पहिलो पटक भाग लिनु अघि अनुसूची ..... को ढाँचामा निर्धारित रूपमा शपथ लिनु पर्नेछ ।

**प्रदेशसभाको सभामुख र उप-सभामुखको व्यवस्थाः** (१) प्रदेशसभाले आफ्ना सदस्य मध्येबाट एकजना सभामुख र एकजना उप-सभामुखको निर्वाचन गर्नेछ । सभामुख र उप-सभामुखमध्ये एकजना महिला हुनुपर्नेछ । सभामुख तथा उप-सभामुखको पदरिक्त भएमा सभाले आफ्ना सदस्यहरूमध्येबाट निर्वाचन गरी रिक्त स्थानको पूर्ति गर्नेछ ।

(२) प्रदेशसभाको सभामुखको अनुपस्थितिमा उप-सभामुखले प्रदेशसभाको बैठकको अध्यक्षता गर्नेछ ।

(३) प्रदेशसभाको सभामुख र उप-सभामुखको निर्वाचन नभएको वा दुबै पद रिक्त भएको अवस्थामा प्रदेशसभाको बैठकको अध्यक्षता उपस्थित सदस्यहरूमध्ये उमेरको हिसाबले ज्येष्ठ सदस्यले गर्नेछ ।

(४) प्रदेशसभाको सभामुख वा उप-सभामुखको पद देहायका अवस्थामा रिक्त हुनेछ :-

(क) निज प्रदेशसभाको सदस्य नरहेमा;

(ख) निजले लिखित राजीनामा दिएमा;

(ग) निजले पद अनुकूल आचरण गरेको छैन भन्ने प्रस्ताव प्रदेशसभाको तत्काल कायम रहेका सदस्य संख्याको दुई-तिहाई बहुमतबाट पारित भएमा ।

(५) प्रदेशसभाको सभामुखले पद अनुकूलको आचरण गरेको छैन भन्ने प्रस्तावउपर छलफल हुने बैठकको अध्यक्षता उप-सभामुखले गर्नेछ । प्रस्तावको छलफलमा सभामुखले भाग लिन र मतदान गर्न पाउनेछ ।

**अधिवेशनको आव्हान र अन्त्यः** (१) प्रदेशप्रमुखवाट प्रदेशसभाको निर्वाचन भएको एक महिनाभित्र प्रदेशसभाको अधिवेशन आव्हान गरिनेछ । त्यसपछि यस संविधान बमोजिम प्रदेशप्रमुखबाट समयसमयमा अन्य अधिवेशन आव्हान गरिनेछ । तर एउटा अधिवेशनको समाप्ति र अर्को अधिवेशनको प्रारम्भका बीचको अवधि ६ महिनाभन्दा बढी हुने छैन ।

(२) प्रदेशप्रमुखले प्रदेशसभाको अधिवेशनको अन्त्य गर्न सक्नेछ ।

(३) प्रदेशप्रमुखबाट अधिवेशन चालू नरहेको वा बैठक स्थगित भएको अवस्थामा अधिवेशन वा बैठक बोलाउन वाञ्छनीय छ भनी प्रदेशसभाको सम्पूर्ण सदस्य संख्याको एक-चौथाइ सदस्यहरूले समावेदन गरेमा त्यस्तो अधिवेशन वा बैठक बस्ने मिति र समय तोकिनेछ र त्यसरी तोकिएको मिति र समयमा प्रदेशसभाको अधिवेशन प्रारम्भ हुने वा बैठक बस्नेछ ।

**प्रदेशप्रमुखबाट सम्बोधन तथा सन्देशः** (१) प्रदेशप्रमुखले प्रदेशसभाको बैठकलाई सम्बोधन गर्न र त्यसको निमित्त सदस्यहरूको उपस्थिति समादेश गर्न सक्नेछ ।

(२) प्रदेशप्रमुखले प्रदेशसभाका लागि भएको निर्वाचन पछिको पहिलो अधिवेशन र प्रत्येक सालको पहिलो अधिवेशनको प्रारम्भ भएपछि प्रदेशसभाको बैठकलाई सम्बोधन गर्नेछ ।

(३) प्रदेशप्रमुखले प्रदेशसभालाई सन्देश पठाउन सक्नेछ । सभाले सो सन्देशमा उल्लिखित विषयमाथि यथाशीघ्र विचार गरी आफ्नो राय प्रदेशप्रमुख समक्ष प्रस्तुत गर्नेछ ।

**गणपूरक संख्याः** यो संविधानमा अन्यथा लेखिएकोमा बाहेक प्रदेशसभाको बैठकमा सो सभाको सम्पूर्ण सदस्य संख्याको एक चौथाई सदस्य उपस्थित नभएसम्म कुनै प्रश्न निर्णयका लागि प्रस्तुत हुने छैन ।

**बहसमा बन्देजः** नेपालको कुनै अदालतमा विचाराधीन मुद्दाको न्याय निरूपणमा प्रतिकूल असर पार्ने विषय तथा न्यायाधीशले कर्तव्य पालनको सिलसिलामा गरेको न्यायिक कार्यको सम्बन्धमा प्रदेशसभामा छलफल गरिने छैन ।

तर, महाभियोगको प्रस्तावमा छलफल गर्दा न्यायाधीशको आचरणको सम्बन्धमा कुनै कुरा व्यक्त गर्न यस उपधाराले बाधा पुऱ्याएको मानिने छैन ।

**सदस्यको स्थान रिक्त रहेको अवस्थामा सभाको कार्य सञ्चालनः** प्रदेशसभाको कुनै सदस्यको स्थानरिक्त छ भने पनि प्रदेशसभाले आफ्नो कार्यसञ्चालन गर्न सक्नेछ र प्रदेशसभाको कारवाईमा भाग लिन नपाउने कुनै व्यक्तिले भाग लिएको कुरा पछि पत्ता लाग्यो भने पनि भइसकेको कार्य अमान्य हुने छैन ।

**मतदानः** यो संविधानमा अन्यथा व्यवस्था गरिएकोमा बाहेक प्रदेशसभामा निर्णयको लागि प्रस्तुत गरिएको जुनसुकै प्रश्नको निर्णय उपस्थित सदस्यहरूको बहुमतबाट हुनेछ । अध्यक्षता गर्ने व्यक्तिलाई सामान्यतः मत दिने अधिकार हुने छैन ।

तर, मत बराबर भएमा निजले आफ्नो निर्णायक मत दिनेछ ।

**महाअभियोग/विश्वासको मतः** (कुनै पनि प्रतिवेदनमा मस्यौदा समावेश नभएको)

**अनधिकार उपस्थित भएमा वा मतदान गरेमा सजायः** यो संविधान बमोजिम शपथ नलिई वा प्रदेशसभाको सदस्यताको निमित्त आवश्यक योग्यताको अभाव छ भन्ने थाहा पाउँदा पाउदै पनि कुनै व्यक्ति सदस्यको हैसियतले प्रदेशसभाको बैठकमा उपस्थित भएमा वा मतदान गरेमा निजलाई प्रदेशसभाको अध्यक्षता गर्ने व्यक्तिको आदेशले त्यसरी उपस्थित भएको वा मतदान गरेको प्रत्येक बैठकको तीन हजार रूपैयाँको दरले सजाय हुनेछ । सो सजाय सरकारी बाँकी सरह असूल उपर गरिनेछ ।

**विशेषाधिकारः** (१) यो संविधानको अधीनमा रही प्रदेशसभामा पूर्ण वाक्स्वतन्त्रता रहनेछ । प्रदेशसभामा व्यक्त गरेको कुनै कुरा वा दिएको कुनै मतलाई लिएर कुनै पनि सदस्यलाई पक्राउ गर्न, थुनामा राख्न वा निज उपर कुनै अदालतमा कारवाई चलाइने छैन ।

(२) यो संविधानको अधीनमा रही प्रदेशसभालाई आफ्नो आन्तरिक काम कारवाई नियमित गर्ने पूर्ण अधिकार रहनेछ र प्रदेशसभाको कुनै काम कारवाई नियमित वा अनियमित के छ भनी निर्णय गर्ने अधिकार प्रदेशसभालाई मात्र हुनेछ । यस सम्बन्धमा कुनै अदालतमा प्रश्न उठाइने छैन ।

(३) यो संविधानको अधीनमा रही प्रदेशसभाको कुनै काम कारवाईलाई त्यसको असल नियतबारे शङ्का उठाई कुनै टीका-टिप्पणी गरिने छैन र कुनै सदस्यले बोलेको कुनै कुराको सम्बन्धमा जानी-जानी गलत वा भ्रामक अर्थ लगाई कुनै प्रकारको प्रकाशन गरिने छैन ।

(४) यो संविधानको अधीनमा रही उपधारा (१) र (३) को व्यवस्था प्रदेशसभाको बैठकमा भाग लिन पाउने सदस्य बाहेकका अन्य व्यक्तिका हकमा पनि लागू हुनेछ ।

(५) यो संविधानको अधीनमा रही प्रदेशसभाले दिएको अधिकार अन्तर्गत कुनै लिखत, प्रतिवेदन, मतदान वा कारवाईको विवरण प्रकाशित गरेको विषयलाई लिएर कुनै व्यक्तिउपर अदालतमा कारवाई चल्ने छैन ।

**स्पष्टीकरणः** यो उपधारा र उपधारा (१), (२), (३) र (४) को प्रयोजनको लागि "प्रदेशसभा" भन्नाले प्रदेशसभाको समितिलाई समेत सम्झनु पर्छ र सो शब्दले विशेष समितिको बैठकलाई समेत जनाउँछ ।

(६) प्रदेशसभाको कुनै पनि सदस्यलाई अधिवेशन बोलाइएको सूचना जारी भएपछि अधिवेशन अवधिभर पक्राउ गरिने छैन ।

तर, कुनै फौजदारी अभियोगमा कुनै सदस्यलाई प्रचलित कानूनबमोजिम पक्राउ गर्न यस उपधाराले बाधा पुऱ्याएको मानिने छैन । त्यसरी कुनै सदस्य पक्राउ गरिएमा पक्राउ गर्ने अधिकारीले त्यसको सूचना प्रदेशसभाको अध्यक्षता गर्ने व्यक्तिलाई तुरून्त दिनु पर्नेछ । त्यसरी पक्राउ परी हिरासत वा थुनामा रहेकोमा सो अवधिभर निज स्वतः निलम्बन भएको मानिनेछ ।

(७) प्रदेशसभाको विशेषाधिकारको हननलाई प्रदेशसभाको अवहेलना मानिनेछ र कुनै विशेषाधिकारको हनन भएको छ वा छैन भन्ने निर्णय गर्ने अधिकार प्रदेशसभालाई मात्र हुनेछ ।

(८) कसैले प्रदेशसभाको अवहेलना गरेमा अवहेलना गर्ने व्यक्तिलाई सभाको अध्यक्षता गर्ने व्यक्तिले सभाको निर्णयबाट सचेत गराउन, नसिहत दिन वा तीन महिनामा नबढ्ने गरी प्रदेशसभाको अधिवेशन

चलुन्जेलसम्म कैद गर्न वा पाँच हजार रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ । त्यस्तो जरिवाना सरकारी बाँकी सरह असूल उपर गरिनेछ ।

तर, प्रदेशसभालाई सन्तोष हुने गरी अभियुक्तले क्षमायाचना गरेमा प्रदेशसभाले क्षमाप्रदान गर्न वा तोकिसकेको सजायलाई माफी गर्न वा घटाउन सक्नेछ ।

(९) यो संविधानमा उल्लेख गरिएदेखि बाहेक प्रदेशसभाको विशेषाधिकार सम्बन्धी अन्य व्यवस्था प्रचलित कानूनबमोजिम हुनेछन् ।

**कार्य सञ्चालनविधिः** (१) यो संविधानको अधीनमा रही प्रदेशसभाले आफ्नो कार्यसञ्चालन गर्न, बैठकको सुव्यवस्था कायम राख्न र समितिहरूको गठन, काम, कारवाई र कुनै समितिको अन्य कुरा नियमित गर्नको लागि नियमावली बनाउनेछ । त्यस्तो नियमावली प्रदेशप्रमुखबाट प्रमाणीकरण भएपछि लागू हुनेछ ।

(२) उपधारा (१) बमोजिमको नियमावली नबनेसम्म सो उपधारामा उल्लेख गरिएका कुराहरू प्रदेशप्रमुखबाट बनाइएको नियमावली बमोजिम हुनेछन् ।

**समितिः** प्रदेशसभाले आवश्यकतानुसार विषयगत समितिहरूको गठन र व्यवस्था नियमावलीद्वारा गर्न सक्नेछ ।

**विशेष समितिः** (१) सभाको कार्यप्रणालीलाई व्यवस्थित गर्न, कुनै विधेयकमा रहेको मतभिन्नता अन्त्य गर्न वा अन्य कुनै खास कार्यका लागि विशेष समिति गठन गरियोस् भनी प्रदेशसभाले कुनै प्रस्ताव पारित गरेमा विशेष समितिको गठन गरिनेछ ।

(२) विशेष समितिमा बढीमा सातजना सदस्यहरू रहने छन् ।

**प्रदेशसभाको सचिवालयः** (१) प्रदेशप्रमुखबाट प्रदेशसभाको सभामुखको सिफारिशमा सचिवको नियुक्ति गरिनेछ ।

(२) प्रदेशसभाको काम कारवाई सञ्चालन गर्न आवश्यक सचिवालयको स्थापना र सो सम्बन्धी अन्य कुरा प्रचलित कानूनबमोजिम हुनेछ ।

**पारिश्रमिकः** प्रदेशसभाको सभामुख, उप-सभामुख, समितिका सभापतिहरू तथा सदस्यहरूको पारिश्रमिक र सुविधा कानूनद्वारा निर्धारित हुनेछ र त्यसरी निर्धारित नभएसम्म प्रदेशप्रमुखबाट तोकिए बमोजिम हुनेछ ।

भाग

# स्थानीय व्यवस्थापिका

(कुनै पनि समितिको प्रतिवेदनमा प्रस्ताव नरहेको)

भाग

# विशेष संरचना

विशेष संरचना रहने कि नरहने भन्ने विवाद रहेको छ तर राज्य पुनर्संरचना समितिको प्रतिवेदनमा देहाय बमोजिमको मस्यौदा रहेको देखिन्छ ।

**विशेष संरचना सम्बन्धी व्यवस्थाः** (१) संविधानको धारा ... बमोजिमको मूल संरचनाको अतिरिक्त कुनै प्रदेशभित्र एक जाति/सुमदाय वा भाषिक समुदायको बाहुल्य भएको वा सघन उपस्थिति रहेको क्षेत्रलाई स्वायत्तक्षेत्र कायम गर्न सकिनेछ ।

(२) उपधारा (१) को अतिरिक्त अति अल्पसंख्यकरूपमा रहेका जाति/समुदाय, सांस्कृतिकक्षेत्र, लोपोन्मुख र सीमान्तकृत जातिहरूको संरक्षण र सम्वर्द्धन गर्न कुनै क्षेत्रलाई संरक्षितक्षेत्र कायम गर्न सकिनेछ ।

(३) उपधारा (१) र (२) बमोजिमको क्षेत्रले नसमेटेका सम्बन्धित प्रदेश भित्र पिछडिएका तथा आर्थिक र सामाजिक अवस्थाबाट पछाडि पारिएको क्षेत्र वा विषयगतक्षेत्रको विकास गर्न कुनै खास भौगोलिकक्षेत्रलाई विशेषक्षेत्र कायम गर्न सकिनेछ ।

(४) उपधारा (१) बमोजिम प्रदेश अन्तर्गत निर्माण हुने स्वायत्तक्षेत्रहरू अनुसूची २ मा उल्लेख भए बमोजिम हुनेछन् । अनुसूचीमा उल्लिखित स्वायत्तक्षेत्रहरूको अतिरिक्त थप नयाँ निर्माणको लागि सिफारिस गर्न प्रादेशिक सरकारले एक अधिकार सम्पन्न आयोग गठन गर्नेछ । स्वायत्तक्षेत्रको निर्माण पहिलोपटक प्रादेशिक सरकार गठन भएको एक वर्षभित्र गरिसक्नु पर्नेछ ।

(५) उपधारा (४) बमोजिमका स्वायत्तक्षेत्रहरूको नाम हेरफेर, थपघट र परिवर्तन गर्नु परेमा सम्बन्धित प्रादेशिक व्यवस्थापिकाको सिफारिसलाई सङ्घीय व्यवस्थापिकाको दुई तिहाई बहुमतबाट अनुमोदन गर्नु पर्नेछ ।

(६) उपधारा (२) र (३) बमोजिम संरक्षितक्षेत्र र विशेषक्षेत्र निर्माण गर्नु परेमा सम्बन्धित प्रादेशिक व्यवस्थापिकाको बहुमतको निर्णयबाट गर्न सकिनेछ ।

(७) स्वायत्तक्षेत्र, विशेषक्षेत्र र संरक्षितक्षेत्र सम्बन्धी अन्य व्यवस्था प्रादेशिक कानूनद्वारा निर्धारण भए बमोजिम हुनेछ ।

भाग

# न्यायपालिका

न्यायपालिका सम्बन्धी आधारभूत विषयहरू सबै विवादमा रहेको र सम्बन्धित समितिको प्रतिवेदनलाई पुनर्लेखन नै गर्नु पर्ने सम्भावना रहेकोले यहाँ नराखिएको ।

भाग

# सङ्घीय व्यवस्थापन कार्यविधि

**विधेयक प्रस्तुत गर्ने विधि :** (१) व्यवस्थापिका-संसदको कुनै पनि सदनमा विधेयक प्रस्तुत गर्न सक्नेछ ।

तर, अर्थ विधेयक प्रतिनिधिसभामा मात्र प्रस्तुत गरिनेछ ।

(२) अर्थ विधेयक, नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरीलगायत सम्बन्धित विधेयक सरकारी विधेयकको रूपमा मात्र प्रस्तुत गरिनेछ ।

(३) "अर्थ विधेयक" भन्नाले देहायमा उल्लिखित सबै वा कुनै विषयसित सम्बन्ध राख्ने विधेयकलाई जनाउँछ :-

(क) सङ्घीय कर लगाउने, उठाउने, खारेज गर्ने, छूट दिने, परिवर्तन गर्ने वा कर प्रणालीलाई व्यवस्थित गर्ने विषय,

(ख) सङ्घीय सञ्चित कोष वा अन्य कुनै सरकारी कोषको संरक्षण गर्ने, त्यस्तो कोषमा रकम जम्मा गर्ने वा त्यस्तो कोषबाट कुनै रकम विनियोजन वा खर्च गर्ने वा विनियोजन वा खर्च गर्न खोजिएको रकम घटाउने, बढाउने वा खारेज गर्ने विषय,

(ग) सङ्घीय सरकारले ऋण प्राप्त गर्ने वा जमानत दिने विषय व्यवस्थित गर्ने वा सङ्घीय सरकारले लिएको वा लिने आर्थिक दायित्व सम्बन्धी कानून संशोधन गर्ने विषय,

(घ) सङ्घीय सरकारी कोषमा प्राप्त हुने सबै प्रकारको राजस्व, ऋण असुलीबाट प्राप्त रकम र अनुदानको रकम जिम्मा राख्ने, लगानी गर्ने वा सङ्घीय सरकारको लेखाको लेखापरीक्षण गर्ने विषय, र

(ङ) खण्ड (क) देखि खण्ड (घ) सम्मका विषयहरूसँग प्रत्यक्ष सम्बन्ध भएका प्रासंगिक विषयहरू ।

तर कुनै अनुमतिपत्र दस्तुर, निवेदन दस्तुर, नवीकरण दस्तुरजस्ता शुल्क, दस्तुर लगाउने वा कुनै जरिवाना वा कैद हुने व्यवस्था भएको कारणले मात्र कुनै विधेयक अर्थ विधेयक मानिने छैन ।

(४) कुनै विधेयक अर्थ विधेयक हो होइन भन्ने प्रश्न उठेमा प्रतिनिधिसभाको सभामुखको निर्णय अन्तिम हुनेछ ।

**विधेयक पारित गर्ने विधिः** (१) व्यवस्थापिका-संसदको एउटा सदनले पारित गरेको विधेयक यथाशीघ्र अर्को सदनमा पठाइनेछ र सो सदनले पारित गरेपछि प्रमाणीकरणको लागि राष्ट्रपतिसमक्ष पेश गरिनेछ ।

(२) प्रतिनिधिसभाले पारित गरेको अर्थ विधेयक राष्ट्रियसभामा पठाइनेछ । राष्ट्रियसभाले सो विधेयकमा छलफल गरी विधेयक प्राप्त गरेको पन्ध्र दिनभित्र कुनै सुझाव भए सुझावसहित प्रतिनिधिसभामा फिर्ता पठाउनु पर्नेछ ।

(३) उपधारा (२) बमोजिम सुझावसहित फिर्ता आएको विधेयकमा प्रतिनिधिसभाले छलफल गरी उचित देखेको सुझाव समावेश गरी प्रमाणीकरणको लागि राष्ट्रपतिसमक्ष पेश गर्नेछ ।

(४) उपधारा (२) बमोजिम अर्थ विधेयक प्राप्त गरेको पन्ध्र दिनसम्ममा राष्ट्रियसभाले सो विधेयक फिर्ता गरेन भने प्रतिनिधिसभाले प्रमाणीकरणको लागि राष्ट्रपतिसमक्ष पेश गर्न सक्नेछ ।

(५) प्रतिनिधिसभाले पारित गरी राष्ट्रियसभामा पठाएको अर्थ विधेयक बाहेक अन्य विधेयक राष्ट्रियसभाले आफूसमक्ष प्राप्त भएको साठी दिनभित्र पारित गरी वा सुझावसहित फिर्ता पठाउनु पर्नेछ । त्यस्तो अवधिभित्र राष्ट्रियसभाले सो विधेयक फिर्ता गरेन भने प्रतिनिधिसभाले तत्काल कायम रहेको सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरूको निर्णयबाट त्यस्तो विधेयक प्रमाणीकरणको लागि राष्ट्रपतिसमक्ष पेश गर्न सक्नेछ ।

(६) कुनै सदनले पारित गरेको विधेयक अर्को सदनले अस्वीकृत गरेमा वा संशोधनसहित पारित गरेमा त्यस्तो विधेयक उत्पत्ति भएको सदनमा फिर्ता पठाउनु पर्नेछ ।

(७) उपधारा (६) अनुसार राष्ट्रियसभाबाट अस्वीकृत भई वा संशोधन सहित प्रतिनिधिसभामा फिर्ता आएको विधेयकउपर विचार गरी प्रतिनिधिसभाको तत्काल कायम रहेको सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरूले प्रस्तुत रूपमा वा संशोधनसहित पुनः पारित गरेमा त्यस्तो विधेयक प्रमाणीकरणको लागि राष्ट्रपतिसमक्ष पेश गरिनेछ ।

(८) उपधारा (६) अनुसार प्रतिनिधिसभाबाट संशोधन सहित राष्ट्रियसभामा फिर्ता आएको विधेयक राष्ट्रियसभाले पनि त्यस्तो संशोधन सहित पारित गरेमा प्रमाणीकरणको लागि राष्ट्रपतिसमक्ष पेश गरिनेछ ।

(९) देहायको विधेयक दुबै सदनको संयुक्त बैठकमा प्रस्तुत गरिनेछ र संयुक्त बैठकले विधेयकलाई प्रस्तुत रूपमा वा संशोधनसहित पारित गरेमा विधेयक उत्पति भएको सदनले प्रमाणीकरणको लागि राष्ट्रपतिसमक्ष पेश गर्नेछ :-

(क) राष्ट्रियसभाले पारित गरेको तर प्रतिनिधिसभाले अस्वीकार गरेको; वा

(ख) प्रतिनिधिसभाले संशोधन सहित राष्ट्रियसभामा फिर्ता पठाएको, तर राष्ट्रियसभा सो संशोधनमा सहमत हुन नसकेको ।

(१०) कुनै विधेयक विचाराधीन रहेको अवस्थामा सदनको अधिवेशनको अन्त्य भए पनि त्यस्तो विधेयकमाथि त्यसपछि प्रारम्भ हुने अधिवेशनमा कारवाई हुन सक्नेछ ।

तर, कुनै विधेयक प्रतिनिधिसभामा प्रस्तुत भई विचाराधीन रहेको वा सो सदनले पारित गरी राष्ट्रियसभामा पठाएको तर सो सदनमा विचाराधीन रहेको अवस्थामा प्रतिनिधिसभा विघटन भएमा वा सो सदनको कार्यकाल समाप्त भएमा त्यस्तो विधेयक स्वतः निष्क्रिय भएको मानिनेछ ।

**विधेयक फिर्ता लिने:** विधेयक प्रस्तुतकर्ताले सदनको स्वीकृति लिई विधेयक फिर्ता लिन सक्नेछ ।

**विधेयकमा प्रमाणीकरण:** (१) धारा .......बमोजिम प्रमाणीकरणको लागि राष्ट्रपतिसमक्ष पेश गरिने विधेयक उत्पत्ति भएको सदनको सभामुख वा अध्यक्षले प्रमाणित गरी पेश गर्नु पर्नेछ ।

तर, अर्थ विधेयकका हकमा अर्थ विधेयक हो भनी सभामुखले प्रमाणित गर्नु पर्नेछ ।

(२) यस धारा बमोजिम प्रमाणीकरणको लागि राष्ट्रपतिसमक्ष पेश भएको विधेयक प्रमाणीकरण भएपछि त्यसको सूचना यथासम्भव चाँडो दुबै सदनलाई दिइनेछ ।

(३) राजस्व र व्ययको अनुमानसँग सम्बन्धित विधेयक बाहेक अन्य विधेयकको सम्बन्धमा पुनः विचारविमर्श हुनु आवश्यक छ भन्ने राष्ट्रपतिलाई लागेमा निजले विधेयक पेश भएको तीस दिनभित्र सन्देशसहित विधेयक उत्पत्ति भएको सदनमा फिर्ता पठाउन सक्नेछ ।

(४) राष्ट्रपतिले कुनै विधेयक सन्देश सहित फिर्ता गरेमा त्यस्तो विधेयकमाथि दुबै सदनको संयुक्त बैठकमा पुनर्विचार गरी त्यस्तो विधेयक प्रस्तुत रूपमा वा संशोधनसहित पारित भई पुनः पेश भएमा त्यसरी पेश भएको पन्ध्र दिनभित्र राष्ट्रपतिबाट प्रमाणीकरण गर्नेछ ।

(५) राष्ट्रपतिले यो धारा बमोजिम कुनै विधेयक प्रमाणीकरण गरेपछि त्यस्तो विधेयक ऐन बन्नेछ ।

**अध्यादेश:** (१) व्यवस्थापिका-संसदको दुबै सदनको अधिवेशन चलिरहेको अवस्थामा बाहेक अन्य अवस्थामा तत्काल केही गर्न आवश्यक परेमा यस संविधानमा लेखिएका कुराहरूको प्रतिकूल नहुने गरी राष्ट्रपतिले मन्त्रिपरिषद्को सिफारिशमा अध्यादेश जारी गर्न सक्नेछ ।

(२) उपधारा (१) अनुसार जारी भएको अध्यादेश ऐन सरह मान्य हुनेछ ।

तर यस्तो प्रत्येक अध्यादेश -

(क) जारी भएपछि बसेको व्यवस्थापिका- संसदको दुबै सदनमा पेश गरिनेछ र दुबै सदनले स्वीकार नगरेमा स्वतः निष्क्रिय हुनेछ;

(ख) राष्ट्रपतिले जुनसुकै बखत खारेज गर्न सक्नेछ; र

(ग) खण्ड (क) वा (ख) बमोजिम निष्क्रिय वा खारेज नभएमा वा दुबै सदनको बैठक बसेको साठी दिनपछि स्वतः निष्क्रिय हुनेछ ।

**स्पष्टीकरण:** व्यवस्थापिका- संसदका सदनहरूको बैठक अघिपछि गरी बसेमा यस उपधाराको प्रयोजनको लागि बैठक बसेको गणना गर्दा जुन सदनको बैठक पछि बसेको छ सो मितिबाट गरिनेछ ।

भाग

## प्रदेश व्यवस्थापन कार्यविधि

**विधेयक प्रस्तुत गर्ने विधि:** (१) प्रदेशसभामा कुनै पनि विधेयक प्रस्तुत गर्न सकिनेछ ।

(२) अर्थ विधेयक र सुरक्षा निकायसँग सम्बन्धित विधेयक सरकारी विधेयकको रूपमा मात्र प्रस्तुत गरिनेछ ।

(३) "अर्थ विधेयक" भन्नाले देहायमा उल्लिखित सबै वा कुनै विषयसित सम्बन्ध राख्ने विधेयकलाई जनाउँछ :-

(क) प्रदेशमा कर लगाउने, उठाउने, खारेज गर्ने, छूट दिने, परिवर्तन गर्ने वा कर प्रणालीलाई व्यवस्थित गर्ने विषय,

(ख) प्रदेश सञ्चित कोष वा अन्य कुनै सरकारी कोषको संरक्षण गर्ने, त्यस्तो कोषमा रकम जम्मा गर्ने वा त्यस्तो कोषबाट कुनै रकम विनियोजन वा खर्च गर्ने वा विनियोजन वा खर्च गर्न खोजिएको रकम घटाउने, बढाउने वा खारेज गर्ने विषय,

(ग) प्रदेश सरकारले ऋण प्राप्त गर्ने वा जमानत दिने विषय व्यवस्थित गर्ने वा प्रदेशको सरकारले लिएको वा लिने आर्थिक दायित्व सम्बन्धी कानून संशोधन गर्ने विषय,

(घ) प्रदेश सरकारी कोषमा प्राप्त हुने सबै प्रकारको राजस्व, ऋण असुलीबाट प्राप्त रकम र अनुदानको रकम जिम्मा राख्ने, लगानी गर्ने वा प्रदेश सरकारको लेखाको लेखापरीक्षण गर्ने विषय, वा

(ङ) खण्ड (क) देखि खण्ड (घ) मा उल्लिखित विषयहरूसँग प्रत्यक्ष सम्बन्ध भएका प्रासंगिक विषयहरू ।

तर कुनै अनुमतिपत्र दस्तुर, निवेदन दस्तुर, नवीकरण दस्तुर जस्ता शुल्क, दस्तुर लगाउने वा कुनै जरिवाना वा कैद हुने व्यवस्था भएको कारणले मात्र कुनै विधेयक अर्थ विधेयक मानिने छैन ।

(४) कुनै विधेयक अर्थ विधेयक हो होइन भन्ने प्रश्न उठेमा प्रदेशसभाका सभामुखको निर्णय अन्तिम हुनेछ ।

**विधेयक पारित गर्ने विधिः** (१) प्रदेशसभाले छलफल गरी पारित गरेको विधेयक यथाशीघ्र प्रमाणीकरणको लागि प्रदेशप्रमुख समक्ष पेश गरिने छ ।

(२) कुनै विधेयक विचाराधीन रहेको अवस्थामा प्रदेशसभाको अधिवेशनको अन्त्य भए पनि त्यस्तो विधेयकमाथि त्यसपछि प्रारम्भ हुने अधिवेशनमा कारवाई हुन सक्नेछ ।

तर कुनै विधेयक प्रदेशसभामा प्रस्तुत भई विचाराधीन रहेको अवस्थामा प्रदेशसभा विघटन भएमा वा सो सभाको कार्यकाल समाप्त भएमा त्यस्तो विधेयक स्वतः निष्क्रिय भएको मानिनेछ ।

**विधेयक फिर्ता लिनेः** विधेयक प्रस्तुतकर्ताले प्रदेशसभाको स्वीकृति लिई विधेयक फिर्ता लिन सक्नेछ ।

**विधेयक प्रमाणीकरणः** (१) धारा .... बमोजिम प्रमाणीकरणको लागि प्रदेशप्रमुखसमक्ष पेश गरिने विधेयक प्रदेशसभाका सभामुखले प्रमाणित गरी पेश गर्नु पर्नेछ र अर्थ विधेयकका हकमा अर्थ विधेयक हो भन्ने व्यहोरा समेत खुलाउनु पर्नेछ ।

(२) यो धारा बमोजिम प्रमाणीकरणको लागि प्रदेशप्रमुखसमक्ष पेश भएको विधेयक प्रमाणीकरण भएपछि त्यसको सूचना यथासम्भव चाँडो प्रदेशसभालाई दिइनेछ ।

(३) राजस्व र व्ययको अनुमानसँग सम्बन्धित अर्थ विधेयक बाहेक अन्य विधेयकको सम्बन्धमा पुनः विचारविमर्श हुनु आवश्यक छ भन्ने प्रदेशप्रमुखलाई लागेमा निजले विधेयक पेश भएको तीस दिनभित्र सन्देशसहित विधेयक प्रदेशसभामा फिर्ता पठाउन सक्नेछ ।

(४) प्रदेशप्रमुखले कुनै विधेयक सन्देशसहित फिर्ता गरेमा त्यस्तो विधेयकमाथि प्रदेशसभाको बैठकमा पुनर्विचार गरी त्यस्तो विधेयक प्रस्तुत रूपमा वा संशोधनसहित पारित गरी पुनः पेश गरेमा त्यसरी पेश भएको पन्ध्र दिनभित्र प्रदेशप्रमुखले प्रमाणीकरण गर्नेछ ।

(५) प्रदेशप्रमुखले यो धारा बमोजिम कुनै विधेयक प्रमाणीकरण गरेपछि त्यस्तो विधेयक ऐन बन्नेछ ।

**अध्यादेशः** (१) प्रदेशसभाको अधिवेशन चलिरहेको अवस्थामा बाहेक अन्य अवस्थामा तत्काल केही गर्न आवश्यक परेमा यस संविधानमा लेखिएका कुराहरूको प्रतिकूल नहुने गरी प्रदेश मन्त्रिपरिषद्को सिफारिशमा प्रदेशप्रमुखले अध्यादेश जारी गर्न सक्नेछ ।

(२) उपधारा (१) अनुसार जारी भएको अध्यादेश ऐन सरह मान्य हुनेछ ।

तर, त्यस्तो प्रत्येक अध्यादेश,

(क) जारी भएपछि बसेको प्रदेशसभामा पेश गरिनेछ र प्रदेशसभाले स्वीकार नगरेमा स्वतः निष्क्रिय हुनेछ,

(ख) प्रदेशप्रमुखबाट जुनसुकै बखत खारेज हुन सक्नेछ र

(ग) खण्ड (क) वा (ख) बमोजिम निष्क्रिय वा खारेज नभएमा प्रदेशसभाको बैठक बसेको साठी दिनपछि स्वतः निष्क्रिय हुनेछ ।

भाग

# स्थानीय तहको व्यवस्थापनविधि

(कुनै पनि समितिको प्रतिवेदनमा प्रस्ताव नरहेको)

भाग

# आर्थिक कार्यप्रणाली

**आर्थिक अधिकारको बाँडफाँडः** (१) आर्थिक अधिकारको बाँडफाँड अनुसूची … मा उल्लेख भए बमोजिम हुनेछ ।

(२) साझा क्षेत्राधिकारभित्रका विषयमा व्यवस्थापिका-संसदले आधारभूत कानून तर्जुमा गरी प्रदेश र स्थानीय सरकारको अधिकार स्पष्ट गर्न सक्नेछ । प्रदेशसभा र स्थानीयसभाले त्यस्तो आधारभूत कानूनका अधीनमा रही आवश्यक कानूनी व्यवस्था मिलाई कार्यान्वयन गर्न सक्नेछ ।

(३) प्रदेश र स्थानीय सरकारले आफ्नो क्षेत्राधिकारभित्रको विषयमा आर्थिक योजना तथा नीति तर्जुमा गर्न सक्नेछ

(४) प्रत्येक तहका सरकारहरूलाई आफ्नो क्षेत्राधिकारभित्र निहित आर्थिक अधिकारसम्बन्धी विषयमा निर्णय गर्ने तथा वार्षिक बजेट बनाउने र कार्यान्वयन गर्ने अधिकार हुनेछ ।

(५) सबै तहका सरकारहरूको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासनसम्बन्धी व्यवस्था व्यवस्थापिका-संसदले बनाएको कानूनबमोजिम हुनेछ ।

**बजेट निर्माणः** (१) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारको बजेट समग्र अर्थतन्त्रको प्रभावकारी व्यवस्थापन, पारदर्शिता र जवाफदेहीलाई सुदृढ गर्ने गरी बनाइने छ ।

(२) प्रदेश र स्थानीय सरकारहरूको बजेटको खाका, बजेट पेश गर्ने समय, तथा सङ्घीय बजेट व्यवस्थापनसँगको सम्बन्ध प्रचलित कानूनबमोजिम हुनेछ ।

**राजस्वका स्रोतको बाँडफाँडः** नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारको अनुसूची … मा उल्लेख भए बमोजिम स्रोतहरूमा कर लगाउन र ती स्रोतहरूबाट राजस्व उठाउन सक्ने छन् । तर कुनै सरकारको तहमा नपरेका स्रोतहरू सङ्घीय सरकारले तोके बमोजिम हुनेछन् ।

**कानूनबमोजिम बाहेक कर लगाउन नपाइनेः** प्रचलित कानूनबमोजिम बाहेक नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकार द्वारा कुनै पनि कर लगाउन र उठाउन पाइने छैन । प्रचलित कानूनबमोजिम बाहेक नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारले कुनै ऋण लिने र जमानत दिने छैन ।

**राजस्वको न्यायोचित बाँडफाँडः** (१) नेपाल सरकारले आफ्नो स्रोतबाट सङ्कलन गरेको राजस्व केन्द्र, प्रदेश र स्थानीय सरकारहरूलाई न्यायोचित वितरण गर्ने व्यवस्था मिलाउनेछ ।

(२) नेपाल सरकारले प्रादेशिक र स्थानीय सरकारहरूलाई उनीहरूको खर्चको आवश्यकता, राजस्वको क्षमता र प्रयासको आधारमा वित्तीय समानीकरण अनुदान वितरण गर्नेछ ।

(३) प्रदेश सरकारले नेपाल सरकारबाट प्राप्त अनुदान र आफ्नो स्रोतबाट उठ्ने राजस्वलाई स्थानीय सरकारको आफ्नो खर्च आवश्यकता, राजस्व क्षमता र प्रयासको आधारमा कानूनमा व्यवस्था भएबमोजिम वित्तीय समानीकरण अनुदान वितरण गर्नेछन् ।

(४) नेपाल सरकारले सङ्घीय संचित कोषमार्फत प्रदान गरिने अन्य अनुदान (सशर्त अनुदान, समपूरक अनुदान वा अन्य प्रयोजनका लागि दिइने विशेष अनुदान) वितरण सम्बन्धी व्यवस्था मिलाउनेछ ।

(५) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारको बीचको राजस्वको बाँडफाँड पारदर्शी हुनेछ ।

(६) व्यवस्थापिका-संसदले राजस्व बाँडफाँडसम्बन्धी ऐन बनाउँदा राष्ट्रिय नीति, राष्ट्रिय आवश्यकता, प्रदेश र स्थानीय सरकारको स्वायत्तता, प्रदेश र स्थानीय सरकारहरूले जनताहरूलाई पुऱ्याउनु पर्ने सेवा र उनीहरूलाई प्रदान गरिएको आर्थिक अधिकार, राजस्व उठाउन सक्ने क्षमता, विकास निर्माणमा गर्नुपर्ने सहयोग, क्षेत्रीय असन्तुलन, गरीबी र असमानता, वञ्चितीकरण, आकस्मिक कार्य र अस्थायी आवश्यकता पूरा गर्न गर्नुपर्ने सहयोगजस्ता कुराहरूलाई मध्यनजर गर्नु पर्नेछ ।

**राजस्व र खर्चको लेखाव्यवस्थापनः** (१) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारको राजस्व र खर्चको वर्गीकरण एकै प्रकारको हुनेछ । यससम्बन्धी व्यवस्था प्रचलित कानूनबमोजिम हुनेछ ।

(२) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारको एकै किसिमको मान्य सिद्धान्तमा आधारित लेखा प्रणाली अवलम्बन गर्नेछन् । यसको पद्धति र ढाँचा प्रचलित कानूनबमोजिम हुनेछ ।

(३) प्रचलित कानूनबमोजिमको राजस्व र खर्चको वर्गीकरण तथा लेखाप्रणालीको पालना गर्नु प्रदेश र स्थानीय सरकारहरूको दायित्व हुनेछ ।

(४) प्रचलित कानूनबमोजिमको राजस्वको वर्गीकरण, खर्च वर्गीकरण र लेखाप्रणाली पालना नगर्ने प्रदेश सरकारलाई नेपाल सरकारले दिने अनुदान पालना नगरेसम्म रोक्का राख्न सक्नेछ ।

(५) प्रचलित कानूनबमोजिमको राजस्व र खर्चको वर्गीकरण र लेखाप्रणाली पालना नगर्ने स्थानीय सरकारलाई प्रदेश सरकारले दिने अनुदान पालना नगरेसम्म रोक्का राख्न सक्नेछन् ।

**सङ्घीय सञ्चित कोषः** गुठी रकम बाहेक सङ्घीय सरकारलाई प्राप्त हुने सबै प्रकारका राजस्व, राजस्वको धितोमा लिइएका सबै कर्जाहरू, ऐनको अधिकार अन्तर्गत दिइएको जुनसुकै ऋण असुल हुँदा प्राप्त भएको सबै धन र नेपाल सरकारलाई प्राप्त हुने अन्य जुनसुकै रकम ऐनद्वारा अर्को कुनै व्यवस्था नगरिएमा एक सरकारी कोषमा आम्दानी बाँधिनेछ जसलाई सङ्घीय सञ्चित कोष भनिनेछ ।

तर, निजी गुठी बाहेकको अन्य गुठीको रकमको हकमा कानून बनाई नियमित गर्न सकिनेछ ।

**सङ्घीय सञ्चित कोष वा सङ्घीय सरकारी कोषबाट व्ययः** देहायका रकम बाहेक सङ्घीय सञ्चित कोष वा अन्य कुनै सङ्घीय सरकारी कोषबाट कुनै रकम झिक्न सकिने छैनः–

(क) सङ्घीय सञ्चित कोषमाथि व्ययभार भएको रकम;

(ख) विनियोजन ऐनद्वारा खर्च हुने रकम;

(ग) विनियोजन विधेयक विचाराधीन रहेको अवस्थामा पेस्कीको रूपमा ऐनद्वारा खर्च हुने रकम; वा

(घ) विशेष अवस्थामा व्ययको विवरणमात्र भएको उधारो खर्च ऐनद्वारा व्यय हुने रकम ।

तर, आकस्मिक कोषका हकमा धारा ४० बमोजिम हुनेछ ।

**सङ्घीय सञ्चित कोषमाथि व्ययभारः** देहायका विषयसँग सम्बन्धित खर्चहरू सङ्घीय सञ्चित कोषमाथि व्ययभार हुनेछन् र यस्तो व्ययको लागि व्यवस्थापिका-संसदको स्वीकृति आवश्यक पर्ने छैन ।

(१) राष्ट्रपति र उपराष्ट्रपतिको खर्च सम्बन्धी ऐनद्वारा व्यवस्था गरिएको रकम

(२) नेपालको प्रधानन्यायाधीश, सर्वोच्च अदालत तथा संवैधानिक अदालतका न्यायाधीशहरूलाई दिइने पारिश्रमिक, सुविधा र निवृत्तिभरणको रकम,

(३) निम्नलिखित पदाधिकारीलाई दिइने पारिश्रमिक र सुविधाका रकमहरू :

(क) प्रतिनिधिसभाका सभामुख र उप-सभामुख;

(ख) राष्ट्रियसभाका उपाध्यक्ष;

(ग) लोकसेवा आयोगका अध्यक्ष र सदस्यहरू;

(घ) निर्वाचन आयोगका प्रमुख आयुक्त र आयुक्तहरू;

(ङ) अख्तियार दुरूपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त र आयुक्तहरू;

(च) लेखापरीक्षण आयोगका अध्यक्ष र सदस्यहरू

(छ) राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष र सदस्यहरू ।

(ज) सामाजिक समावेशीकरण आयोगका अध्यक्ष र सदस्यहरू ।

(झ) राष्ट्रिय प्राकृतिकस्रोत आयोगका अध्यक्ष र सदस्यहरू ।

(ञ) राष्ट्रिय वित्तीय आयोगका अध्यक्ष र सदस्यहरू ।

(ट) सङ्घीय संरचना आयोगका अध्यक्ष र सदस्यहरू

(४) राष्ट्रपति र उपराष्ट्रपतिको कार्यालय, व्यवस्थापिका-संसद, सर्वोच्च अदालत, लोकसेवा आयोग, निर्वाचन आयोग, अख्तियार दुरूपयोग अनुसन्धान आयोग, लेखापरीक्षण आयोग, राष्ट्रिय मानव अधिकार आयोग, सामाजिक समावेशीकरण आयोग, राष्ट्रिय प्राकृतिकस्रोत आयोग, राष्ट्रिय वित्तीय आयोग र सङ्घीय संरचना आयोगसम्बन्धी प्रशासनिक व्ययहरू,

(५) नेपाल सरकारको दायित्वको ऋणसम्बन्धी व्ययभार,

(६) नेपाल सरकारको विरूद्ध अदालतबाट भएको फैसला वा आज्ञप्ति अनुसार तिर्नु पर्ने रकम, र

(७) कानूनले सञ्चित कोषमाथि व्ययभार हुने भनी निर्धारण गरेको रकम ।

**राजस्व र व्ययको अनुमानः** (१) राष्ट्रपतिले प्रत्येक आर्थिक वर्षको सम्बन्धमा व्यवस्थापिका-संसदका दुबै सदनको संयुक्त बैठकसमक्ष देहायका कुराहरू समेत खुलाई वार्षिक अनुमान पेश गर्न लगाउनेछ :

(क) राजस्वको अनुमान;

(ख) सङ्घीय सञ्चित कोषमाथि व्ययभार हुने आवश्यक रकमहरू; र

(ग) विनियोजन ऐनद्वारा व्यय हुने आवश्यक रकमहरू ।

(२) उपधारा (१) बमोजिम वार्षिक अनुमान पेश गर्दा गत आर्थिक वर्षमा प्रत्येक मन्त्रालयलाई छुट्याइएको खर्चको रकम र सो खर्च अनुसारको लक्ष्य हासिल भयो वा भएन त्यसको विवरण पनि साथै पेश गर्नु पर्नेछ ।

**विनियोजन ऐनः** विनियोजन ऐन अनुसार व्यय हुने आवश्यक रकम शीर्षकहरूमा निर्दिष्ट गरी विनियोजन विधेयकमा राखिनेछन् ।

**पूरक अनुमानः** (१) कुनै आर्थिक वर्षमा देहायको अवस्था पर्न आएमा राष्ट्रपतिले प्रतिनिधिसभासमक्ष पूरक अनुमान पेश गर्न लगाउनेछ :-

(क) चालू आर्थिक वर्षका निमित्त विनियोजन ऐनद्वारा कुनै सेवाको लागि खर्च गर्न अख्तियारी दिइएको रकम अपर्याप्त भएमा वा त्यस वर्षको निमित्त विनियोजन ऐनले अख्तियारी नदिएको नयाँ सेवामा खर्च गर्न आवश्यक भएमा, वा

(ख) त्यस आर्थिक वर्षमा कुनै विनियोजन ऐनद्वारा अख्तियारी दिएको रकमभन्दा बढी खर्च हुन गएमा ।

(२) पूरक अनुमानमा राखिएका रकम शीर्षकहरूमा निर्दिष्ट गरी पूरक विनियोजन विधेयकमा राखिनेछन् ।

**पेस्की खर्चः** (१) यस भागमा जुनसुकै कुरा लेखिएको भए तापनि विनियोजन विधेयक विचाराधीन रहेको अवस्थामा आर्थिक वर्षको लागि अनुमान गरिएको व्ययको कुनै अंश अगावै पेस्कीका रूपमा ऐनद्वारा खर्च गर्न सकिनेछ ।

(२) धारा .... मा गरिएको व्यवस्था अनुसार राजस्व र व्ययको अनुमान पेश नगरिएसम्म पेस्की खर्च विधेयक प्रस्तुत गरिने छैन र पेस्कीको रकम आर्थिक वर्षको व्यय अनुमानको तृतीयांशभन्दा बढी हुने छैन ।

(३) पेस्की खर्च ऐन अनुसार खर्च भएको रकम विनियोजन विधेयकमा समावेश गरिनेछ ।

**उधारो खर्चः** यस भागमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्राकृतिक कारण वा बाह्य आक्रमणको आशङ्का वा आन्तरिक विघ्न वा अन्य कारणले गर्दा प्रदेश वा राष्ट्रव्यापी सङ्कटको अवस्था भएमा धारा ...... अन्तर्गत चाहिने विवरण खुलाउन अव्यावहारिक वा राज्यको सुरक्षा वा हितका दृष्टिले अवाञ्छनीय देखिएमा राष्ट्रपतिले व्ययको विवरणमात्र भएको उधारो खर्च विधेयक प्रतिनिधिसभासमक्ष पेश गर्न लगाउन सक्नेछ ।

**आकस्मिक कोषः** ऐनद्वारा आकस्मिक कोषका नामले एउटा कोष स्थापना गर्न सकिनेछ र त्यस्तो कोषमा समय समयमा ऐनद्वारा निर्धारण भए अनुसारको रकम जम्मा गरिनेछ । सो कोष नेपाल सरकारको नियन्त्रणमा रहनेछ । नेपाल सरकारले सो कोषबाट आकस्मिक कार्यको लागि खर्च गर्न सक्नेछ । त्यस्तो खर्चको रकम ऐनद्वारा यथाशीघ्र शोधभर्ना गरिनेछ ।

**आर्थिक कार्यविधिसम्बन्धी ऐनः** ऐनद्वारा विनियोजित एक शीर्षकबाट अर्को शीर्षकमा रकम सार्ने र आर्थिक कार्यविधिसम्बन्धी अन्य कुराहरू ऐनद्वारा व्यवस्थित हुनेछ ।

भाग

# प्रदेशको आर्थिक कार्यप्रणाली

**प्रदेश सञ्चित कोषः** गुठी रकम बाहेक नेपाल सरकारबाट प्राप्त हुने अनुदान वा ऋण, प्रदेश सरकारलाई प्राप्त हुने राजस्व, राजस्वको धितोमा लिइएका सबै कर्जाहरू र ऐनको अधिकार अन्तर्गत दिइएको जुनसुकै ऋण असुल हुँदा प्राप्त भएको सबै धन ऐनद्वारा अर्को कुनै व्यवस्था नगरिएमा एक प्रदेश सरकारी कोषमा आम्दानी बाँधिनेछ जसलाई प्रदेश सञ्चित कोष भनिनेछ ।

तर, निजी गुठी बाहेकको अन्य गुठीको रकमको हकमा कानून बनाई नियमित गर्न सकिनेछ ।

**प्रदेश सञ्चित कोष वा प्रदेश सरकारी कोषबाट व्ययः** देहायका रकम बाहेक प्रदेश सञ्चित कोष वा अन्य कुनै प्रदेश सरकारी कोषबाट कुनै रकम झिक्न सकिने छैनः-

(क) प्रदेश सञ्चित कोषमाथि व्ययभार भएको रकम;

(ख) विनियोजन ऐनद्वारा खर्च हुने रकम;

(ग) विनियोजन विधेयक विचाराधीन रहेको अवस्थामा पेस्कीको रूपमा ऐनद्वारा खर्च हुने रकम; वा

(घ) विशेष अवस्थामा व्ययको विवरणमात्र भएको उधारो खर्च ऐनद्वारा व्यय हुने रकम ।

तर, आकस्मिक कोषका हकमा धारा ७८ बमोजिम हुनेछ ।

**प्रदेश सञ्चित कोषमाथि व्ययभारः** (१) देहायका विषयसँग सम्बन्धित खर्चहरु प्रदेश सञ्चित कोषमाथि व्ययभार हुनेछन् र यस्तो व्ययको लागि प्रदेशसभाको स्वीकृति आवश्यक पर्ने छैन ।

(२) प्रदेशप्रमुखको खर्चसम्बन्धी ऐनद्वारा व्यवस्था गरिएको रकम;

(३) प्रदेशस्थित उच्च अदालतका न्यायाधीशहरूलाई दिइने पारिश्रमिक, सुविधा र निवृत्तिभरणको रकम;

(४) प्रदेशसभाका सभामुख र उप-सभामुखलाई दिइने पारिश्रमिक र सुविधाका रकमहरू;

(५) प्रदेश सरकारको दायित्वको ऋणसम्बन्धी व्ययभार;

(६) प्रदेश सरकारको विरूद्ध अदालतबाट भएको फैसला वा आज्ञप्ति अनुसार तिर्नु पर्ने रकम; र

(७) कानूनले प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने भनी निर्धारण गरेको रकम ।

**राजस्व र व्ययको अनुमानः** (१) प्रदेशप्रमुखले प्रत्येक आर्थिक वर्षको सम्बन्धमा प्रदेशसभाको बैठकसमक्ष देहायका कुराहरु समेत खुलाई वार्षिक अनुमान पेश गर्न लगाउनेछ :

(क) राजस्वको अनुमान;

(ख) प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने आवश्यक रकमहरु; र

(ग) विनियोजन ऐनद्वारा व्यय हुने आवश्यक रकमहरु ।

(२) उपधारा (१) बमोजिम वार्षिक अनुमान पेश गर्दा गत आर्थिक वर्षमा प्रत्येक मन्त्रालयलाई छुट्याइएको खर्चको रकम र सो खर्च अनुसारको लक्ष्य हासिल भयो वा भएन त्यसको विवरण पनि साथै पेश गर्नु पर्नेछ ।

**विनियोजन ऐनः** विनियोजन ऐन अनुसार व्यय हुने आवश्यक रकम शीर्षकहरूमा निर्दिष्ट गरी विनियोजन विधेयकमा राखिनेछन् ।

**पूरक अनुमानः** (१) कुनै आर्थिक वर्षमा देहायको अवस्था पर्न आएमा प्रदेशप्रमुखबाट प्रदेशसभा समक्ष पूरक अनुमान पेश गर्न लगाउनेछ :

(क) चालू आर्थिक वर्षको निमित्त विनियोजन ऐनद्वारा कुनै सेवाको लागि खर्च गर्न अख्तियारी दिइएको रकम अपर्याप्त भएमा वा त्यस वर्षको निमित्त विनियोजन ऐनले अधिकार नदिएको नयाँ सेवामा खर्च गर्न आवश्यक भएमा, वा

(ख) त्यस आर्थिक वर्षमा कुनै विनियोजन ऐनद्वारा अख्तियारी दिएको रकमभन्दा बढी खर्च हुन गएमा ।

(२) पूरक अनुमानमा राखिएका रकम शीर्षकहरूमा निर्दिष्ट गरी पूरक विनियोजन विधेयकमा राखिनेछन् ।

**पेस्की खर्चः** (१) यस भागमा जुनसुकै कुरा लेखिएको भए तापनि विनियोजन विधेयक विचाराधीन रहेको अवस्थामा आर्थिक वर्षको लागि अनुमान गरिएको व्ययको कुनै अंश अगावै पेस्कीका रूपमा ऐनद्वारा खर्च गर्न सकिनेछ ।

(२) धारा ... मा गरिएको व्यवस्था अनुसार राजस्व र व्ययको अनुमान पेश नगरिएसम्म पेस्की खर्च विधेयक प्रस्तुत गरिने छैन र पेस्कीको रकम आर्थिक वर्षको व्यय अनुमानको तृतीयांशभन्दा बढी हुने छैन ।

(३) पेस्की खर्च ऐन अनुसार खर्च भएको रकम विनियोजन विधेयकमा समावेश गरिनेछ ।

**उधारो खर्चः** यस भागमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्राकृतिक कारण वा अन्य कारणले गर्दा स्थानीय वा प्रादेशिक सङ्कटको अवस्था भएमा धारा ... अन्तर्गत चाहिने विवरण खुलाउन अव्यावहारिक देखिएमा प्रदेशप्रमुखले व्ययको विवरणमात्र भएको उधारो खर्च विधेयक प्रदेशसभासमक्ष पेश गर्न लगाउन सक्नेछ ।

**आकस्मिक कोषः** ऐनद्वारा प्रदेश आकस्मिक कोषको नामले एउटा कोष स्थापना गर्न सकिनेछ र त्यस्तो कोषमा समय समयमा ऐनद्वारा निर्धारण भए अनुसारको रकम जम्मा गरिनेछ । सो कोष प्रदेश सरकारको नियन्त्रणमा रहनेछ । प्रदेश सरकारले सो कोषबाट आकस्मिक कार्यको लागि खर्च गर्न सक्नेछ । त्यस्तो खर्चको रकम ऐनद्वारा यथाशीध्र शोधभर्ना गरिनेछ ।

**आर्थिक कार्यविधिसम्बन्धी ऐनः** ऐनद्वारा विनियोजित एक शीर्षकबाट अर्को शीर्षकमा रकम सार्ने र आर्थिक कार्यविधिसम्बन्धी अन्य कुराहरु ऐनद्वारा व्यवस्थित हुनेछ ।

भाग

# स्थानीय तहको आर्थिक कार्यप्रणाली

(कुनै पनि समितिको प्रतिवेदनमा प्रस्ताव नरहेको)

भाग

# सङ्घ, प्रदेश, विशेष संरचना र स्थानीय तहबीचको अन्तर सम्बन्ध

**सङ्घीय ईकाइहरूबीच अन्तर सम्बन्धः** (१) सङ्घ, प्रदेश, स्थानीय तह तथा विशेष संरचना बीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुनेछ ।

(२) प्रदेश-प्रदेशवीचको आपसी सम्बन्ध व्यवस्थित गर्न सङ्घले प्रदेशहरूबीच आवश्यक व्यवस्थापन गर्न सक्नेछ ।

(३) दुई वा दुईभन्दा बढी प्रदेशले अनुसूची ...... मा उल्लिखित विषयमा कानून निर्माण गर्न व्यवस्थापिका-संसदसमक्ष अनुरोध गरेमा व्यवस्थापिका-संसदले आवश्यक कानून बनाउन सक्नेछ ।

(४) नेपाल सरकारले राष्ट्रिय महत्वका विषयमा र प्रदेशहरूवीच समन्वय गर्नु पर्ने विषयमा सबै प्रदेशहरूका लागि संविधान र प्रचलित कानूनबमोजिम आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित प्रदेशको कर्तव्य हुनेछ ।

तर, प्रदेशको अधिकारमा हस्तक्षेप हुने गरी नेपाल सरकारले कुनै निर्देशन वा कार्यकारिणी आदेश जारी गर्ने छैन ।

(५) कुनै पनि प्रदेशले राष्ट्रिय सार्वभौमसत्ता, स्वाधीनता, अखण्डता र देशको शान्ति व्यवस्थामा असर पर्ने किसिमको कार्य गरेमा नेपाल सरकारको सिफारिसमा राष्ट्रपतिले त्यस्तो प्रदेशलाई आवश्यकतानुसार सचेत गराउन, प्रदेश सरकार र प्रदेशसभा निलम्बन गर्न वा विघटन गर्न सक्नेछ ।

(६) उपधारा (५) बमोजिम कुनै प्रदेशको सरकार वा प्रदेशसभा निलम्बन वा विघटन गरेकोमा पैतीस दिन भित्र व्यवस्थापिका-संसदको दुई तिहाई बहुमतबाट अनुमोदन गराउनु पर्नेछ ।

तर, व्यवस्थापिका-संसदबाट अनुमोदन नभएमा त्यस्तो आदेश स्वतः निष्क्रिय भएको मानिनेछ ।

(७) उपधारा (६) बमोजिम व्यवस्थापिका-संसदबाट अनुमोदन भएमा त्यस्तो प्रदेशमा छ महिना भित्र प्रदेशसभाको निर्वाचन हुनेछ ।

(८) उपधारा (७) बमोजिम निर्वाचन नभएसम्मका लागि त्यस्तो प्रदेशमा सङ्घीय शासन कायम रहनेछ ।

(९) कुनै एक प्रदेशले अर्को प्रदेशको कानूनी व्यवस्था वा न्यायिक एवं प्रशासकीय निर्णय वा आदेशको कार्यान्वयनमा सहयोग गर्नुपर्नेछ ।

(१०) एक प्रदेशले अर्को प्रदेशसँग साझा चासो र हितको विषयमा एक अर्कालाई सूचना आदान प्रदान गर्न, परामर्श गर्न, आफ्नो कार्य र विधायनका बारेमा एक आपसमा समन्वय गर्न र आपसी सहयोग विस्तार गर्न सक्नेछन् ।

(११) कुनै एक प्रदेशले अर्को प्रदेशको वासिन्दालाई आफ्नो प्रदेशको कानूनबमोजिम समान सुरक्षा र सुविधा उपलब्ध गराउनु पर्नेछ ।

(१२) नेपाल सरकारले सम्बन्धित प्रदेशमार्फत् स्थानीय तह र विशेष संरचनालाई संविधान र प्रचलित कानूनबमोजिम सहयोग गर्न र निर्देशन दिन सक्नेछ ।

**सङ्घीय ईकाइहरूवीच उत्पन्न हुने विवाद समाधान सम्बन्धी व्यवस्थाः** (१) सङ्घ र प्रदेशबीच र प्रदेश-प्रदेशबीच विवाद उत्पन्न हुन नदिन र उत्पन्न भएका विवादको समाधान गर्न वा समाधान नभएका विषय व्यवस्थापिका-संसदमा सिफारिस गर्न एक अन्तर प्रादेशिक परिषद् रहने छ । जसमा देहाय बमोजिमका अध्यक्ष र सदस्यहरू रहने छन् ।

क) कार्यकारी प्रमुख — अध्यक्ष

ख) सङ्घीय गृहमन्त्री — सदस्य

ग) सङ्घीय अर्थमन्त्री — सदस्य

घ) प्रदेशका प्रमुखहरू — सदस्य

(२) उपधारा (१) बमोजिमको परिषद्ले आवश्यकता अनुसार परिषद्को वैठकमा सम्बन्धित विषयको सङ्घीय मन्त्री र प्रादेशिक मन्त्री तथा विशेषज्ञलाई आमन्त्रण गर्न सक्ने छ ।

(३) उपधारा (१) बमोजिमको परिषद्को कार्यविधिसम्बन्धी अन्य व्यवस्था प्रचलित कानूनबमोजिम हुने छ ।

(४) अन्तर प्रादेशिक परिषद्बाट सिफारिस भई आएका वा व्यवस्थापिका-संसदले आवश्यक ठानेका विषयलाई व्यवस्थापिका-संसदको बैठकमा छलफल गरी समाधान गर्न सकिने छ ।

(५) उपधारा (४) बमोजिम विवाद समाधान गर्ने प्रक्रिया व्यवस्थापिका-संसदले निर्माण गरेको कानूनबमोजिम हुने छ ।

(६) उपधारा (४) बमोजिम व्यवस्थापिका-संसदबाट विवादको समाधान हुन नसकेमा वा व्यवस्थापिका-संसदले आवश्यक ठानेमा जनमतसंग्रहको लागि नेपाल सरकारलाई सिफारिस गर्न सक्नेछ ।

(७) कुनै प्रदेशभित्रको विवाद समाधान गर्न सो प्रदेश वा प्रदेशहरूभित्र प्रादेशिक जनमतसंग्रह र समग्र राष्ट्रको विषयमा राष्ट्रिय जनमतसंग्रह गर्न सकिने छ ।

(८) जनमतसंग्रहसम्बन्धी अन्य व्यवस्था प्रचलित कानूनबमोजिम हुने छ ।

(९) प्रदेश र स्थानीय तह वा प्रदेश र विशेष संरचनाहरू वा स्थानीय तहहरू वा स्थानीय तह र विशेष संरचनाहरू वा विशेष संरचना अन्तर्गतका क्षेत्रहरूबीच विवाद उत्पन्न भएमा सम्बन्धित प्रदेशको प्रदेशसभाले छलफल गरी समाधान गर्न सक्ने छ ।

(१०) उपधारा (९) अनुसार विवाद समाधान गर्ने प्रक्रिया र कार्यविधि प्रदेशसभाले बनाएको कानूनबमोजिम हुने छ ।

(११) सङ्घ र प्रदेश, प्रदेश र प्रदेश, प्रदेश र स्थानीय तह, प्रदेश र विशेष संरचना र स्थानीय तह र विशेष संरचनाका क्षेत्रहरूवीच संविधानद्वारा सूचीकृत अधिकारको विषयमा वा सीमासम्बन्धी विषयमा कुनै विवाद उत्पन्न भएमा त्यस्तो विवादको निरुपण धारा .... बमोजिमको संवैधानिक अदालतबाट हुनेछ ।

# लोकसेवा आयोग

**लोकसेवा आयोगः** नेपालमा एक सङ्घीय लोकसेवा आयोग (यस पछि यस भागमा आयोग भनिएको) हुनेछ जसमा समानुपातिक प्रतिनिधित्व र समावेशीताका आधारमा एकजना अध्यक्ष र अन्य चारजना सदस्यहरु रहनेछन् ।

**आयोगका अध्यक्ष र सदस्यको नियुक्ति, पदावधि र योग्यताः** (१) राष्ट्रपतिले संवैधानिकपरिषद्को सिफारिसमा आयोगका अध्यक्ष र सदस्यहरूको नियुक्ति गर्नेछ ।

(२) आयोगका सदस्यहरूमध्ये कम्तिमा पचास प्रतिशत सदस्यहरु पन्ध्र वर्ष वा सोभन्दा बढी अवधिसम्म कुनै सरकारी सेवामा रहेका व्यक्तिहरूमध्येबाट र बाँकी सदस्यहरु विज्ञान, शिक्षा, स्वास्थ्य, वाणिज्य, प्रविधि, कला, साहित्य, कानून, जनप्रशासन, समाजशास्त्र वा राष्ट्रिय जीवनका अन्य क्षेत्रमा शोध, अनुसन्धान, अध्यापन वा अन्य कुनै महत्वपूर्ण कार्य गरी ख्यातिप्राप्त गरेका व्यक्तिहरु मध्येबाट नियुक्त हुनेछन् ।

(३) आयोगको अध्यक्ष र सदस्यको पदावधि नियुक्ति भएको मितिले छ वर्षको हुनेछ, निजहरू थप एक कार्यकालको लागि पुनःनिर्युक्ति हुन सक्नेछन् ।

तर,

(क) त्यस्तो पदावधि पूरा हुन अगावै आयोगको अध्यक्ष वा सदस्यको उमेर पैसट्ठी वर्ष पूरा भएमा निज आफ्नो पदमा बहाल रहने छैन ।

(ख) आयोगको अध्यक्ष र सदस्यलाई सर्वोच्च अदालतको न्यायाधीशसरह समान आधारमा र समान तरिकाले त्यस्तो पदबाट हटाउन सकिनेछ ।

(४) देहायका अवस्थामा आयोगको अध्यक्ष वा सदस्यको पद रिक्त हुनेछ :

(क) निजले राष्ट्रपतिसमक्ष लिखित राजीनामा दिएमा,

(ख) उपधारा (३) बमोजिम निजको पदावधि पूरा भएमा वा निज आफ्नो पदमा नरहेमा,

(ग) निजको मृत्यु भएमा ।

(५) आयोगको अध्यक्ष वा सदस्यको पदमा नियुक्तिको लागि देहाय बमोजिमको योग्यता हुनुपर्नेछः

(क) नेपाल सरकारबाट मान्यताप्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर उपाधि प्राप्त गरेको,

(ख) नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको,

(ग) चालिस वर्ष उमेर पूरा भएको, र

(घ) उच्च नैतिक चरित्र र सामाजिक प्रतिष्ठा कायम भएको ।

(७) आयोगको अध्यक्ष र सदस्यको पारिश्रमिक र सेवाका अन्य शर्तहरु कानूनद्वारा निर्धारण भए बमोजिम हुनेछन् । आयोगको अध्यक्ष र सदस्य आफ्नो पदमा बहाल रहेसम्म निजहरूलाई मर्का पर्ने गरी पारिश्रमिक र सेवाका अन्य शर्तहरु बदलिने छैनन् ।

(८) आयोगको अध्यक्ष वा सदस्य भइसकेको व्यक्ति अन्य सरकारी सेवामा नियुक्तिको लागि ग्राह्य हुने छैन ।

तर,

(क) आयोगको सदस्यलाई अध्यक्षमा नियुक्त गर्न यस उपधाराले बाधा पुऱ्याएको मानिने छैन र कुनै सदस्य अध्यक्षको पदमा नियुक्त भएमा निजको पदावधिको गणना गर्दा सदस्य भएको अवधिलाई समेत जोडी गणना गरिनेछ ।

(ख) कुनै राजनीतिक पदमा वा कुनै विषयको अनुसन्धान, जाँचबुझ वा छानबिन गर्ने वा कुनै विषयको अध्ययन वा अन्वेषण गरी राय, मन्तव्य वा सिफारिस पेश गर्ने कुनै पदमा नियुक्त भई काम गर्न यस उपधारामा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन ।

**आयोगको काम, कर्तव्य र अधिकारः** (१) निजामती सेवा वा पदमा नियुक्तिको निमित्त उपयुक्त उम्मेदवार छनौट गर्न परीक्षासञ्चालन गर्नु आयोगको कर्तव्य हुनेछ ।

**स्पष्टीकरणः** यस धाराको प्रयोजनको लागि सैनिक अधिकृत वा जवान र सशस्त्र प्रहरी वा नेपाल प्रहरीका कर्मचारीको सेवा वा पद तथा निजामती सेवा वा पद होइन भनी ऐनद्वारा तोकिएको अन्य सेवा वा पद बाहेक नेपाल सरकारका अरू सबै सेवा वा पदलाई निजामती सेवा वा पद मानिनेछ ।

(२) निजामती सेवाका अतिरिक्त सरकारी विद्यालयका शिक्षक, नेपाल प्रहरी, सशस्त्र प्रहरी, सैनिक सेवा लगायत अन्य सरकारी सेवा र सार्वजनिक संस्थाको पदपूर्ति, नियुक्ति र बढुवासम्बन्धी व्यवस्था आयोगले गर्ने गरी कानूनद्वारा व्यवस्थित गर्न सक्नेछ ।

**स्पष्टीकरणः** यस धाराको प्रयोजनका लागि "सार्वजनिक संस्था" भन्नाले पचास प्रतिशत वा सोभन्दा बढी शेयर वा जायजेथामा नेपाल सरकारको स्वामित्व वा नियन्त्रण भएको सङ्गठित संस्थालाई जनाउछ ।

(३) निजामती सेवाको निवृत्तिभरण पाउने पदमा आयोगको परामर्शविना स्थायी नियुक्ति गरिने छैन ।

(४) देहायका विषयमा आयोगको परामर्श लिनु पर्नेछः

(क) निजामती सेवाको शर्त सम्बन्धी कानूनको विषयमा,

(ख) निजामती सेवा वा पदमा नियुक्ति, बढुवा र विभागीय कारबाही गर्दा अपनाउनु पर्ने सिद्धान्तको विषयमा,

(ग) निजामती पदमा छ महिनाभन्दा बढी समयको लागि नियुक्ति गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा,

(घ) कुनै एक प्रकारको निजामती सेवाको पदबाट अर्को प्रकारको निजामती सेवाको पदमा वा अन्य सरकारी सेवाबाट निजामती सेवामा सरूवा वा बढुवा गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा,

(ङ) आयोगको परामर्श लिनु नपर्ने अवस्थाको पदमा बहाल रहेको कर्मचारीलाई आयोगको परामर्श लिनु पर्ने अवस्थाको पदमा सरूवा वा बढुवा गर्ने विषयमा, र

(च) कुनै पनि निजामती कर्मचारीलाई दिइने विभागीय सजायको विषयमा ।

(५) उपधारा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि न्यायसेवा आयोगको अधिकारक्षेत्रभित्र पर्ने विषयमा सोही बमोजिम हुनेछ ।

(६) आयोगले आफ्नो काम, कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार आफ्नो कुनै सदस्य वा सदस्यहरूको समिति वा नेपाल सरकारको कर्मचारीलाई सुम्पन सक्नेछ ।

(७) यो संविधानको अधीनमा रही आयोगको अन्य काम, कर्तव्य, अधिकार तथा कार्यविधि प्रचलित कानूनबमोजिम हुनेछ ।

**प्रादेशिक व्यवस्थाः** प्रत्येक प्रदेशमा प्रचलित कानूनबमोजिम प्रादेशिक लोकसेवा आयोग रहनेछ ।

**वार्षिक प्रतिवेदनः** (१) आयोगले प्रत्येक वर्ष यो संविधान र प्रचलित कानूनबमोजिम आफूले गरेको कामको वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष पेश गर्नेछ र राष्ट्रपतिले प्रधानमन्त्रीमार्फत त्यस्तो प्रतिवेदन व्यवस्थापिका-संसदसमक्ष पेश गर्ने व्यवस्था गर्नेछ ।

(२) उपधारा (१) बमोजिम पेश गरिने प्रतिवेदनमा अन्य कुराको अतिरिक्त आयोगले वर्षभरिमा उम्मेदवार छनौट गर्न लिएको परीक्षाको विवरण, सो परीक्षामा उत्तीर्ण परिक्षार्थीसम्बन्धी विवरण, विभिन्न

निकायलाई परामर्श दिएको विवरण, निजामती कर्मचारीलाई विभागीय कारवाही र सजाय गर्दा दिएको परामर्शको विवरण र परामर्श बमोजिमको काम भए नभएको विवरण, कुनै सरकारी सेवाको पदको नियुक्ति, बढुवा र विभागीय कारवाही गर्दा अपनाउनुपर्ने सामान्य सिद्धान्तको बारेमा परामर्श दिएको भए त्यसको विवरण तथा भविष्यमा निजामती सेवाको सुधारको लागि गरिनु पर्ने सुधारसम्बन्धी सुझावसमेत उल्लेख गर्नु पर्नेछ ।

भाग

# निर्वाचन आयोग

**निर्वाचन आयोगः** नेपालमा एक निर्वाचन आयोग (यस पछि यस भागमा आयोग भनिएको) हुनेछ जसमा समानुपातिक प्रतिनिधित्व र समावेशीताका आधारमा प्रमुख आयुक्त र अन्य दुई जनासम्म आयुक्तहरु रहनेछन् । प्रमुख आयुक्तले आयोगको अध्यक्ष भई काम गर्नेछ ।

**आयोगका प्रमुख आयुक्त र आयुक्तको नियुक्ति, पदावधि र योग्यताः** (१) राष्ट्रपतिले संवैधानिकपरिषद्को सिफारिसमा आयोगको प्रमुख आयुक्त र आयुक्तको नियुक्ति गर्नेछ ।

(२) आयोगको प्रमुख आयुक्त र आयुक्तको पदावधि नियुक्ति भएको मितिले छ वर्षको हुनेछ । निजहरू थप एक कार्यकालका लागि पुर्ननियुक्त हुन सक्नेछन् ।

तर,

(क) त्यस्तो पदावधि पूरा हुनु अगावै प्रमुख आयुक्त वा आयुक्तको उमेर पैसठ्ठी वर्ष पूरा भएमा निज आफ्नो पदमा बहाल रहने छैन ।

(ख) आयोगको प्रमुख आयुक्त र आयुक्तलाई सर्वोच्च अदालतको न्यायाधीशसरह समान आधारमा र समान तरिकाले पदबाट हटाउन सकिनेछ ।

(३) देहायको अवस्थामा आयोगको प्रमुख आयुक्त र आयुक्तको पद रित्त हुनेछ :

(क) निजले राष्ट्रपतिसमक्ष लिखित राजीनामा दिएमा,

(ख) उपधारा (२) बमोजिम निजको पदावधि पूरा भएमा, वा निज आफ्नो पदमा नरहेमा,

(ग) निजको मृत्यु भएमा ।

(४) आयोगको प्रमुख आयुक्त र आयुक्तको पदमा नियुक्तिको लागि देहाय बमोजिम योग्यता हुनु पर्नेछ :

(क) नेपाल सरकारबाट मान्यताप्राप्त विश्वविद्यालयबाट स्नातकोपाधि प्राप्त गरी राष्ट्रिय जीवनका कुनै क्षेत्रमा महत्वपूर्ण कार्य गरी कम्तिमा पन्ध्र वर्ष अनुभव प्राप्त गरेको,

(ख) नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको,

(ग) चालिस वर्ष उमेर पूरा भएको, र

(घ) उच्च नैतिक चरित्र र सामाजिक प्रतिष्ठा कायम भएको ।

(५) आयोगको प्रमुख आयुक्त र आयुक्तको पारिश्रमिक र सेवाका अन्य शर्तहरु प्रचलित कानूनबमोजिम हुनेछन् । आयोगको प्रमुख आयुक्त र आयुक्त आफ्नो पदमा बहाल रहेसम्म निजहरुलाई मर्का पर्ने गरी पारिश्रमिक र सेवाका अन्य शर्तहरु बदलिने छैनन् ।

(६) आयोगको प्रमुख आयुक्त वा आयुक्त भइसकेको व्यक्ति अन्य सरकारी सेवामा नियुक्तिको लागि ग्राह्य हुने छैन ।

तर,

(क) आयोगको आयुक्तलाई प्रमुख आयुक्तमा नियुक्त गर्न यस उपधाराले बाधा पुऱ्याएको मानिने छैन र त्यसरी कुनै आयुक्त प्रमुख आयुक्तको पदमा नियुक्त भएमा निजको पदावधिको गणना गर्दा आयुक्त भएको अवधिलाई समेत जोडी गणना गरिनेछ ।

(ख) कुनै राजनीतिक पदमा वा कुनै विषयको अनुसन्धान, जाँचबुझ वा छानबिन गर्ने वा कुनै विषयको अध्ययन वा अन्वेषण गरी राय, मन्तव्य वा सिफारिस पेश गर्ने कुनै पदमा नियुक्त भई काम गर्न यस उपधारामा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन ।

**आयोगको काम, कर्तव्य र अधिकारः** (१) यो संविधान र प्रचलित कानूनको अधीनमा रही राष्ट्रपति, उपराष्ट्रपति, सङ्घीय व्यवस्थापिका-संसद, प्रदेशसभा र स्थानीयसभाको निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण आयोगबाट हुनेछ ।

(२) आयोगले आफ्नो काम, कर्तव्य र अधिकारमध्ये कुनै काम, कर्तव्य र अधिकार प्रमुख आयुक्त, आयुक्त वा नेपाल सरकारको कर्मचारीलाई सुम्पन सक्नेछ ।

(३) यो संविधानको अधीनमा रही आयोगको अन्य काम, कर्तव्य र अधिकार तथा कार्यविधि प्रचलित कानूनबमोजिम हुनेछ ।

**प्रादेशिक व्यवस्थाः** प्रत्येक प्रदेशमा आयोगको कार्यालय रहन सक्नेछ ।

**निर्वाचन आयोगलाई आवश्यक कर्मचारी उपलब्ध गराउनु पर्नेः** यो संविधान बमोजिम आयोगलाई आफ्नो काम पूरा गर्न आवश्यक पर्ने कर्मचारी र अन्य कुराहरु आवश्यकता अनुसार नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारले उपलब्ध गराउनेछ ।

वार्षिक प्रतिवेदन (१) प्रत्येक वर्ष यो संविधान र प्रचलित कानूनबमोजिम आयोगले आफूले गरेको कामको वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष पेश गर्नेछ र राष्ट्रपतिले प्रधानमन्त्रीमार्फत त्यस्तो प्रतिवेदन व्यवस्थापिका-संसद समक्ष पेश गर्ने व्यवस्था गर्नेछ ।

(२) उपधारा (१) बमोजिम पेश गरिने प्रतिवेदनमा अन्य कुराको अतिरिक्त वर्षभरिमा भएका निर्वाचनको विवरण, आयोगमा दर्ता भएका राजनीतिक दलहरूको विवरण, राजनीतिक दलहरूको मान्यतासम्बन्धी विवाद र सोको निरूपणको विवरण, मतदाता नामावली अद्यावधिक गर्ने कार्यमा भएको प्रगति र भविष्यमा निर्वाचनको सन्दर्भमा गरिनुपर्ने समसामयिक सुधारको विवरणसमेत उल्लेख गर्नुपर्नेछ ।

भाग

# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

**अख्तियार दुरूपयोग अनुसन्धान आयोगः** नेपालमा एक अख्तियार दुरूपयोग अनुसन्धान आयोग(यसपछि यस भागमा आयोग भनिएको) रहनेछ जसमा समानुपातिक प्रतिनिधित्व र समावेशीताका आधारमा प्रमुख आयुक्त र अन्य चार जना आयुक्तहरु रहनेछन् । प्रमुख आयुक्तले अख्तियार दुरूपयोग अनुसन्धान आयोगको अध्यक्ष भई काम गर्नेछ ।

**आयोगको प्रमुख आयुक्त तथा आयुक्तको नियुक्ति, पदावधि र योग्यताः** (१) राष्ट्रपतिले संवैधानिकपरिषद्को सिफारिसमा आयोग प्रमुख आयुक्त र अन्य आयुक्तहरूको नियुक्ति गर्नेछ ।

(२) आयोग प्रमुख आयुक्त र अन्य आयुक्तहरूको पदावधि नियुक्तिको मितिले छ वर्षको हुनेछ । निजहरू थप एक कार्यकालका लागि पुर्ननियुक्त हुन सक्नेछन् ।

तर,–

(क) त्यस्तो पदावधि पूरा हुनु अगावै आयोगका प्रमुख आयुक्त वा आयुक्तको उमेर पैंसट्ठी वर्ष पूरा भएमा निज आफ्नो पदमा बहाल रहने छैन ।

(ख) आयोगको प्रमुख आयुक्त र आयुक्तलाई सर्वोच्च अदालतको न्यायाधीशसरह समान आधारमा र समान तरिकाले पदबाट हटाउन सकिनेछ ।

(३) देहायका अवस्थामा आयोगको प्रमुख आयुक्त वा आयुक्तको पद रिक्त हुनेछः

(क) निजले राष्ट्रपतिसमक्ष लिखित राजीनामा दिएमा,

(ख) उपधारा (२) बमोजिम निजको पदावधि पूरा भएमा वा निज आफ्नो पदमा नरहेमा,

(ग) निजको मृत्यु भएमा ।

(४) आयोगको प्रमुख आयुक्त वा आयुक्तहरूको पदमा नियुक्तिको लागि देहाय बमोजिमको योग्यता हुनुपर्नेछः–

(क) नेपाल सरकारद्वारा मान्यताप्राप्त विश्वविद्यालयबाट स्नातकोपाधि प्राप्त गरेको,

(ख) नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको,

(ग) लेखा, राजस्व, जनप्रशासन, इन्जिनियरिङ्, कानून, विकास वा अनुसन्धानको क्षेत्रमा कम्तिमा पन्ध्र वर्ष काम गरी अनुभव र ख्याति प्राप्त गरेको,

(घ) चालीस वर्ष उमेर पूरा भएको, र

(ङ) उच्च नैतिक चरित्र र सामाजिक प्रतिष्ठा कायम भएको ।

(५) आयोगको प्रमुख आयुक्त र आयुक्तको पारिश्रमिक र सेवाका अन्य शर्तहरु प्रचलित कानूनबमोजिम हुनेछन् । आयोगको प्रमुख आयुक्त र आयुक्त आफ्नो पदमा बहाल रहेसम्म निजलाई मर्का पर्ने गरी पारिश्रमिक र सेवाका अन्य शर्तहरु बदलिने छैनन् ।

(६) आयोगको प्रमुख आयुक्त वा आयुक्त भइसकेको व्यक्तिलाई अन्य सरकारी सेवामा नियुक्तिको लागि ग्राह्य हुने छैन ।

तर,

(क) आयोगको आयुक्तलाई प्रमुख आयुक्तको पदमा नियुक्त गर्न यस उपधाराले बाधा पुऱ्याएको मानिने छैन र त्यसरी कुनै आयुक्त प्रमुख आयुक्तको पदमा नियुक्त भएकोमा निजको पदावधिको गणना गर्दा आयुक्त भएको अवधिलाई समेत जोडी गणना गरिनेछ ।

(ख) कुनै राजनीतिक पदमा वा कुनै विषयको अनुसन्धान, जाँचबुझ वा छानबिन गर्ने वा कुनै विषयको अध्ययन वा अन्वेषण गरी राय, मन्तव्य वा सिफारिस पेश गर्ने कुनै पदमा नियुक्त भई काम गर्न यस उपधारामा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन ।

**आयोगको काम, कर्तव्य र अधिकारः** (१) कुनै सार्वजनिक पदधारण गरेको व्यक्तिले अनुचित कार्य वा भ्रष्टाचार गरी अख्तियारको दुरूपयोग गरेको सम्बन्धमा आयोगले प्रचलित कानूनबमोजिम अनुसन्धान र तहकिकात गर्न वा गराउन सक्नेछ ।

तर, यस संविधानमा छुट्टै व्यवस्था भएको पदाधिकारीको हकमा यो उपधारा लागू हुने छैन ।

(२) खराब आचरणका आधारमा महाभियोग प्रस्ताव पारित भई पदमुक्त हुने संवैधानिक पदाधिकारीहरु, न्यायपरिषद्बाट सोही अभियोगमा पदमुक्त हुने न्यायाधीशहरु र सैनिक ऐन बमोजिम कारबाही हुने

व्यक्तिका हकमा निजलाई पदमुक्त भइसकेपछि प्रचलित कानूनबमोजिम अनुसन्धान र तहकिकात गर्न गराउन सकिनेछ ।

(३) उपधारा (१) बमोजिम भएको अनुसन्धान र तहकिकातबाट सार्वजनिक पदधारण गरेको कुनै व्यक्तिले प्रचलित कानूनबमोजिम अनुचित कार्य मानिने कुनै काम गरी अख्तियारको दुरूपयोग गरेको देखिएमा आयोगले निजलाई सचेत गराउन, विभागीय कारबाही वा प्रचलित कानूनबमोजिम अन्य आवश्यक कारबाहीको लागि अख्तियारवालासमक्ष लेखी पठाउन सक्नेछ ।

(४) उपधारा (१) बमोजिम भएको अनुसन्धान र तहकिकातबाट सार्वजनिक पदधारण गरेको कुनै व्यक्तिले प्रचलित कानूनबमोजिम भ्रष्टाचार मानिने कुनै काम गरेको देखिएमा त्यस्तो व्यक्ति र त्यस्तो अपराधमा संलग्न अन्य व्यक्तिउपर प्रचलित कानूनबमोजिम अधिकार प्राप्त अदालतमा मुद्दा दायर गर्न वा गराउन सक्नेछ ।

(५) उपधारा (१) बमोजिम भएको अनुसन्धान र तहकिकातबाट सार्वजनिक पदधारण गरेको व्यक्तिको काम कारबाही अन्य अधिकारी वा निकायको अधिकारक्षेत्र अन्तर्गत पर्ने देखिएमा आयोगले आवश्यक कारबाहीको लागि सम्बन्धित अधिकारी वा निकायसमक्ष लेखी पठाउन सक्नेछ ।

(६) यो संविधानको अधीनमा रही आयोगको अन्य काम, कर्तव्य र अधिकार तथा कार्यविधि प्रचलित कानूनबमोजिम हुनेछ ।

(७) आयोगले आफ्नो काम, कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार अख्तियार प्रमुख आयुक्त, आयुक्त वा नेपाल सरकारको कर्मचारीलाई सुम्पन सक्नेछ ।

**प्रादेशिक व्यवस्थाः** प्रत्येक प्रदेशमा आयोगको कार्यालय रहन सक्नेछ ।

**वार्षिक प्रतिवेदनः** (१) आयोगले प्रत्येक वर्ष यो संविधान र प्रचलित कानूनबमोजिम आफूले गरेको कामको वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष पेश गर्नेछ र राष्ट्रपतिले प्रधानमन्त्रीमार्फत त्यस्तो प्रतिवेदन व्यवस्थापिका-संसदसमक्ष पेश गर्ने व्यवस्था गर्नेछ ।

(२) उपधारा (१) बमोजिम पेश गरिने प्रतिवेदनमा अन्य कुराको अतिरिक्त आयोगमा वर्षभरि परेका उजुरी, अनुसन्धान तहकिकात गरी कानूनबमोजिम अधिकार प्राप्त अदालतमा दायर गरेको र तामेलीमा राखेको मुद्दाको संख्या, अनुचित कार्य गरेकोमा सचेत गराएको वा विभागीय कारबाही वा अन्य कारबाहीका लागि लेखी पठाएको संख्या, भ्रष्टाचार निवारणका सम्बन्धमा भएको उपलब्धि तथा तत् सम्बन्धमा भविष्यमा गर्नु पर्ने सुधारको विवरण उल्लेख गर्नु पर्नेछ ।

भाग

# लेखापरीक्षण आयोग

**लेखापरीक्षण आयोगः** नेपालमा एक लेखापरीक्षण आयोग (यसपछि यस भागमा आयोग भनिएको) रहनेछ जसमा समानुपातिक प्रतिनिधित्व र समावेशीताका आधारमा एकजना अध्यक्ष र अन्य दुई जना सदस्य रहनेछन् ।

**आयोगको अध्यक्ष र सदस्यको नियुक्ति, पदावधि र योग्यताः** (१) राष्ट्रपतिले संवैधानिकपरिषद्को सिफारिसमा आयोगका अध्यक्ष र सदस्यहरूको नियुक्ति गर्नेछ ।

(२) आयोगका अध्यक्ष र सदस्यहरूको पदावधि नियुक्तिको मितिले छ वर्षको हुनेछ । निजहरू थप एक कार्यकालका लागि पुनर्नियुक्ति हुन सक्नेछन् ।

तर,

(क) सो पदावधि पूरा हुनु अगावै आयोगका अध्यक्ष र सदस्यहरूको उमेर पैंसठ्ठी वर्ष पूरा भएमा निज आफ्नो पदमा बहाल रहने छैन ।

(ख) आयोगका अध्यक्ष र सदस्यहरूलाई सर्वोच्च अदालतको न्यायाधीशसरह समान आधारमा र समान तरिकाले पदबाट हटाउन सकिनेछ ।

(३) देहायका अवस्थामा आयोगका अध्यक्ष र सदस्यहरूको पद रिक्त हुनेछ :-

(क) निजले राष्ट्रपतिसमक्ष लिखित राजीनामा दिएमा,

(ख) उपधारा (२) बमोजिम निजको पदावधि पूरा भएमा वा निज आफ्नो पदमा नरहेमा,

(ग) निजको मृत्यु भएमा ।

(४) आयोगका अध्यक्ष र सदस्यहरूको पदमा नियुक्तिको लागि देहाय बमोजिमको योग्यता हुनु पर्नेछ :-

(क) नेपाल सरकारद्वारा मान्यताप्राप्त विश्वविद्यालयबाट व्यवस्थापन, वाणिज्यशास्त्र वा लेखामा स्नातकोत्तर उपाधि प्राप्त गरी वा चार्टर्ड एकाउन्टेन्सी परीक्षा उत्तीर्ण गरी नेपाल सरकारको विशिष्ट श्रेणीमा काम गरेको वा लेखापरीक्षण सम्बन्धी काममा कम्तिमा पन्ध्र वर्ष अनुभव प्राप्त गरेको,

(ख) नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको,

(ग) चालिस वर्ष उमेर पूरा भएको, र

(घ) उच्च नैतिक चरित्र र सामाजिक प्रतिष्ठा कायम भएको ।

(५) आयोगका अध्यक्ष र सदस्यहरूको पारिश्रमिक र सेवाका अन्य शर्तहरु प्रचलित कानूनबमोजिम हुनेछन् । आयोगका अध्यक्ष र सदस्यहरू आफ्नो पदमा बहाल रहेसम्म निजलाई मर्का पर्ने गरी पारिश्रमिक र सेवाका अन्य शर्तहरु बदलिने छैनन् ।

(६) आयोगका अध्यक्ष र सदस्यहरू भइसकेको व्यक्ति अन्य सरकारी सेवामा नियुक्तिको ग्राह्य हुने छैन ।

तर,

(क) आयोगको सदस्यलाई अध्यक्षको पदमा नियुक्त गर्न यस उपधाराले बाधा पुऱ्याएको मानिने छैन र त्यसरी कुनै सदस्य अध्यक्षको पदमा नियुक्त भएकोमा निजको पदावधिको गणना गर्दा सदस्य भएको अवधिलाई समेत जोडी गणना गरिनेछ ।

(ख) कुनै राजनीतिक पदमा वा कुनै विषयको अनुसन्धान, जाँचबुझ वा छानबिन गर्ने वा कुनै विषयको अध्ययन वा अन्वेषण गरी राय, मन्तव्य वा सिफारिस पेश गर्ने कुनै पदमा नियुक्त भई काम गर्न यस उपधारामा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन ।

**आयोगको काम, कर्तव्य र अधिकारः** (१) राष्ट्रपति तथा उपराष्ट्रपतिको कार्यालय, व्यवस्थापिका-संसद, सर्वोच्च अदालत, अख्तियार दुरूपयोग अनुसन्धान आयोग, लेखापरीक्षण आयोग, लोकसेवा आयोग, निर्वाचन आयोग, राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय समावेशीकरण आयोग, राष्ट्रिय वित्तीय आयोग, प्राकृतिकस्रोत आयोग, भाषा आयोग, सङ्घीय संरचना आयोग, महान्यायाधिवक्ताको कार्यालय तथा अन्य संवैधानिक निकायको कार्यालय र नेपाली सेना एवं सशस्त्र प्रहरी बल, नेपाल प्रहरी, राष्ट्रिय अनुसन्धान विभाग लगायतका सबै सङ्घीय, प्रादेशिक र स्थानीय तहका सरकारी कार्यालय, अदालत, सरकारी शिक्षण संस्था र सार्वजनिक संस्थानहरूको लेखा कानूनद्वारा निर्धारित तरिका बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी आयोगबाट लेखापरीक्षण हुनेछ ।

(२) आयोगलाई उपधारा (१) बमोजिमको कामको लागि आयोगलाई जुनसुकै समयमा लेखा सम्बन्धी कागजपत्र हेर्न पाउने अधिकार हुनेछ । त्यसरी आयोगका अध्यक्ष र सदस्यहरू वा त्यसका कुनै कर्मचारीले माग गरेको जुनसुकै कागजपत्र तथा जानकारी उपलब्ध गराउनु सम्बन्धित कार्यालय प्रमुखको कर्तव्य हुनेछ ।

(३) उपधारा (१) बमोजिम लेखापरीक्षण गरिने लेखा प्रचलित कानूनका अधीनमा रही सङ्घीय लेखापरीक्षण आयोगद्वारा तोकिएको ढाँचामा राखिनेछ ।

(४) उपधारा (१) मा उल्लेख भएका कार्यालयहरूको लेखाका अतिरिक्त अन्य कुनै कार्यालय वा संस्थाको लेखापरीक्षण आयोगबाट लेखापरीक्षण गर्नु पर्ने गरी कानूनद्वारा व्यवस्था गर्न सकिनेछ ।

**प्रादेशिक व्यवस्थाः** प्रत्येक प्रदेशमा आयोगको कार्यालय रहन सक्नेछ ।

**वार्षिक प्रतिवेदनः** (१) प्रत्येक वर्ष यो संविधान र प्रचलित कानूनबमोजिम आयोगले आफूले गरेको कामको वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष पेश गर्नेछ र राष्ट्रपतिले प्रधानमन्त्रीमार्फत त्यस्तो प्रतिवेदन व्यवस्थापिका-संसदसमक्ष पेश गर्ने व्यवस्था गर्नेछ ।

(२) उपधारा (१) बमोजिम पेश गरिने प्रतिवेदनमा अन्य कुराको अतिरिक्त आयोगले वर्षभरिमा लेखापरीक्षण गरेका निकायको विवरण, लेखापरीक्षणबाट देखिएको बेरूजुको स्थिति, बेरूजु फछ्र्यौट गर्न गरेको प्रयास र बेरूजु फछ्र्यौटका सम्बन्धमा प्राप्त उपलब्धि तथा लेखापरीक्षण सम्बन्धमा भविष्यमा गर्नु पर्ने सुधारको विवरण समेत उल्लेख गर्नु पर्नेछ ।

भाग

# राष्ट्रिय मानव अधिकार आयोग

**राष्ट्रिय मानव अधिकार आयोगः** नेपालमा एक राष्ट्रिय मानव अधिकार आयोग (यसपछि यस भागमा आयोग भनिएको) हुनेछ जसमा समानुपातिक प्रतिनिधित्व र समावेशीताका आधारमा देहाय बमोजिमका अध्यक्ष र सदस्यहरु रहनेछन् :-

(क) मानव अधिकारको संरक्षण र सम्वर्द्धनको क्षेत्रमा विशिष्ट योगदान पु¥याएका सर्वोच्च अदालतको प्रधानन्यायाधीश वा न्यायाधीशपदबाट सेवानिवृत्त व्यक्ति वा मानव अधिकारको संरक्षण र सम्वर्द्धन वा समाजसेवाका क्षेत्रमा क्रियाशील रही विशिष्ट योगदान पु¥याएका ख्यातिप्राप्त व्यक्तिहरु मध्येबाट - अध्यक्ष

(ख) मानव अधिकारको संरक्षण र सम्वर्द्धन वा समाजसेवाका क्षेत्रमा क्रियाशील रही विशिष्ट योगदान पु¥याएका ख्यातिप्राप्त व्यक्तिहरु मध्येबाट चारजना - सदस्य

**आयोगका अध्यक्ष र सदस्यको नियुक्ति, पदावधि र योग्यताः** (१) राष्ट्रपतिले संवैधानिकपरिषद्को सिफारिसमा आयोगका अध्यक्ष र सदस्यको नियुक्ति गर्नेछन् ।

(२) आयोगको अध्यक्ष र सदस्यको पदावधि नियुक्ति भएको मितिले छ वर्षको हुनेछ । निजहरू थप एक कार्यकालका लागि पुनर्नियुक्ति हुन सक्नेछ ।

तर, आयोगका अध्यक्ष र सदस्यलाई सर्वोच्च अदालतको न्यायाधीशसरह समान आधारमा र समान तरिकाले पदबाट हटाउन सकिनेछ ।

(३) देहायका अवस्थामा आयोगका अध्यक्ष वा सदस्यको पद रिक्त हुनेछ :

(क) निजले राष्ट्रपतिसमक्ष लिखित राजीनामा दिएमा,

(ख) उपधारा (३) बमोजिम निजको पदावधि पूरा भएमा वा निज आफ्नो पदमा नरहेमा,

(ग) निजको मृत्यु भएमा ।

(४) आयोगको अध्यक्ष वा सदस्यको पदमा नियुक्ति हुन देहाय बमोजिमको योग्यता हुनुपर्नेछ :

(क) नेपाल सरकारबाट मान्यताप्राप्त विश्वविद्यालयबाट स्नातकोपाधि हासिल गरेको,

(ख) कम्तिमा चालिस वर्ष उमेर पूरा गरेको,

(ग) उच्च नैतिक चरित्र र सामाजिक प्रतिष्ठा कायम भएको ।

(५) आयोगका अध्यक्ष र सदस्यको पारिश्रमिक र सेवाका अन्य शर्तहरु प्रचलित कानूनबमोजिम हुनेछन् । आयोगका अध्यक्ष र सदस्य आफ्नो पदमा बहाल रहेसम्म निजहरूलाई मर्का पर्ने गरी पारिश्रमिक र सेवाका शर्तहरु बदलिने छैनन् ।

(६) आयोगका अध्यक्ष वा सदस्य भइसकेको व्यक्ति अन्य सरकारी सेवामा नियुक्तिको लागि ग्राह्य हुने छैन ।

तर,

(क) आयोगको सदस्यलाई अध्यक्षमा नियुक्त गर्न यस उपधाराले बाधा पुर्‍याएको मानिने छैन र त्यसरी कुनै सदस्य अध्यक्षको पदमा नियुक्त भएमा निजको पदावधिको गणना गर्दा सदस्य भएको अवधिलाई समेत जोडी गणना गरिनेछ ।

(ख) कुनै राजनीतिक पदमा वा कुनै विषयको अनुसन्धान, जाँचबुझ वा छानबिन गर्ने वा त्यस्तो विषयको अध्ययन वा अन्वेषण गरी राय, मन्तव्य वा सिफारिस पेश गर्ने कुनै पदमा नियुक्त भई काम गर्न यस उपधारामा लेखिएको कुनै कुराले बाधा पुर्‍याएको मानिने छैन ।

**आयोगको काम, कर्तव्य र अधिकारः** (१) मानव अधिकारको सम्मान, संरक्षण र सम्वर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्नु आयोगको कर्तव्य हुनेछ ।

(२) उपधारा (१) मा उल्लिखित कर्तव्य पूरा गर्नको लागि आयोगले देहायका काम गर्नेछ :

(क) कुनै व्यक्ति वा समूहको मानव अधिकार उल्लङ्घन वा त्यसको दुरूत्साहन भएकोमा पीडित व्यक्ति आफैं वा निजको तर्फबाट कसैले आयोगसमक्ष प्रस्तुत वा प्रेषित गरेको निवेदन वा उजुरी वा कुनै स्रोतबाट आयोगलाई प्राप्त भएको जानकारी वा आयोगको आफ्नै स्वविवेकमा त्यसको छानबिन तथा अनुसन्धान गरी दोषी उपर कारबाही गर्न सिफारिस गर्ने,

(ख) मानव अधिकारको उल्लङ्घन हुनबाट रोक्ने जिम्मेवारी वा कर्तव्य भएको पदाधिकारीले आफ्नो जिम्मेवारी पूरा नगरेमा वा कर्तव्य पालन नगरेमा वा जिम्मेवारी पूरा गर्न वा कर्तव्य पालन गर्न उदासीनता देखाएमा त्यस्तो पदाधिकारी उपर विभागीय कारबाही गर्न सम्बन्धित अधिकारीसमक्ष सिफारिस गर्ने,

(ग) मानव अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्थाका विरूद्ध मुद्दा चलाउनु पर्ने आवश्यकता भएमा प्रचलित कानूनबमोजिम अदालतमा मुद्दा दायर गर्न सिफारिस गर्ने,

(घ) मानव अधिकारको सचेतना अभिवृद्धि गर्न नागरिक समाजसँग समन्वय र सहकार्य गर्ने,

(ङ) मानव अधिकारको उल्लङ्घनकर्तालाई विभागीय कारबाही तथा सजाय गर्न कारण र आधार खुलाई सम्बन्धित निकायसमक्ष सिफारिस गर्ने,

(च) मानव अधिकारसँग सम्बन्धित प्रचलित कानूनको आवधिक रूपमा पुनरावलोकन गर्ने तथा त्यसमा गर्नु पर्ने सुधार तथा संशोधनका सम्बन्धमा नेपाल सरकारसमक्ष सिफारिस गर्ने,

(छ) मानव अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि वा सम्झौताको नेपाल पक्ष बन्नु पर्ने भएमा त्यसको कारणसहित नेपाल सरकारलाई सिफारिस गर्ने र पक्ष बनिसकेका सन्धि वा सम्झौताको कार्यान्वयन भए वा नभएको अनुगमन गरी कार्यान्वयन नभएको पाइएमा त्यसको कार्यान्वयन गर्न नेपाल सरकारसमक्ष सिफारिस गर्ने,

(ज) मानव अधिकारको उल्लङ्घनका सम्बन्धमा आयोगले गरेको सिफारिस वा निर्देशन पालन वा कार्यान्वयन नगर्ने पदाधिकारी, व्यक्ति वा निकायको नाम प्रचलित कानूनबमोजिम सार्वजनिक गरी मानव अधिकार उल्लङ्घनकर्ताको रूपमा अभिलेख गर्ने ।

(३) आयोगले आफ्नो कार्यसम्पादन गर्दा वा कर्तव्यपालना गर्दा देहायको अधिकार प्रयोग गर्न सक्नेछः–

(क) कुनै व्यक्तिलाई आफूसमक्ष उपस्थित गराई जानकारी वा बयान लिने वा बकपत्र गराउने, प्रमाण बुझ्ने, दशी प्रमाण दाखिला गर्न लगाउने सम्बन्धमा अदालतलाई भए सरहको अधिकार प्रयोग गर्ने,

(ख) मानव अधिकारको गम्भीर उल्लङ्घन हुन लागेको वा भइसकेको सूचना कुनै किसिमबाट प्राप्त गरेमा कुनै व्यक्ति वा निजको आवास वा कार्यालयमा विना सूचना प्रवेश गर्ने, खानतलासी लिने तथा त्यसरी खानतलासी लिँदा मानव अधिकारको उल्लङ्घनसँग सम्बन्धित लिखत, प्रमाण वा सबुद कब्जामा लिने,

(ग) कुनै व्यक्तिको मानव अधिकार उल्लङ्घन भइरहेको कुरा जानकारी भई तत्काल कारबाही गर्नु पर्ने आवश्यक देखिएमा विना सूचना सरकारी कार्यालय वा अन्य ठाउँमा प्रवेश गर्ने र उद्धार गर्ने,

(घ) मानव अधिकारको उल्लङ्घनबाट पीडित भएको व्यक्तिलाई प्रचलित कानूनबमोजिम क्षतिपूर्ति दिन आदेश दिने,

(ङ) प्रचलित कानूनबमोजिम अन्य अधिकारको प्रयोग र कर्तव्यको पालना गर्ने वा गराउने ।

**प्रादेशिक व्यवस्थाः** प्रत्येक प्रदेशमा आयोगको कार्यालय रहन सक्नेछ ।

**वार्षिक प्रतिवेदनः** (१) आयोगले प्रत्येक वर्ष यो संविधान र प्रचलित कानूनबमोजिम आफूले गरेको कामको वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष पेश गर्नेछ र राष्ट्रपतिले प्रधानमन्त्रीमार्फत त्यस्तो प्रतिवेदन व्यवस्थापिका–संसदसमक्ष पेश गर्ने व्यवस्था गर्नेछ ।

(२) उपधारा (१) बमोजिम पेश गरिने प्रतिवेदनमा अन्य कुराको अतिरिक्त आयोगमा वर्षभरि परेका उजुरी, त्यस्तो उजुरीको सम्बन्धमा गरेको छानबिन र अनुसन्धानको विवरण, नेपाल सरकारलाई विभिन्न विषयमा गरेको सिफारिसको विवरण, मानव अधिकार उल्लङ्घन गर्ने व्यक्तिविरूद्ध कुनै मुद्दा दायर गरेको भए त्यसको संख्या, मानव अधिकारको संरक्षण र प्रवर्द्धनका सम्बन्धमा भविष्यमा गर्नु पर्ने सुधारको विवरण समेत उल्लेख गर्नु पर्नेछ ।

भाग

# सामाजिक समावेशीकरण आयोग

**सामाजिक समावेशीकरण आयोगको गठनः** (१) नेपालमा एक सामाजिक समावेशीकरण आयोग (यस पछि यस भागमा आयोग भनिएको) हुनेछ जसमा समानुपातिक प्रतिनिधित्व र समावेशी सिद्धान्तको आधारमा अध्यक्ष र अन्य दशजना सदस्यहरू रहनेछन् ।

**आयोगका अध्यक्ष तथा सदस्यहरूको नियुक्ति, पदावधि र योग्यताः** (१) राष्ट्रपतिले संवैधानिक परिषद्को सिफारिसमा आयोगका अध्यक्ष र सदस्यहरूको नियुक्ति गर्नेछ ।

(२) उपधारा (१) बमोजिम आयोगका अध्यक्ष तथा सदस्यहरूको नियुक्ति गर्दा महिला, दलित, आदिवासी, जनजाति, अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक एवं सीमान्तकृत समुदाय, पिछडिएको वर्ग र क्षेत्र, मधेशी, मुस्लिम, मजदुर किसान समुदायको प्रतिनिधित्व हुनेगरी नियुक्त गरिनेछ ।

(२) आयोगको अध्यक्ष र सदस्यको पदावधि नियुक्ति भएको मितिले छ वर्षको हुनेछ । निजहरू थप एक कार्यकालका लागि पुनर्नियुक्ति हुन सक्नेछन् ।

तर,-

(क) त्यस्तो पदावधि पूरा हुनु अगावै आयोगका अध्यक्ष वा सदस्यको उमेर पैसठ्ठी वर्ष पूरा भएमा निज आफ्नो पदमा बहाल रहने छैन ।

(ख) आयोगका अध्यक्ष र सदस्यलाई सर्वोच्च अदालतको न्यायाधीशसरह समान आधारमा र समान तरिकाले पदबाट हटाउन सकिनेछ ।

(३) देहायका अवस्थामा आयोगको अध्यक्ष वा सदस्यको पद रिक्त हुनेछः-

(क) निजले राष्ट्रपतिसमक्ष लिखित राजीनामा दिएमा

(ख) उपधारा (२) बमोजिम निजको पदावधि पूरा भएमा वा निज आफ्नो पदमा नरहेमा, वा

(ग) निजको मृत्यु भएमा ।

(४) आयोगको अध्यक्ष वा सदस्यको पदमा नियुक्ति हुन देहाय बमोजिमको योग्यता हुनु पर्नेछः-

(क) नेपाल सरकारबाट मान्यताप्राप्त विश्वविद्यालयबाट स्नातकोपाधि हासिल गरेको,

(ख) चालिस वर्ष उमेर पूरा गरेको, र

(ग) उच्च नैतिक चरित्र र सामाजिक प्रतिष्ठा कायम भएको ।

(५) आयोगका अध्यक्ष र सदस्यको पारिश्रमिक र सेवाका अन्य शर्तहरु प्रचलित कानूनबमोजिम हुनेछ । आयोगका अध्यक्ष र सदस्य आफ्नो पदमा बहाल रहेसम्म निजलाई मर्का पर्ने गरी पारिश्रमिक र सेवाका शर्तहरु बदलिने छैनन् ।

(६) आयोगका अध्यक्ष वा सदस्य भइसकेको व्यक्ति अन्य सरकारी सेवामा नियुक्त हुनको लागि ग्राह्य हुने छैन ।

तर,

(क) आयोगको सदस्यलाई अध्यक्षमा नियुक्त गर्न यस उपधाराले बाधा पुऱ्याएको मानिने छैन र त्यसरी कुनै सदस्य अध्यक्ष पदमा नियुक्त भएमा निजको पदावधि गणना गर्दा सदस्य भएको अवधिलाई समेत जोडी गणना गरिनेछ ।

(ख) कुनै राजनीतिक पदमा वा कुनै विषयको अनुसन्धान, जाँचबुझ वा छानबिन गर्ने वा त्यस्तो विषयको अध्ययन वा अन्वेषण गरी राय, मन्तव्य वा सिफारिस पेश गर्ने कुनै पदमा नियुक्त भई काम गर्न यस उपधारामा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन ।

**आयोगको काम, कर्तव्य र अधिकारः** आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजम हुनेछः-

(क) समावेशीकरण गरिनुपर्ने समुदायको हक हितसँग सरोकार राख्ने नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयनका लागि नेपाल सरकार समक्ष पेश गर्ने ।

**स्पष्टीकरणः** यस धाराको प्रयोजनको लागि "समावेशीकरण गरिनुपर्ने समुदाय" भन्नाले महिला, दलित, आदिवासी, जनजाति, अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक एवं सीमान्तकृत, पिछडिएको वर्ग, मधेशी, मुस्लिम, मजदुर, किसानलाई जनाउँछ ।

(ख) समावेशीकरण गरिनुपर्ने समुदायसँग सम्बन्धित नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा भएको व्यवस्था बमोजिम नेपाल सरकारले पठाउनुपर्ने प्रतिवेदन पठाए वा नपठाएको अनुगमन गर्ने ।

(ग) समावेशीकरण गरिनुपर्ने समुदायको हितसँग सम्बन्धित प्रचलित कानूनको प्रभावकारी रूपमा पालना भए वा नभएको विषयमा अनुगमन गरी पालना वा कार्यान्वयन नभएको भए त्यसको पालना वा कार्यान्वयनका लागि नेपाल सरकारलाई सुझाव दिने ।

(घ) समावेशीकरण गरिनुपर्ने समुदायलाई राष्ट्रिय विकासको मूलप्रवाहमा समाहित गर्नका लागि तथा राज्यका सबै अङ्गहरूमा समानुपातिक सहभागिता एवं लागू गरिएका नीति तथा कार्यक्रमको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने र त्यसको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकारलाई सिफारिश गर्ने ।

(ङ) लैङ्गिक समानता, महिला सशक्तिकरण तथा महिलासँग सम्बन्धित प्रचलित कानूनी व्यवस्थाको अध्ययन, अनुसन्धान गरी त्यस्ता कानूनमा गर्नुपर्ने सुधारका सम्बन्धमा सम्बन्धित निकायलाई सिफारिश गर्ने र त्यसको अनुगमन गर्ने ।

(च) महिलाहिंसा वा सामाजिक कुरीतिबाट पीडित वा महिला अधिकार प्रयोग गर्न नदिएको वा वञ्चित गरेको विषयमा कुनै व्यक्ति वा संस्थाविरूद्ध मुद्दा दायर गर्नुपर्ने आवश्यकता देखिएमा प्रचलित कानूनबमोजिम मुद्दा दायर गर्न अधिकार प्राप्त निकायसमक्ष गर्न सिफारिश गर्ने ।

(छ) समावेशीकरण गरिनुपर्ने समुदायको सम्बन्धमा अध्ययन तथा अन्वेषण गरी त्यस सम्बन्धमा गर्नुपर्ने उपयुक्त व्यवस्थासमेत पहिचान गरी नेपाल सरकारलाई सुझाव दिने ।

(ज) आदिवासी, जनजाति, मधेशी, मुस्लिम, अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक एवं सीमान्तकृत समुदायको भाषा, लिपि तथा संस्कृतिको जगेर्ना एवं तिनीहरूको उत्थान र विकासका निम्ति राष्ट्रिय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि नेपाल सरकार समक्ष पेश गर्ने ।

(झ) प्रचलित कानूनद्वारा तोकिएको अन्य कार्य गर्ने ।

**अधिकार प्रत्यायोजनः** सामाजिक समावेशीकरण आयोगले आफ्नो काम, कर्तव्य र अधिकारमध्ये कुनै काम, कर्तव्य र अधिकार आफ्नो कुनै सदस्य वा सदस्यहरूको समिति वा सङ्घीय वा प्रदेश सरकारको कुनै कर्मचारीलाई सुम्पन सक्नेछ ।

**प्रादेशिक व्यवस्थाः** (१) प्रत्येक प्रदेशमा आयोगको प्रादेशिक कार्यालय रहन सक्नेछ ।

(२) प्रदेशले सामाजिक समावेशीकरणका सुनिश्चितताको लागि कानूनद्वारा आवश्यक व्यवस्था गर्न सक्नेछ ।

**वार्षिक प्रतिवेदनः** (१) यो संविधान र प्रचलित कानूनबमोजिम आयोगले प्रत्येक वर्ष आफूले गरेको कामको वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष पेश गर्नेछ र राष्ट्रपतिले प्रधानमन्त्रीमार्फत त्यस्तो प्रतिवेदन सङ्घीय व्यवस्थापिका-संसदसमक्ष पेश गर्ने व्यवस्था गर्नेछ ।

(२) उपधारा (१) बमोजिम पेश गरिने प्रतिवेदनमा अन्य कुराहरूको अतिरिक्त महिला, दलित, आदिवासी, जनजाति, अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक एवं सीमान्तकृत समुदाय, पिछडिएको वर्ग र क्षेत्र, मधेशी, मुस्लिम र मजदुर किसान समुदायको हकहितको संरक्षणको लागि भएका कार्यहरू र तत्सम्बन्धमा भविष्यमा गर्नुपर्ने सुधारको विवरण समेत उल्लेख गर्नुपर्नेछ ।

भाग

# राष्ट्रिय प्राकृतिक स्रोत आयोग

**राष्ट्रिय प्राकृतिकस्रोत आयोगः** (१) नेपालमा एक राष्ट्रिय प्राकृतिकस्रोत आयोग (यसपछि यस भागमा आयोग भनिएको) हुनेछ जसमा देहाय बमोजिमका अध्यक्ष र सदस्यहरू रहनेछन् :

(क) प्राकृतिकस्रोतसँग सम्बन्धित कुनै विषयमा विषेशज्ञता हासिल गरेको व्यक्ति - अध्यक्ष

(ख) प्राकृतिकस्रोत, वातावरण, कानून र अर्थ विशेषज्ञहरूमध्येबाट दुई जना - सदस्य

**आयोगका अध्यक्ष र सदस्यहरूको नियुक्ति पदावधि र योग्यताः** (१) राष्ट्रपतिले संवैधानिकपरिषद्को सिफारिसमा आयोगको अध्यक्ष र सदस्यको नियुक्ति गर्नेछ ।

(२) आयोगको अध्यक्ष र सदस्यको पदावधि नियुक्ति भएको मितिले छ वर्षको हुनेछ । निजहरू एक कार्यकालको लागि पुनर्नियुक्ति हुन सक्नेछन् ।

तर,

(क) त्यस्तो पदावधि पूरा हुनु अगावै अध्यक्ष वा सदस्यको उमेर पैसट्ठी वर्ष पूरा भएमा निज आफ्नो पदमा बहाल रहने छैन ।

(ख) आयोगको अध्यक्ष र सदस्यलाई सर्वोच्च अदालतको न्यायाधीशसरह समान आधारमा र समान तरिकाले पदबाट हटाउन सकिनेछ ।

(३) देहायको अवस्थामा आयोगका अध्यक्ष वा सदस्यको पद रिक्त हुनेछ ।

(क) निजले राष्ट्रपतिसमक्ष लिखित राजीनामा दिएमा

(ख) उपधारा (२) बमोजिम निजको पदावधि पूरा भएमा वा निज आफ्नो पदमा नरहेमा

(ग) निजको मृत्यु भएमा

(४) आयोगको अध्यक्ष वा सदस्यको पदमा नियुक्ति हुन देहाय बमोजिमको योग्यता हुनु पर्नेछ :

(क) नेपाल सरकारबाट मान्यताप्राप्त विश्वविद्यालयबाट सम्बन्धित विषयमा स्नातकोत्तर उपाधि हासिल गरी प्राकृतिकस्रोतसँग सम्बन्धित कुनै विषयमा कम्तिमा पन्ध्र वर्षसम्म काम गरी राष्ट्रियस्तरमा विशेषज्ञता र अनुभव हासिल गरेको ।

(ख) चालिस वर्ष पूरा भएको,

(ग) नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको,

(घ) उच्च नैतिक चरित्र र सामाजिक प्रतिष्ठा कायम भएको ।

(५) आयोगका अध्यक्ष र सदस्यको पारिश्रमिक र सेवाका अन्य शर्तहरु प्रचलित कानूनबमोजिम हुनेछन् । आयोगका अध्यक्ष र सदस्य आफ्नो पदमा बहाल रहेसम्म निजहरूलाई मर्का पर्ने गरी पारिश्रमिक र सेवाका शर्तहरु बदलिने छैनन् ।

(६) आयोगका अध्यक्ष वा सदस्य भइसकेको व्यक्ति अन्य सरकारी सेवामा नियुक्तिको लागि ग्राह्य हुने छैन ।

तर,

(क) आयोगको सदस्यलाई अध्यक्षमा नियुक्त गर्न यस उपधाराले बाधा पुऱ्याएको मानिने छैन र त्यसरी कुनै सदस्य अध्यक्षको पदमा नियुक्त भएमा निजको पदावधिको गणना गर्दा सदस्य भएको अवधिलाई समेत जोडी गणना गरिनेछ ।

(ख) कुनै राजनीतिक पदमा वा कुनै विषयको अनुसन्धान, जाँचबुझ वा छानबिन गर्ने वा त्यस्तो विषयको अध्ययन वा अन्वेषण गरी राय, मन्तव्य वा सिफारिस पेश गर्ने कुनै पदमा नियुक्त भई काम गर्न यस उपधारामा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन ।

**राष्ट्रिय प्राकृतिकस्रोत आयोगको काम कर्तव्य र अधिकारः** आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) प्राकृतिकस्रोतसम्बन्धी विषयमा सङ्घ र प्रदेश, प्रदेश- प्रदेश, प्रदेश र स्थानीय सरकार, र स्थानीय सरकार-स्थानीय सरकारबीच समन्वय गर्ने गराउने ।

(ख) प्राकृतिकस्रोतको बाँडफाँड र तत्सम्बन्धी अन्य विषयमा उठ्न सक्ने संभावित विषयहरू पहिचान गरी आवश्यक अध्ययन अनुसन्धान गरी गराई नेपाल सरकारलाई सिफारिश गर्ने ।

(ग) आयोगको अन्य काम, कर्तव्य, अधिकार तथा कार्यविधि प्रचलित कानूनबमोजिम हुनेछ ।

**वार्षिक प्रतिवेदनः** (१) आयोगले प्रत्येक वर्ष यो संविधान र प्रचलित कानूनबमोजिम आफूले गरेको कामको वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष पेश गर्नेछ र राष्ट्रपतिले प्रधानमन्त्रीमार्फत त्यस्तो प्रतिवेदन व्यवस्थापिका-संसदसमक्ष पेश गर्ने व्यवस्था गर्नेछ ।

(२) उपधारा (१) बमोजिम पेश गरिने प्रतिवेदनमा अन्य कुराको अतिरिक्त आयोगले वर्षभरी प्राकृतिकस्रोत सम्बन्धी विषयमा गरेका समन्वयको विवरण, नेपाल सरकारलाई विभिन्न विषयमा गरेको सिफारिसको विवरण, प्राकृतिकस्रोतको बाँडफाँड र तत्सम्बन्धी अन्य विषयमा भविष्यमा गर्नु पर्ने सुधारको विवरण समेत उल्लेख गर्नु पर्नेछ ।

भाग

# राष्ट्रिय वित्तीय आयोग

**राष्ट्रिय वित्तीय आयोगः** (१) नेपालमा एक राष्ट्रिय वित्तीय आयोग (यसपछि यस भागमा आयोग भनिएको) हुनेछ जसमा अध्यक्ष र दुईजना सदस्यहरू रहनेछन्

**आयोगका अध्यक्ष र सदस्यहरूको नियुक्ति पदावधि र योग्यताः** (१) राष्ट्रपतिले संवैधानिकपरिषद्को सिफारिसमा आयोगको अध्यक्ष र सदस्यको नियुक्ति गर्नेछ ।

(२) आयोगको अध्यक्ष र सदस्यको पदावधि नियुक्ति भएको मितिले छ वर्षको हुनेछ । निजहरू एक कार्यकालको लागि पुनर्नियुक्ति हुन सक्नेछन् ।

तर,

क) त्यस्तो पदावधि पूरा हुनु अगावै अध्यक्ष वा सदस्यको उमेर पैसट्ठी वर्ष पूरा भएमा निज आफ्नो पदमा बहाल रहने छैन ।

(ख) आयोगको अध्यक्ष र सदस्यलाई सर्वोच्च अदालतको न्यायाधीशसरह समान आधारमा र समान तरिकाले पदबाट हटाउन सकिनेछ ।

(३) देहायको अवस्थामा आयोगका अध्यक्ष वा सदस्यको पद रिक्त हुनेछ ।

(क) निजले राष्ट्रपतिसमक्ष लिखित राजीनामा दिएमा

(ख) उपधारा (२) बमोजिम निजको पदावधि पूरा भएमा वा निज आफ्नो पदमा नरहेमा

(ग) निजको मृत्यु भएमा

(४) आयोगका अध्यक्ष र सदस्यहरूको पदमा नियुक्तिको लागि देहाय बमोजिमको योग्यता हुनु पर्नेछ :-

(क) नेपाल सरकारद्वारा मान्यताप्राप्त विश्वविद्यालयबाट व्यवस्थापन, वाणिज्यशास्त्र, लेखा, जनप्रशासन, कानून वा तथ्याङ्कशास्त्रमा स्नातकोत्तर उपाधि प्राप्त गरी वा चार्टर्ड एकाउन्टेन्सी परीक्षा उत्तीर्ण गरी सम्बन्धित क्षेत्रमा कम्तिमा पन्ध्र वर्ष काम गरी विशेषज्ञता वा अनुभव प्राप्त गरेको,

(ख) नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको,

(ग) चालिस वर्ष उमेर पूरा भएको, र

(घ) उच्च नैतिक चरित्र र सामाजिक प्रतिष्ठा कायम भएको ।

(५) आयोगका अध्यक्ष र सदस्यहरूको पारिश्रमिक र सेवाका अन्य शर्तहरु प्रचलित कानूनबमोजिम हुनेछन् । आयोगका अध्यक्ष र सदस्यहरू आफ्नो पदमा बहाल रहेसम्म निजलाई मर्का पर्ने गरी पारिश्रमिक र सेवाका अन्य शर्तहरु बदलिने छैनन् ।

(६) आयोगका अध्यक्ष र सदस्यहरू भइसकेको व्यक्ति अन्य सरकारी सेवामा नियुक्तिको ग्राह्य हुने छैन ।

तर,

(क) आयोगको सदस्यलाई अध्यक्षको पदमा नियुक्त गर्न यस उपधाराले बाधा पुऱ्याएको मानिने छैन र त्यसरी कुनै सदस्य अध्यक्षको पदमा नियुक्त भएकोमा निजको पदावधिको गणना गर्दा सदस्य भएको अवधिलाई समेत जोडी गणना गरिनेछ ।

(ख) कुनै राजनीतिक पदमा वा कुनै विषयको अनुसन्धान, जाँचबुझ वा छानबिन गर्ने वा कुनै विषयको अध्ययन वा अन्वेषण गरी राय, मन्तव्य वा सिफारिस पेश गर्ने कुनै पदमा नियुक्त भई काम गर्न यस उपधारामा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन ।

**राष्ट्रिय वित्तीय आयोगको काम कर्तव्य र अधिकारः** (१) संविधान र प्रचलित कानूनमा बमोजिम सङ्घीय संचित कोषबाट सङ्घीय, प्रदेश र स्थानीय सरकारबीच राजस्वको बाँडफाँड गर्ने विस्तृत आधार र संयन्त्र तय गर्नु आयोगको प्रमुख कर्तव्य हुनेछ ।

(२) उपधारा (१) मा उल्लिखित कर्तव्य पूरा गर्नको लागि आयोगले देहायका काम गर्नेछ :

(क) सङ्घीय संचित कोषबाट प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने समानीकरण अनुदान कानूनमा व्यवस्था भएको आधारमा सिफारिस गर्ने,

(ख) राष्ट्रिय नीति, कार्यक्रम मानकको आधारमा प्रदेश र स्थानीय सरकारको पूर्वाधार अवस्था, प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने सशर्त अनुदानको सम्बन्धमा आधार तयार गर्न अध्ययन, अनुसन्धान गर्ने,

(ग) प्रदेश सरकारको संचित कोषबाट प्रदेश र स्थानीय सरकारबीच राजस्वको बाँडफाँड गर्ने विस्तृत आधार र संयन्त्र तय गर्ने,

(घ) नेपाल सरकार, प्रदेश र स्थानीय सरकारको खर्च जिम्मेवारी र राजस्व असुलीमा सुधार गर्नुपर्ने उपायहरूको सिफारिस गर्ने,

(ङ) समष्टिगत आर्थिक सूचकहरूको विश्लेषण गरी नेपाल सरकार, प्रदेश र स्थानीय सरकारले लिन सक्ने आन्तरिक ऋणको सिफारिस गर्ने,

(च) नेपाल सरकार, प्रदेश र स्थानीय सरकारको राजस्व बाँडफाँड गर्ने आधारको पुनरावलोकन गरी परिमार्जनको सिफारिस गर्ने,

(छ) नेपाल सरकार, प्रदेश र स्थानीय सरकारबीच राजस्वको बाँडफाँड सम्बन्धी विवादको विषयमा समन्वय गर्ने ।

(ज) आयोगको अन्य काम, कर्तव्य, अधिकार तथा कार्यविधि प्रचलित कानूनबमोजिम हुनेछ ।

**वार्षिक प्रतिवेदनः** (१) आयोगले प्रत्येक वर्ष यो संविधान र प्रचलित कानूनबमोजिम आफूले गरेको कामको वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष पेश गर्नेछ र राष्ट्रपतिले प्रधानमन्त्रीमार्फत त्यस्तो प्रतिवेदन व्यवस्थापिका-संसदसमक्ष पेश गर्ने व्यवस्था गर्नेछ ।

(२) उपधारा (१) बमोजिम पेश गरिने प्रतिवेदनमा अन्य कुराको अतिरिक्त आयोगले वर्षभरी राजस्व बाँडफाँड विषयमा गरेका समन्वयको विवरण, नेपाल सरकारलाई विभिन्न विषयमा गरेको सिफारिसको विवरण, राजस्व बाँडफाँड र तत्सम्बन्धी अन्य विषयमा भविष्यमा गर्नु पर्ने सुधारको विवरण समेत उल्लेख गर्नु पर्नेछ ।

# महान्यायाधिवक्ता

**महान्यायाधिवक्ताः** (१) नेपालमा एक महान्यायाधिवक्ता रहनेछ ।

(२) महान्यायाधिवक्ताको नियुक्ति प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिबाट हुनेछ । महान्यायाधिवक्ता प्रधानमन्त्रीको इच्छानुसारको अवधिसम्म आफ्नो पदमा बहाल रहनेछ ।

(३) सर्वोच्च अदालतको न्यायाधीश हुन सक्ने योग्यता भएको व्यक्ति महान्यायाधिवक्ताको पदमा नियुक्तिको लागि योग्य मानिनेछ ।

(४) देहायका अवस्थामा महान्यायाधिवक्ताको पद रिक्त हुनेछ :-

(क) निजले प्रधानमन्त्रीमार्फत राष्ट्रपतिसमक्ष लिखित राजीनामा दिएमा,

(ख) प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिले निजलाई पदमुक्त गरेमा,

(ग) निजको मृत्यु भएमा ।

(५) महान्यायाधिवक्ताको पारिश्रमिक तथा अन्य सुविधा सर्वोच्च अदालतको न्यायाधीशसरह हुनेछ । महान्यायाधिवक्ताको सेवाका अन्य शर्तहरु प्रचलित कानूनबमोजिम हुनेछ :

**महान्यायाधिवक्ताको काम, कर्तव्य र अधिकारः** (१) महान्यायाधिवक्ता नेपाल सरकारको मुख्य कानूनी सल्लाहकार हुनेछ । संवैधानिक र कानूनी विषयमा राष्ट्रपति, नेपाल सरकार र नेपाल सरकारले तोकिदिएको अन्य अधिकारीलाई राय सल्लाह दिनु महान्यायाधिवक्ताको कर्तव्य हुनेछ ।

(२) नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा महान्यायाधिवक्ता वा निजको मातहतका अधिकृतहरूले नेपाल सरकारको प्रतिनिधित्व गर्नेछन् । यो संविधानको अधीनमा रही कुनै अदालत वा न्यायिक अधिकारीसमक्ष नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने अधिकार महान्यायाधिवक्तालाई हुनेछ ।

(३) महान्यायाधिवक्तालाई व्यवस्थापिका-संसद वा त्यसको कुनै समितिको बैठकमा उपस्थित भई कुनै कानूनी प्रश्नको सम्बन्धमा राय व्यक्त गर्ने अधिकार हुनेछ ।

तर, मत दिने अधिकार भने हुने छैन ।

(४) आफ्नो पदीय कर्तव्यको पालना गर्दा महान्यायाधिवक्तालाई नेपालको जुनसुकै अदालत, कार्यालय र पदाधिकारीसमक्ष उपस्थित हुने अधिकार हुनेछ ।

(५) उपधारा (२) को अधीनमा रही महान्यायाधिवक्तालाई आफ्नो कर्तव्य पालन गर्दा देहायको काम गर्ने अधिकार हुनेछ :-

(क) नेपाल सरकार वादी वा प्रतिवादी भई दायर भएका मुद्दा मामिलामा नेपाल सरकारको तर्फबाट प्रतिरक्षा गर्ने,

(ख) मुद्दा मामिलाका रोहमा सर्वोच्च अदालतले गरेको कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्तको कार्यान्वयन भए वा नभएको अनुगमन गर्ने गराउने,

(ग) हिरासतमा रहेको व्यक्तिलाई यो संविधानको अधीनमा रही मानवोचित व्यवहार नगरेको वा त्यस्तो व्यक्तिलाई आफन्तसँग वा कानून व्यवसायीमार्फत भेटघाट गर्न नदिएको भन्ने उजुरी परेमा वा जानकारी हुन आएमा छानबिन गरी त्यस्तो हुनबाट रोक्न सम्बन्धित अधिकारीलाई आवश्यक निर्देशन दिने ।

(६) महान्यायाधिवक्ताको अन्य काम, कर्तव्य र अधिकार प्रचलित कानूनबमोजिम हुनेछ ।

(७) महान्यायाधिवक्ताले यो धारा बमोजिमको आफ्नो काम, कर्तव्य र अधिकारमध्ये कुनै अधिकार मातहतका अधिकृतलाई सुम्पन सक्नेछ ।

**महाअभियोजनकर्ताः** (१) महान्यायाधिवक्ताको सामान्य नियन्त्रण र निर्देशनमा रही काम गर्ने गरी निजको मातहतमा प्रचलित कानूनबमोजिम एक महाअभियोजनकर्ता हुनेछ ।

(२) महाअभियोजनकर्ताको नियुक्ति, योग्यता, सेवाका शर्त र काम, कर्तव्य तथा अधिकार प्रचलित कानूनमा बमोजिम हुनेछ ।

**वार्षिक प्रतिवेदनः** (१) महान्यायाधिवक्ताले प्रत्येक वर्ष यो संविधान र प्रचलित कानूनबमोजिम आफूले गरेको कामको वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष पेश गर्नेछ र राष्ट्रपतिले प्रधानमन्त्रीमार्फत उक्त प्रतिवेदन व्यवस्थापिका-संसदसमक्ष पेश गर्नेछ ।

(२) उपधारा (१) बमोजिम पेश गरिने प्रतिवेदनमा अन्य कुराको अतिरिक्त महान्यायाधिवक्ताले वर्षभरिमा संवैधानिक र कानूनी विषयमा दिएको राय सल्लाहको संख्या, सरकार वादी भई चलेका मुद्दा सम्बन्धी विवरण, नेपाल सरकार वादी वा प्रतिवादी भई दायर भएका मुद्दा मामिलामा प्रतिरक्षा गरेको विवरण तथा सरकारवादी भई चल्ने मुद्दामा भविष्यमा गरिनु पर्ने सुधारको विवरणसमेत उल्लेख गर्नु पर्नेछ ।

**प्रदेश महान्यायाधिवक्ताः** (१) प्रत्येक प्रदेशमा एक प्रदेश महान्यायाधिवक्ता रहनेछ ।

(२) प्रदेश महान्यायाधिवक्ताको नियुक्ति सम्बन्धित प्रदेशका मुख्यमन्त्रीको सिफारिसमा प्रदेशप्रमुखबाट हुनेछ । प्रदेश महान्यायाधिवक्ता मुख्यमन्त्रीको इच्छानुसारको अवधिसम्म आफ्नो पदमा बहाल रहनेछ ।

(३) उच्च अदालतको न्यायाधीश हुन सक्ने योग्यता भएको व्यक्ति प्रदेश महान्यायाधिवक्ताको पदमा नियुक्तिको लागि योग्य मानिनेछ ।

(४) देहायका अवस्थामा प्रदेश महान्यायाधिवक्ताको पद रिक्त हुनेछ :-

(क) मुख्यमन्त्रीमार्फत प्रदेशप्रमुखसमक्ष लिखित राजीनामा दिएमा,

(ख) मुख्यमन्त्रीको सिफारिसमा प्रदेशप्रमुखले निजलाई पदमुक्त गरेमा,

(ग) निजको मृत्यु भएमा ।

(५) प्रदेश महान्यायाधिवक्ताको पारिश्रमिक तथा अन्य सुविधा उच्च अदालतको न्यायाधीशसरह हुनेछ ।

**प्रदेश महान्यायाधिवक्ताको काम, कर्तव्य र अधिकारः** (१) प्रदेश महान्यायाधिवक्ता प्रदेश सरकारको मुख्य कानूनी सल्लाहकार हुनेछ । संवैधानिक र कानूनी विषयमा प्रदेशप्रमुख, प्रदेश सरकार र प्रदेश सरकारले तोकिदिएको अन्य अधिकारीलाई राय सल्लाह दिनु प्रदेश महान्यायाधिवक्ताको कर्तव्य हुनेछ ।

(२) प्रदेश सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा प्रदेश महान्यायाधिवक्ता वा निजको मातहतका अधिकृतहरूले प्रदेश सरकारको प्रतिनिधित्व गर्नेछन् । कुनै अदालत वा न्यायिक अधिकारीसमक्ष प्रदेश सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने अधिकार प्रदेश महान्यायाधिवक्तालाई हुनेछ ।

(३) प्रदेश महान्यायाधिवक्तालाई प्रदेशसभा वा त्यसको कुनै समितिको बैठकमा उपस्थित भई कुनै कानूनी प्रश्नको सम्बन्धमा राय व्यक्त गर्ने अधिकार हुनेछ ।

तर, मत दिने अधिकार भने हुने छैन ।

(४) आफ्नो पदीय कर्तव्यको पालना गर्दा प्रदेश महान्यायाधिवक्तालाई प्रदेशको जुनसुकै अदालत, कार्यालय र पदाधिकारीसमक्ष उपस्थित हुने अधिकार हुनेछ ।

(५) उपधारा (२) को अधीनमा रही प्रदेश महान्यायाधिवक्तालाई आफ्नो कर्तव्य पालन गर्दा देहायको काम गर्ने अधिकार हुनेछ :-

(क) प्रदेश सरकार वादी वा प्रतिवादी भई दायर भएका मुद्दा मामिलामा प्रदेश सरकारको तर्फबाट प्रतिरक्षा गर्ने,

(ख) मुद्दा मामिलाका रोहमा उच्च अदालतले गरेको कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्तको कार्यान्वयन भए वा नभएको अनुगमन गर्ने गराउने,

(ग) हिरासतमा रहेको व्यक्तिलाई यो संविधानको अधीनमा रही मानवोचित व्यवहार नगरेको वा त्यस्तो व्यक्तिलाई आफन्तसँग वा कानून व्यवसायीमार्फत भेटघाट गर्न नदिएको भन्ने उजुरी परेमा वा जानकारी हुन आएमा छानबिन गरी त्यस्तो हुनबाट रोक्न सम्बन्धित अधिकारीलाई आवश्यक निर्देशन दिने ।

(६) प्रदेश महान्यायाधिवक्ताको अन्य काम, कर्तव्य र अधिकार प्रचलित कानूनबमोजिम हुनेछ ।

(७) प्रदेश महान्यायाधिवक्ताले यो धारा बमोजिमको आफ्नो काम, कर्तव्य र अधिकारमध्ये केही अधिकार मातहतका अधिकृतलाई सुम्पन सक्नेछ ।

**निर्देशन पालना गर्नुपर्ने:** यो संविधान र प्रचलित कानूनको अधीनमा रही महान्यायाधिवक्ताले प्रदेश महान्यायाधिवक्तालाई आवश्यक निर्देशन दिन सक्नेछ । त्यस्तो निर्देशनको पालना गर्नु प्रदेश महान्यायाधिवक्ताको कर्तव्य हुनेछ ।

**प्रदेश महाअभियोजनकर्ता:** (१) प्रदेश महान्यायाधिवक्ताको सामान्य नियन्त्रण र निर्देशनमा रही काम गर्ने गरी निजको मातहतमा एक प्रदेशमहाअभियोजनकर्ता रहनेछ ।

(२) प्रदेश महाअभियोजनकर्ताको नियुक्ति, योग्यता, सेवाका शर्त र काम, कर्तव्य तथा अधिकार प्रादेशिक कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।

**वार्षिक प्रतिवेदन:** (१) प्रदेश महान्यायाधिवक्ताले प्रत्येक वर्ष यो संविधान र प्रचलित कानूनबमोजिम आफ्नो कामको वार्षिक प्रतिवेदन तयार गरी प्रदेशप्रमुखसमक्ष पेश गर्नेछ र प्रदेशप्रमुखले मुख्यमन्त्री मार्फत उक्त प्रतिवेदन प्रदेशसभासमक्ष पेश गर्नेछ ।

(२) उपधारा (१) बमोजिम पेश गरिने प्रतिवेदनमा अन्य कुराको अतिरिक्त प्रदेश महान्यायाधिवक्ताले वर्षभरिमा संवैधानिक र कानूनी विषयमा दिएको राय सल्लाहको संख्या, सरकार वादी भई चलेका मुद्दासम्बन्धी विवरण, सरकार वादी वा प्रतिवादी भई दायर भएका मुद्दा मामिलामा प्रतिरक्षा गरेको विवरण तथा सरकारवादी भई चल्ने मुद्दामा भविष्यमा गरिनु पर्ने सुधारको विवरण समेत उल्लेख गर्नु पर्नेछ ।

भाग–१९

# राष्ट्रिय सुरक्षा

**राष्ट्रिय सुरक्षापरिषद्:** (१) नेपालको समग्र राष्ट्रिय हित, सुरक्षा र प्रतिरक्षासम्बन्धी नीति तर्जुमा गर्न तथा नेपाली राष्ट्रिय सेनाको परिचालन (नियन्त्रण र व्यवस्थापन) गर्न नेपाल सरकार, मन्त्रिपरिषद्लाई सिफारिस गर्न देहाय बमोजिमको एक राष्ट्रिय सुरक्षापरिषद् रहनेछ :–

(क) प्रधानमन्त्री - अध्यक्ष

(ख) रक्षामन्त्री - सदस्य

(ग) गृहमन्त्री - सदस्य

(घ) परराष्ट्रमन्त्री - सदस्य

(ङ) अर्थमन्त्री - सदस्य

(२) रक्षामन्त्रालयको सचिवले राष्ट्रिय सुरक्षापरिषद्को सचिव भई काम गर्नेछ ।

(३) राष्ट्रिय सुरक्षापरिषद्ले आफ्नो वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष पेश गर्नेछ र निजले उक्त प्रतिवेदन प्रधानमन्त्रीमार्फत व्यवस्थापिका-संसदसमक्ष पेश गर्ने व्यवस्था गर्नेछ ।

(४) राष्ट्रिय सुरक्षापरिषद्सम्बन्धी अन्य व्यवस्था प्रचलित कानूनबमोजिम हुनेछ ।

**नेपाली राष्ट्रिय सेनासम्बन्धी व्यवस्थाः** (१) देशको सार्वभौमसत्ता, अखण्डता, स्वतन्त्रता र राष्ट्रिय एकताको रक्षाका लागि लोकतान्त्रिक सिद्धान्तप्रति प्रतिबद्ध समानुपातिक, समावेशी र राष्ट्रिय स्वरूपको नेपाली राष्ट्रिय सेनाको एक सङ्गठन रहनेछ ।

(२) नेपाली राष्ट्रिय सेनालाई राष्ट्रिय स्वरूप प्रदान गर्न र समावेशी बनाउन मधेशी, आदिवासी, जनजाति, दलित, महिला, पिछडिएकाक्षेत्र लगायतका जनताको नेपाली राष्ट्रिय सेना प्रवेश समानता र समावेशी सिद्धान्तका आधारमा कानूनमा व्यवस्था गरी सुनिश्चित गरिनेछ ।

(३) नेपाल सरकारले नेपाली राष्ट्रिय सेनालाई कानूनमा व्यवस्था भए बमोजिमको विकास निर्माण र प्राकृतिक प्रकोप नियन्त्रण लगायतका अन्य कार्यमा समेत लगाउन सक्नेछ ।

(४) राष्ट्रपति नेपाली राष्ट्रिय सेनाको परमाधिपति हुनेछ ।

(५) राष्ट्रपतिले मन्त्रिपरिषद्को सिफारिशमा नेपाली राष्ट्रिय सेनाको प्रधानसेनापतिको नियुक्ति गर्नेछ ।

(६) राष्ट्रपतिले मन्त्रिपरिषद्को सिफारिशमा प्रधानसेनापतिलाई पद मुक्त गर्न सक्नेछ ।

(७) प्राकृतिक विपत्ति परेको कारणले नेपाली राष्ट्रिय सेनापरिचालन भएकोमा बाहेक नेपाली राष्ट्रिय सेनापरिचालनसम्बन्धी मन्त्रिपरिषद्को निर्णय भएको एक महिनाभित्र प्रतिनिधिसभामा प्रस्तुत भई अनुमोदन हुनु पर्नेछ ।

(८) नेपाली राष्ट्रिय सेनासम्बन्धी अन्य कुराहरू प्रचलित कानूनबमोजिम हुनेछ ।

**नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र गुप्तचर सङ्गठनसम्बन्धी व्यवस्थाः** (१) नेपालको आन्तरिक सुरक्षा, जनताको जीउ धन र स्वतन्त्रताको रक्षा, कानूनको कार्यान्वयन गर्न र समाजमा कानून र व्यवस्था कायम गरी अमन चयन राख्न सङ्घीय नेपाल प्रहरी, सङ्घीय सशस्त्र प्रहरी बल र सङ्घीय गुप्तचर संस्थाको सङ्गठन रहनेछ ।

(२) प्रत्येक प्रदेशमा नेपाल प्रहरीको सङ्गठन रहनेछ ।

(३) नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र गुप्तचर सङ्गठनसम्बन्धी अन्य व्यवस्था प्रचलित कानूनबमोजिम हुनेछ ।

भाग–२१

# राजनीतिक दल

**राजनीतिक दलको गठन, दर्ता र सञ्चालनः** (१) समान राजनीतिक विचारधारा, दर्शन र कार्यक्रममा प्रतिबद्ध व्यक्तिहरूले धारा ... (मौलिक हकमा राजनीतिक दल खोल्ने स्वतन्त्रतासम्बन्धी) अन्तर्गत बनेको कानूनको अधीनमा रही राजनीतिक दलको गठन गरी सञ्चालन गर्न र आफ्नो विचारधारा, दर्शन र कार्यक्रमप्रति जनसाधारणको समर्थन र सहयोग प्राप्त गर्नको लागि त्यसको प्रचार-प्रसार गर्न, गराउन वा सो प्रयोजनका लागि अन्य कुनै काम गर्न सक्नेछन् ।

(२) उपधारा (१) बमोजिम गठन भएका राजनीतिक दलले प्रचलित कानूनबमोजिमको कार्यविधि पूरा गरी निर्वाचन आयोगमा दल दर्ता गराउनु पर्नेछ ।

(३) उपधारा (२) बमोजिम दल दर्ताको लागि निवेदन गर्दा राजनीतिक दलको विधान, घोषणापत्र, नियमावली र वार्षिक लेखापरीक्षण प्रतिवेदन लगायत कानूनमा व्यवस्था भएबमोजिमका अन्य कुराहरू पेश गर्नु पर्नेछ ।

(४) उपधारा (२) बमोजिम दल दर्ताको लागि निवेदन दिंदा कुनै पनि राजनीतिक दलले देहायका शर्तहरू पूरा गर्नु पर्नेछ :-

(क) राजनीतिक दलको विधान र नियमावली लोकतान्त्रिक हुनु पर्छ,

(ख) राजनीतिक दलको विधान वा नियमावलीमा कम्तिमा पाँच वर्षमा एक पटक सो दलका सङ्घ, प्रदेश र स्थानीय तहका प्रत्येक पदाधिकारीहरूको निर्वाचन हुने व्यवस्था हुनु पर्छ,

(ग) विभिन्नस्तरका कार्यकारिणी समितिमा नेपालको विविधतालाई प्रतिविम्बित गर्ने गरी समावेशी सहभागिताको व्यवस्था गरिएको हुनु पर्छ,

(घ) दलको विधानमा दलका सदस्यहरूलाई अनुशासित तुल्याउने प्रभावकारी व्यवस्था गरिएको हुनु पर्छ ।

(५) कुनै राजनीतिक दलको नाम, उद्देश्य, चिन्ह वा झण्डा देशको धार्मिक वा साम्प्रदायिक एकतालाई खलल पार्ने वा देशलाई विखण्डित गर्ने प्रकृतिको रहेछ भने त्यस्तो राजनीतिक दल दर्ता हुने छैन ।

(६) प्रदेशस्तरमा समेत प्रचलित कानूनबमोजिम राजनीतिक दल स्थापना, दर्ता र सञ्चालन हुन सक्नेछन् ।

**राजनीतिक दललाई प्रतिबन्ध लगाउन बन्देजः** (१) धारा ....... बमोजिम राजनीतिक दलको गठन गरी सञ्चालन गर्न र आफ्नो विचारधारा, दर्शन र कार्यक्रमप्रति जनसाधारणको समर्थन र सहयोग प्राप्त गर्नको लागि त्यसको प्रचार-प्रसार गर्ने कार्यमा कुनै प्रतिबन्ध लगाउने गरी बनाइएको कानून वा गरिएको कुनै व्यवस्था वा निर्णय यो संविधानको प्रतिकूल मानिनेछ र स्वतः अमान्य हुनेछ ।

(२) कुनै एउटै राजनीतिक दल वा एकै किसिमको राजनीतिक विचारधारा, दर्शन वा कार्यक्रम भएका व्यक्तिहरूले मात्र निर्वाचन, देशको राजनीतिक प्रणाली वा राज्यव्यवस्था सञ्चालनमा भाग लिन पाउने वा सम्मिलित हुन पाउने गरी बनाएको कानून, गरिएको कुनै व्यवस्था वा निर्णय यो संविधान प्रतिकूल मानिनेछ र स्वतः अमान्य हुनेछ ।

**राजनीतिक दलको रूपमा निर्वाचनको लागि मान्यताप्राप्त गर्न दर्ता गराउनु पर्नेः** (१) निर्वाचनको प्रयोजनको लागि निर्वाचन आयोगबाट मान्यताप्राप्त गर्न चाहने धारा ....बमोजिम दर्ता भएका प्रत्येक राजनीतिक दलले प्रचलित कानूनबमोजिमको कार्यविधि पूरा गरी निर्वाचन आयोगमा दर्ता गराउनु पर्नेछ ।

(२) उपधारा (१) बमोजिम दर्ताको लागि निवेदन दिंदा राजनीतिक दलले धारा .... को उपधारा (३) मा उल्लिखित विवरण खुलाउनुको साथै सोही धाराको उपधारा (४) मा उल्लिखित शर्तहरूसमेत पूरा गरेको हुनु पर्नेछ ।

**राजनीतिक दलसम्बन्धी अन्य व्यवस्थाः** राजनीतिक दलको स्थापना, दर्ता, सुविधा र सञ्चालनसम्बन्धी अन्य कुराहरू प्रचलित कानूनबमोजिम हुनेछ ।

भाग-२२

# सङ्कटकालीन अधिकार

**सङ्कटकालीन व्यवस्थाः** (१) नेपालको सार्वभौमसत्ता, अखण्डता वा कुनै भागको सुरक्षामा युद्ध, बाह्य आक्रमण, सशस्त्र विद्रोह, चरम आर्थिक विशृङ्खलता, प्राकृतिक विपत्ति वा महामारीको कारणले गम्भीर सङ्कट उत्पन्न भएमा नेपाल सरकार, मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले नेपालभर वा कुनै खास क्षेत्रमा लागू हुने गरी सङ्कटकालीन अवस्थाको घोषणा गर्न वा आदेश जारी गर्न सक्नेछ ।

(२) उपधारा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै प्रदेशमा प्राकृतिक विपत्ति वा महामारीको कारणले गम्भीर सङ्कट उत्पन्न भएमा सम्बन्धित प्रदेश सरकारले नेपाल सरकारसमक्ष यस धारा बमोजिम आंशिक सङ्कटकालीन अवस्थाको घोषणा वा आदेश जारी गर्नको लागि अनुरोध गर्न सक्नेछ ।

(३) उपधारा (१) बमोजिम गरिएको घोषणा वा आदेश सो आदेश भएको मितिले एक महिनाभित्र अनुमोदनको लागि व्यवस्थापिका-संसदका दुबै सदनमा पेश गरिनेछ ।

(४) उपधारा (३) बमोजिम अनुमोदनको लागि पेश भएको घोषणा वा आदेश व्यवस्थापिका-संसदका दुबै सदनमा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको कम्तिमा दुई-तिहाइ बहुमतले अनुमोदन गरेमा घोषणा वा आदेश भएको मितिले तीन महिनासम्म लागू रहनेछ ।

(५) उपधारा (३) बमोजिम व्यवस्थापिका-संसदका दुबै सदनमा अनुमोदनको लागि पेश भएको घोषणा वा आदेश उपधारा (४) बमोजिम अनुमोदन नभएमा सो घोषणा वा आदेश स्वतः निष्क्रिय भएको मानिनेछ ।

(६) उपधारा (१) बमोजिमको अवस्था अझै विद्यमान छ भनी उपधारा (३) बमोजिमको म्याद भुक्तान नहुँदै व्यवस्थापिका-संसदका दुबै सदनमा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको कम्तिमा दुईतिहाइ बहुमतले प्रस्तावद्वारा निर्णय गरी अर्को एक पटक तीन महिनामा नबढाई सो प्रस्तावमा तोकिएको अवधिको लागि सङ्कटकालीन अवस्थाको घोषणा वा आदेशको म्याद बढाउन सक्नेछ ।

(७) उपधारा (१) बमोजिम सङ्कटकालीन अवस्थाको घोषणा वा आदेश भएपछि त्यस्तो अवस्थाको निवारण गर्न नेपाल सरकार, मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले आवश्यक आदेश जारी गर्न सक्नेछ । त्यसरी जारी भएको आदेश सङ्कटकालीन अवस्था बहाल रहेसम्म कानून सरह लागू हुनेछ ।

(८) नेपाल सरकार, मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट उपधारा (१) बमोजिम सङ्कटकालीन अवस्थाको घोषणा वा आदेश गरिंदा सो घोषणा वा आदेश बहाल रहेसम्मको लागि भाग ... मा व्यवस्था भएका मौलिक हकहरूमध्ये धारा ... मा उल्लिखित हकहरू निलम्बन गर्न सकिनेछ ।

तर, धारा ... बमोजिम संवैधानिक उपचारको हक र बन्दी प्रत्यक्षीकरणको उपचार प्राप्त गर्ने हक निलम्बन गरिने छैन ।

(९) उपधारा (८) बमोजिम यस संविधानको कुनै धारा निलम्बन गरिएकोमा सो धाराले प्रदान गरेको मौलिक हकको प्रचलनको लागि कुनै अदालतमा निवेदन दिन वा त्यस सम्बन्धमा कुनै अदालतमा प्रश्न उठाउन सकिने छैन ।

(१०) उपधारा (१) बमोजिमको घोषणा वा आदेश बहाल रहेको अवस्थामा कुनै पदाधिकारीले बदनियतसाथ कुनै काम गरेबाट कसैलाई कुनै प्रकारको क्षति भएको रहेछ भने निजले सो घोषणा वा आदेश समाप्त भएको मितिले तीन महिनाभित्र आफूलाई परेको क्षति बापत पीडितले क्षतिपूर्तिको दाबी गरेमा अदालतले प्रचलित कानूनबमोजिमको क्षतिपूर्ति भराइदिन र पीडकलाई सजाय गर्न सक्नेछ ।

(११) उपधारा (१) बमोजिम गरिएको सङ्कटकालीन अवस्थाको घोषणा वा आदेश नेपाल सरकार, मन्त्रिपरिषद्को सिफारिशमा राष्ट्रपतिबाट सो घोषणा वा आदेश बहाल रहेसम्म जुनसुकै बखत फिर्ता लिन सकिनेछ ।

भाग-२३

# संविधान संशोधन

**संविधान संशोधनः** (१) जनतामा निहित सार्वभौमसत्ता, गणतन्त्रात्मक व्यवस्था, विधिको शासन, स्वतन्त्र न्यायपालिका, मौलिक अधिकार, मानव अधिकार, प्रेस स्वतन्त्रता, बहुलवाद, बहुदलीय प्रतिस्पर्धा, वालिग मताधिकार र आवधिक निर्वाचनसम्बन्धी मूल्य र मान्यताहरूको प्रतिकूल हुने गरी यो संविधान संशोधन गर्न सकिने छैन ।

(२) उपधारा (१) को अधीनमा रही यस संविधानको कुनै धारालाई संशोधन वा खारेज गर्ने विधेयक व्यवस्थापिका-संसदका कुनै पनि सदनमा प्रस्तुत गर्न सकिनेछ । त्यस्तो विधेयक नेपाल सरकारबाट वा व्यवस्थापिका-संसदको सदस्यबाट पेश हुन सक्नेछ ।

तर, उपधारा (१) लाई संशोधन गरिने छैन ।

(३) उपधारा (२) बमोजिम पेश भएको विधेयक सम्बन्धित सदनमा प्रस्तुत भएको ३० दिनभित्र सर्वसाधारण जनताको जानकारीको लागि सार्वजनिक रूपमा प्रकाशन गर्नुपर्नेछ ।

(४) उपधारा (२) बमोजिम पेश भएको विधेयक कुनै प्रदेशको सीमाना परिवर्तन र धारा .....मा उल्लिखित प्रदेशको एकलौटी अधिकारको विषयसँग सम्बन्धित भएमा व्यवस्थापिका-संसदको कुनै सदनमा प्रस्तुत भएको ३० दिनभित्र प्रदेशसभामा सहमतिका लागि पठाउनु पर्नेछ ।

तर, उपधारा (२) बमोजिम पेश भएको विधेयक कुनै निश्चित प्रदेशको मात्र सरोकारको विषयसँग सम्बन्धित भएमा सम्बन्धित प्रदेशसभाको सहमति पर्याप्त हुनेछ ।

(५) उपधारा (४) बमोजिम सहमतिका लागि पेश भएको विधेयक बहुमत प्रदेशसभाले तीन महिनाभित्र तत्काल कायम रहेका सम्पूर्ण सदस्यहरूको बहुमतबाट स्वीकृत वा अस्वीकृत गरी सोको जानकारी व्यवस्थापिका-संसदको सम्बन्धित सदनमा पठाउनु पर्नेछ ।

तर, कुनै प्रदेशसभा विघटन भएको अवस्था रहेछ भने त्यस्तो प्रदेशसभा गठन भई पहिलो बैठक बसेको मितिले तीन महिनाभित्र स्वीकृत वा अस्वीकृत गरी पठाउनु पर्नेछ ।

(६) उपधारा (२) बमोजिम पेश भएको प्रदेशसभाको सहमति आवश्यक नपर्ने विधेयक वा उपधारा (५) बमोजिम प्रदेशसभाबाट सहमति प्राप्त भएको विधेयक व्यवस्थापिका-संसदका प्रत्येक सदनमा सो सदनको तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको कम्तिमा दुईतिहाई सदस्यहरूको बहुमतबाट पारित भएमा प्रमाणीकरणको लागि राष्ट्रपतिसमक्ष पेश गरिनेछ ।

(७) राष्ट्रपतिले उपधारा (६) बमोजिम प्रमाणीकरणको लागि लागि पेश भएको विधेयक प्राप्त भएको मितिले १५ दिनभित्र प्रमाणीकरण गर्नेछ ।

भाग

# संक्रमणकालीन व्यवस्था

**राष्ट्रपति र उपराष्ट्रपति सम्बन्धी व्यवस्थाः** (१) यो संविधान प्रारम्भ हुंदाका बखत बहाल रहेका राष्ट्रपति र उपराष्ट्रपति यस संविधान बमोजिम राष्ट्रप्रमुख र उपराष्ट्रप्रमुखको निर्वाचन नभएसम्म कायम रहनेछन् ।

(२) उपधारा (१) बमोजिम कायम रहेका राष्ट्रपति र उपराष्ट्रपतिको पद कुनै कारणले रिक्त हुन आएमा तत्काल कायम रहेको व्यवस्थापिका-संसदबाट निर्वाचन गरी पदपूर्ति गरिनेछ ।

**मन्त्रिपरिषद् सम्बन्धी व्यवस्थाः** (१) यो संविधान प्रारम्भ हुँदाका बखत कायम रहेको मन्त्रिपरिषद् यसै संविधान अन्तर्गत गठन भएको मानिनेछ ।

(२) यो संविधान बमोजिम मन्त्रिपरिषद् गठन नभएसम्म उपधारा (१) बमोजिमको मन्त्रिपरिषद् कायम रहनेछ ।

**व्यवस्थापिका-संसद सम्बन्धी व्यवस्थाः** (१) यो संविधान बमोजिमको व्यवस्थापिका-संसदको निर्वाचन भई त्यसको प्रथम अधिवेशन नबसेसम्म नेपालको विधायिकी अधिकार संविधानसभाको कार्यसम्पन्न भई संक्रमणकालीन व्यवस्थापिका-संसदमा रूपान्तर भएको व्यवस्थापिका-संसदले प्रयोग गर्नेछ ।

(३) यो संविधानमा अन्यत्र जुन सुकै कुरा लेखिएको भए तापनि धारा ...... प्रतिकूल नहुने गरी उपधारा (१) बमोजिम कायम रहेको व्यवस्थापिका-संसदको तत्काल कायम रहेको सदस्य संख्याको दुईतिहाई बहुमतबाट यो संविधानको कुनै पनि धारा संशोधन गर्न बाधा पुऱ्याएको मानिने छैन ।

(३) यो संविधान जारी हुँदाका बखत कायम रहेको व्यवस्थापिका-संसद सचिवालय र सो सचिवालयमा कार्यरत पदाधिकारी र कर्मचारी यसै संविधान बमोजिम कायम हुने संसद सचिवालय र नियुक्ति भएका पदाधिकारी र कर्मचारी मानिनेछन् ।

**न्यायपालिका सम्बन्धी व्यवस्थाः** (१) यो संविधान प्रारम्भ हुँदाका बखत कायम रहेका सर्वोच्च अदालत, पुनरावेदन अदालत र जिल्ला अदालतहरू यस संविधान बमोजिमको न्यायपालिकाको संरचना तयार नभएसम्म कायम रहनेछन् । यो संविधान प्रारम्भ हुनुअघि दायर भएका मुद्दाहरू र यो संविधान प्रारम्भ भएपछि दायर हुने मुद्दाहरू तत् तत् अदालतबाट निरूपण गर्न यो संविधानले बाधा पुऱ्याएको मानिने छैन ।

(३) यो संविधान बमोजिमका उच्च अदालतको स्थापना भएपछि पुनरावेदन अदालतमा विधाराधीन मुद्दाहरू प्रचलित कानूनबमोजिम सम्बन्धित उच्च अदालतमा सारिनेछ ।

(२) यो संविधान प्रारम्भ हुँदाका बखत सर्वोच्च अदालत, पुनरावेदन अदालत र जिल्ला अदालतहरूमा बहाल रहेका न्यायाधीशहरू आ-आफ्नो पदमा यथावत कायम रहनेछन् । पुनरावेदन अदालत र जिल्ला अदालतका न्यायाधीशहरूको पुनः पदस्थापन हुन सक्नेछ ।

(३) यो संविधानमा अन्यत्र जुन सुकै कुरा लेखिएको भए तापनि यो संविधान जारी हुँदाका बखत सर्वोच्च अदालतमा अस्थायी न्यायाधीशमा कार्यरत न्यायाधीशहरू र न्यायपरिषद्मा कार्यरत सदस्यहरू आ-आप्ञ्नो पदमा संविधान र प्रचलित कानूनबमोजिमको बाँकी कार्यकालसम्म यथावत कार्यरत रहन यो संविधानले बाधा पुऱ्याएको मानिने छैन ।

**संवैधानिक निकाय र पदाधिकारीहरू सम्बन्धी व्यवस्थाः** (१) यो संविधान प्रारम्भ हुँदाका बखत कायम रहेका संवैधानिक निकाय र पदाधिकारीहरूमध्ये यस संविधानमा उल्लेख नगरिएका संवैधानिक निकाय र पदाधिकारीहरू यो संविधान प्रारम्भ भएपछि कायम रहने छैनन् ।

(२) यो संविधान प्रारम्भ हुँदाका बखत कायम रहेका संवैधानिक निकायहरू यसै संविधान बमोजिम स्थापना भएको मानिने छन् र प्रचलित कानूनबमोजिम ती निकायहरूमा विचाराधीन रहेका विषयहरूलाई निरन्तरता दिन यस संविधानले बाधा पुऱ्याएको मानिने छैन ।

(३) यो संविधान प्रारम्भ हुँदाका बखत कायम रहेका संवैधानिक निकायमा कार्यरत पदाधिकारीहरू आ-आफ्नो पदमा यथावत कायम रहनेछन् ।

**वर्तमान कानून लागू रहनेः** (१) संविधानसभाद्वारा भए गरेका निर्णय र काम कारबाही यो संविधानसँग नबाझिएको हदसम्म यसै संविधान बमोजिम भए गरेको मानिनेछन् ।

(२) यो संविधान लागू हुँदाका बखत कायम रहेका कानूनहरू खारेज या संशोधन नभएसम्म कायम रहनेछन् ।

तर, यो संविधानसँग बाझिएको कानून यो संविधान बमोजिमको विधायिकाको पहिलो बैठक बसेको मितिले एक वर्षपछि बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।

**स्थानीय निकाय सम्बन्धी व्यवस्थाः** यस संविधानद्वारा व्यवस्था गरिएको स्थानीय तह अन्तर्गतका निकायहरूको गठन नभएसम्म हाल विद्यमान स्थानीय निकायहरू यथावत कायम रहनेछन् ।

**बाधा अड्काउ फुकाउने अधिकारः** (१) यो संविधान बमोजिम व्यवस्थापिका-संसदको निर्वाचन भई व्यवस्थापिका-संसदको बैठक नबसेसम्मको अवधिमा संक्रमणकालीन व्यवस्थापिका-संसदको अधिवेशन नचलेको अवस्थामा यो संविधानको कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा राष्ट्रपतिले मन्त्रिपरिषद्को सिफारिसमा त्यस्तो बाधा अड्काउ फुकाउन आदेश जारी गर्न सक्नेछ ।

(२) उपधारा (१) बमोजिम जारी भएको आदेश त्यस्तो आदेश जारी भएपछि बसेको व्यवस्थापिका-संसदबाट एक महिनाभित्र अनुमोदन हुनु पर्नेछ ।

# विविध

**संवैधानिकपरिषद्ः** (१) यो संविधान बमोजिम संवैधानिक निकायका पदाधिकारीहरूको नियुक्तिको सिफारिश गर्न एउटा संवैधानिकपरिषद् हुनेछ जसमा देहाय बमोजिमका अध्यक्ष र सदस्यहरू रहनेछन्ः-

| | | |
|---|---|---|
| क) | प्रधानमन्त्री | - अध्यक्ष |
| ख) | प्रधानन्यायाधीश | - सदस्य |
| ग) | प्रतिनिधिसभाका सभामुख | - सदस्य |
| घ) | प्रतिनिधिसभामा प्रमुख विपक्षी दलको नेता | - सदस्य |
| ङ) | प्रधानमन्त्रीले तोकेको एकजना मन्त्री | - सदस्य |

(२) प्रधानन्यायाधीशको नियुक्तिको सिफारिश गर्दा संवैधानिक परिषद्मा कानून तथा न्यायमन्त्री सदस्यको रूपमा रहनेछ ।

(३) संवैधानिक निकायका पदाधिकारीको नियुक्ति सम्बन्धी कार्यविधि तथा संवैधानिक परिषद्को अन्य काम, कर्तव्य र अधिकार प्रचलित कानूनबमोजिम हुनेछ ।

(४) नेपाल सरकारको मुख्यसचिवले संवैधानिकपरिषद्को सचिव भई काम गर्नेछ ।

**नेपाली राजदूत र विशेष प्रतिनिधिः** मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले समानुपातिक समावेशी सिद्धान्तको आधारमा नेपाली राजदूत र कुनै खास प्रयोजनको लागि विशेष प्रतिनिधि नियुक्त गर्न सक्नेछ ।

**सन्धि वा सम्झौताको अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थनः** (१) नेपाल राज्य वा नेपाल सरकार पक्ष हुने सन्धि वा सम्झौताको अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन कानूनद्वारा निर्धारण भए बमोजिम हुनेछ ।

(२) उपधारा (१) बमोजिम कानून बनाउँदा अन्य कुराको अतिरिक्त देहायका विषयका सन्धि वा सम्झौताको अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन व्यवस्थापिका-संसदका दुबै सदनको संयुक्त बैठकमा उपस्थित सदस्यहरूको दुई तिहाई बहुमतले गर्नुपर्ने शर्त राखिनेछ :

(क) शान्ति र मैत्री;

(ख) सुरक्षा एवं सामरिक सम्बन्ध;

(ग) नेपाल राज्यको सिमाना; र

(घ) प्राकृतिकस्रोत तथा त्यसको उपयोगको बाँडफाँड ।

तर, खण्ड (क) र (घ) मा उल्लिखित विषयका सन्धि वा सम्झौतामध्ये राष्ट्रलाई व्यापक, गम्भीर वा दीर्घकालीन असर नपर्ने साधारण प्रकृतिका सन्धि वा सम्झौताको अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन प्रतिनिधिसभाको बैठकमा उपस्थित सदस्यहरूको साधारण बहुमतबाट हुन सक्नेछ ।

(३) यो संविधान प्रारम्भ भएपछि हुने कुनै सन्धि वा सम्झौता यस धारा बमोजिम अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन नभएसम्म नेपाल सरकार वा नेपालको हकमा लागू भएको मानिने छैन ।

(४) प्रदेशको सूचीकृत क्षेत्राधिकारभित्रको विषयमा सन्धि वा सम्झौता गर्दा नेपाल सरकारले प्रदेशको परामर्श लिनु पर्नेछ ।

(५) उपधारा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपालको सिमाना सङ्कुचन गर्ने वा नेपालको प्रादेशिक अखण्डतामा प्रतिकूल असर पर्ने गरी कुनै सन्धि वा सम्झौता गरिने छैन ।

**माफीः** मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले जुनसुकै अदालत, विशेष अदालत, सैनिक अदालत वा अन्य कुनै न्यायिक, अर्धन्यायिक वा प्रशासकीय पदाधिकारी वा निकायले गरेको सजायलाई कानूनमा व्यवस्था भएबमोजिम माफी, मुल्तवी, परिवर्तन वा कम गर्न सक्नेछ ।

**उपाधि, सम्मान र विभूषणः** (१) मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट राज्यका तर्फबाट दिइने उपाधि, सम्मान र विभूषणहरु प्रदान हुनेछन् ।

(२) नेपालको कुनै पनि नागरिकले कुनै विदेशी मुलुकको सरकारबाट प्रदान गरिने उपाधि, सम्मान वा विभूषण ग्रहण गर्नुअघि नेपाल सरकारबाट स्वीकृति प्राप्त गर्नु पर्नेछ ।

**पदाधिकारीको नागरिकता सम्बन्धी व्यवस्थाः** (१) नेपालको राष्ट्रपति तथा उप-राष्ट्रप्रति, प्रधानमन्त्री, प्रधानन्यायाधीश, प्रतिनिधिसभाका सभामुख, सुरक्षा निकायका प्रमुख, प्रदेशका प्रमुख र उप-प्रमुखको पदमा निर्वाचित वा मनोनयन भई नियुक्ति हुन अङ्गीकृत बाहेकका नागरिकता प्राप्त गरेको नेपाली नागरिक हुनु पर्नेछ ।

(२) उपधारा (१) मा उल्लिखित पद वाहेक नेपालका अन्य संवैधानिक पदमा नियुक्तिको लागि योग्य हुन नेपालको अङ्गीकृत नागरिकता प्राप्त नेपाली नागरिक कम्तिमा दश वर्ष र नेपालको नागरिकता त्याग गरी पुनः वंशजको आधारमा नागरिकता प्राप्त गरेको नेपाली नागरिक कम्तिमा पाँच वर्ष नेपालमा बसोबास गरेको हुनु पर्नेछ ।

**गैरआवासीय नेपालीलाई नागरिकता दिन सकिनेः** नेपालको नागरिकता त्याग गरी विदेशको नागरिकता प्राप्त गरेका दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) क्षेत्र भन्दा बाहिरका देशमा बसोवास गर्ने नेपालीमूलका व्यक्तिलाई प्रचलित कानूनबमोजिम आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार उपभोग गर्न पाउने गरी गैरआवासीय नेपाली नागरिकता प्रदान गर्न सकिनेछ ।

**संवैधानिक निकायका पदाधिकारीहरूको सुनुवाइ सम्बन्धी व्यवस्थाः** (शासन प्रणालीसँग सम्बन्धित)

**जनमतसंग्रह सम्बन्धी व्यवस्थाः** (१) यस संविधानमा अन्यत्र व्यवस्था भएकोमा बाहेक राष्ट्रिय महत्वको कुनै विषयमा जनमतसंग्रहबाट निर्णय गर्न आवश्यक छ भनी सङ्घीय व्यवस्थापिकाले तत्काल कायम रहेका सम्पूर्ण सदस्यहरूको दुई तिहाई सदस्यको बहुमतबाट निर्णय गरेमा त्यस्तो विषयमा जनमतसंग्रहबाट निर्णय लिन सकिने छ ।

(२) जनमतसंग्रहसम्बन्धी अन्य व्यवस्था कानूनद्वारा निर्धारण भए बमोजिम हुनेछ ।

**अन्तरप्रदेशीय/स्थानीय सरकार व्यापारः** प्रदेश तथा स्थानीय सरकारहरूले आफ्नो क्षेत्रबाट अर्को प्रदेश वा स्थानीय सरकारको क्षेत्रमा हुने निर्यात वा अर्को प्रदेश वा स्थानीय सरकारको क्षेत्रबाट हुने आयात वा आफ्नो क्षेत्र भई अन्य प्रदेश वा स्थानीय सरकारमा आयात र निर्यात हुने माल वस्तुको कुनै पनि माध्यमबाट गरिने ओसार-पसारमा कुनै प्रकारको बाधा पुऱ्याउने, कर लगाउने वा विभेद गर्ने छैनन् ।

**सार्वजनिक प्रशासनका आधारभूत मार्गदर्शक सिद्धान्तः** नेपालको सार्वजनिक प्रशासनका आधारभूत मार्गदर्शक सिद्धान्तहरु देहाय बमोजिम हुनेछन :

(क) उच्चस्तरीय व्यावसायिक नैतिकता प्रदर्शन गर्ने,

(ख) पारदर्शी, मितव्ययी, सार्वजनिक हित एवं प्रभावकारी तवरले स्रोत परिचालन गर्ने,

(ग) विकासमुखी प्रशासन सञ्चालन गर्ने,

(घ) विना राजनीतिक हस्तक्षेप, स्वतन्त्रता, स्वच्छता, समन्यायिक एवं विना पूर्वाग्रही तवरले सेवाप्रवाह गर्ने,

(ङ) जवाफदेही एवं उत्तरदायी प्रशासन सञ्चालन गर्ने,

(च) नीतिनिर्माणमा सर्वसाधारणको सहभागिता हुने,

(छ) प्रशासन यन्त्रमा नागरिकको सहज पहुँच एवं सहज सेवाप्रवाह हुने,

(ज) स्रोत साधनको उचित प्रबन्ध, निरन्तर वृत्तिविकासको अवसर हुने,

(झ) समानुपातिक समावेशी सिद्धान्त एवं आधारभूत योग्यता र दक्षताको आधारमा कर्मचारीको नियुक्ति गर्ने, साथै महिला, दलित, आदिवासी/जनजाति, पिछडिएको क्षेत्र, मधेशी, मुस्लिम, अपांगलगायत पछाडि पारिएको वर्ग र समुदायका लागि मानवविकास सूचकाङ्कको आधारमा क्षतिपूर्तिको व्यवस्था गर्ने,

(ञ) कार्यसम्पादनमा आधारित र सुरक्षाको प्रत्याभूतिसहित राजनीतिक हस्तक्षेप मुक्त प्रशासनको ग्यारेन्टी गर्ने,

(ट) सरकारी सेवामा एकमात्र आधिकारिक ट्रेड युनियनमार्फत उचित र मर्यादित श्रम अभ्यासको अवसर प्रदान गर्ने ।

**सरकारी सेवाको गठनः** (१) नेपाल सरकारले देशको प्रशासन सञ्चालन गर्न निजामती सेवा र आवश्यक अन्य सेवाहरूको गठन गर्न सक्नेछ । त्यस्ता सेवाहरूको गठन, सञ्चालन र सेवाका शर्तहरू ऐनद्वारा निर्धारण गरिएबमोजिम हुनेछन् ।

(२) प्रदेश र स्थानीय सरकारले आफ्नो प्रशासन सञ्चालन गर्न आवश्कतानुसार ऐनद्वारा विभिन्न सरकारी सेवाहरूको गठन र सञ्चालन गर्न सक्नेछन् ।

**निर्वाचनक्षेत्र निर्धारण आयोगः** (१) व्यवस्थापिका-संसद, प्रदेशसभा र स्थानीयसभाको आवधिक निर्वाचन गर्ने प्रयोजनको लागि निर्वाचनक्षेत्र निर्धारण गर्न मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले एक निर्वाचनक्षेत्र निर्धारण आयोगको (यसपछि यो धारामा आयोग भनिएको) गठन गर्न सक्नेछ । आयोगमा देहाय बमोजिमका अध्यक्ष र सदस्यहरु रहने छन्ः-

(क) सर्वेच्च अदालतको सेवानिवृत्त न्यायाधीश - अध्यक्ष

(ख) भूगोलविद् - सदस्य

(ग) समाजशास्त्री, मानवशास्त्री - सदस्य

(घ) प्रशासनविद् - सदस्य

(ङ) नेपाल सरकारको विशिष्ट श्रेणीको अधिकृत - सचिव

(२) आयोगका अध्यक्ष तथा सदस्यको नियुक्ति मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले गर्नेछ ।

(३) आयोगको कार्यावधि गठन गर्दाका बखत निर्धारण गरे बमोजिम हुनेछ ।

(४) उपधारा (१) को अधीनमा रही आयोगका अध्यक्ष र सदस्यको अन्य योग्यता देहाय बमोजिम हुनु पर्नेछः-

(क) नेपाल सरकारबाट मान्यताप्राप्त विश्वविद्यालयबाट सम्बन्धित विषयमा कम्तिमा स्नातकोत्तर उपाधि हासिल गरेको,

(ख) कम्तिमा पैंतीस वर्ष उमेर पूरा भएको,

(ग) उच्च नैतिक चरित्र कायम भएको ।

(५) देहायका अवस्थामा आयोगका अध्यक्ष वा सदस्यको पद रिक्त हुनेछः-

(क) राष्ट्रपतिसमक्ष लिखित राजीनामा दिएमा,

(ख) निजको मृत्यु भएमा,

(६) आयोगले यस धारा बमोजिम निर्वाचनक्षेत्र निर्धारण गर्दा त्यस्तो निर्वाचनक्षेत्रको जनसंख्या र सदस्य संख्याबीचको अनुपात यथासम्भव समान हुने गरी निर्वाचनक्षेत्र निर्धारण गर्नेछ ।

(७) उपधारा (६) बमोजिम निर्वाचनक्षेत्र निर्धारण गर्दा त्यस्तो निर्वाचनक्षेत्रको जनसंख्याको घनत्व, भौगोलिक विशिष्टता, प्रशासनिक र यातायातको सुगमता, सामुदायिक तथा सांस्कृतिक पक्षलाई समेत ध्यान दिनु पर्नेछ ।

(८) आयोगले उपधारा (६) र (७) बमोजिम निर्धारण गरेको निर्वाचनक्षेत्रलाई प्रत्येक आवधिक जनगणनापश्चात् प्रचलित कानूनबमोजिम पुनरावलोकन गरिनेछ ।

(९) आयोगद्वारा निर्वाचनक्षेत्र निर्धारण गरिएको र पुनरावलोकन गरिएको विषयमा कुनै अदालतमा प्रश्न उठाउन सकिने छैन ।

(१०) आयोगले आफूले सम्पादन गरेको कामको प्रतिवेदन राष्ट्रपतिसमक्ष पेश गर्नेछ ।

(११) राष्ट्रपतिले उपधारा (१०) बमोजिम प्राप्त प्रतिवेदन मन्त्रिपरिषद्समक्ष पठाउनेछ र मन्त्रिपरिषद्ले प्रतिवेदन कार्यान्वयनका लागि निर्वाचन आयोग तथा अन्य सम्बद्ध निकायमा पठाउने छ ।

(१२) आयोगले आफ्नो कार्यविधि आफैं निर्धारण गर्नेछ ।

(१३) आयोगका अध्यक्ष र सदस्यको पारिश्रमिक तथा सुविधा क्रमशः निर्वाचन आयोगका प्रमुख आयुक्त र आयुक्तसरह हुनेछ ।

(१४) आयोगलाई आवश्यक पर्ने कर्मचारी नेपाल सरकारले उपलब्ध गराउनेछ ।

**भाषा आयोगको स्थापना:** (१) नेपाल सरकारले एउटा भाषा आयोगको स्थापना गर्नेछ ।

(२) आयोगमा अध्यक्षका अतिरिक्त आवश्यक संख्यामा सदस्यहरू रहनेछन् ।

(३) उपधारा (२) बमोजिम सदस्यहरूको नियुक्ति गर्दा प्रदेशहरूबाट समेत प्रतिनिधित्व गराइनेछ ।

(४) आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

- (क) सरकारी कामकाजको भाषाका रूपमा मान्यता पाउन पूरा गर्नुपर्ने आधारहरूको निर्धारण गरी भाषाको सिफारिस गर्ने ।
- (ख) भाषाहरूको संरक्षण, सम्वर्द्धन र विकासका लागि अवलम्बन गर्नुपर्ने उपायहरूको सिफारिस गर्ने ।
- (ग) मातृभाषाहरूको विकासको स्तरमापन गरी शिक्षामा प्रयोगको सम्भाव्यताका बारेमा सुझाव पेश गर्ने ।
- (घ) भाषाहरूको अध्ययन, अनुसन्धान र अनुगमन गर्ने ।

(५) भाषा आयोगको अन्य काम, कर्तव्य र अधिकार तथा कार्यविधि प्रचलित कानूनबमोजिम हुनेछ ।

(६) उपधारा (१) बमोजिमको आयोग यो संविधान जारी भएको मितिले १ वर्षभित्र गठन भई त्यस्तो आयोगले उपधारा (४) को खण्ड (क) बमोजिमको कार्य पहिलो पटक स्थापना भएको बढीमा ५ वर्ष भित्र सम्पन्न गर्नेछ ।

(७) नेपाल सरकारले प्रदेश सरकारसँग समन्वय गरी प्रदेशमा आयोगका कार्यालयहरू स्थापना गर्न सक्नेछ ।

भाग-२६

# परिभाषा र व्याख्या

**परिभाषा:** (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस संविधानमा,

- (क) "धारा" भन्नाले यो संविधानको धारा सम्झनु पर्छ ।
- (ख) "नागरिक" भन्नाले नेपालको नागरिक सम्झनु पर्छ ।
- (ग) "विधेयक" भन्नाले सङ्घीय वा प्रादेशिक विधायिकामा पेश भएको ऐनको मस्यौदा सम्झनु पर्छ ।

(घ) "पारिश्रमिक" भन्नाले तलब, भत्ता, निवृत्तिभरण र अन्य कुनै किसिमको पारिश्रमिक तथा सुविधासमेत सम्झनु पर्छ ।

(परिभाषा गर्नु पर्ने शब्दहरूको पहिचान संविधानको समग्र मस्यौदा तयार भएपछि मात्र यकिन हुने भएकोले अहिले केही शब्दहरूको मात्र परिभाषा प्रस्ताव गरिएको छ ।)

(२) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस संविधानमा व्यक्त भएका कुराहरूको अधीनमा रही कानूनव्याख्यासम्बन्धी प्रचलित कानूनी व्यवस्था नेपाल कानूनको व्याख्यामा लागू भएसरह यस संविधानको व्याख्यामा पनि लागू हुनेछ ।

भाग–२७

# संक्षिप्त नाम, प्रारम्भ र खारेजी

**संक्षिप्त नाम र प्रारम्भः** (१) यो संविधानलाई "नेपालको संविधान" भनिनेछ ।

(२) यो संविधानका भाग ... धारा ... बाहेकका अन्य व्यवस्थाहरू सम्वत् दुई हजार .... साल ..... महिनाको ... देखि प्रारम्भ हुनेछन् । भाग ... र धारा ... देखि प्रारम्भ हुनेछन् ।

**खारेजीः** "नेपालको अन्तरिम संविधान, २०६३" खारेज गरिएको छ ।

# अनुसूचीहरू

सबैभन्दा बढी महत्वपूर्ण अनुसूची विभिन्नतहका ईकाइहरूको अधिकारको सूची नै हो । यो पनि विवादमुक्त छैन । अधिकारको सूची राज्यपुनर्संरचना समिति र प्राकृतिकस्रोत एवं आर्थिक अधिकार समितिबाट अलग–अलग आएको छ । संवैधानिक समितिको सचिवालयले दुबै सूचीलाई एकीकरण गरी तयार गरेको सूची यहाँ समावेश गरिएको छ ।

# सङ्घको अधिकारको सूची

| क्र.सं | विषयहरू |
|---|---|
| १ | रक्षा र सेनासम्बन्धी<br>(क) राष्ट्रिय एकता र भौगोलिक अखण्डताको संरक्षण<br>(ख) राष्ट्रिय सुरक्षासम्बन्धी |
| २ | केन्द्रीय प्रहरी, सशस्त्र प्रहरी बल |
| ३ | केन्द्रीय योजना, केन्द्रीय बैंक, वित्तीय नीति, मुद्रा र बैंकिङ्, मौद्रिक नीति, विदेशी अनुदान, सहयोग र ऋण |
| ४ | दूरसञ्चार नियमन र नियन्त्रण, केन्द्रीय दूरसञ्चार, रेडियो फ्रिक्वन्सीको बाँडफाँड, टेलिभिजन र हुलाक |
| ५ | भन्सार, अन्तःशुल्क, मूल्य अभिवृद्धि कर, संस्थागत आयकर, व्यक्तिगत आयकर, राहदानी, भिसा, पर्यटन दस्तुर, सेवा शुल्क दस्तुर |
| ६ | प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी |
| ७ | केन्द्रीय निजामती सेवा व्यवस्थापन |
| ८ | केन्द्रीय तथ्याङ्क (राष्ट्रिय र अन्तर्राष्ट्रिय मानक र गुणस्तर) |
| ९ | केन्द्रीयस्तरका ठूला विद्युत्, सिंचाई र अन्य आयोजनाहरू तथा परियोजनाहरू |
| १० | केन्द्रीय विश्वविद्यालय, विश्वविद्यालय मानकस्तर र नियमन, केन्द्रीय पुस्तकालय |
| ११ | केन्द्रीय स्वास्थ्य नीति (स्वास्थ्य मानकस्तर/गुणस्तर र अनुगमन, राष्ट्रिय / विशिष्ट सेवा प्रदायक अस्पताल, परम्परागत उपचार सेवा, सरूवा रोगनियन्त्रण) |
| १२ | सङ्घीय व्यवस्थापिका र सङ्घीय कार्यपालिका सम्बन्धी मामिला |
| १३ | अन्तर्राष्ट्रिय व्यापार, विनिमय, बन्दरगाह, क्वारेन्टाइन |
| १४ | अन्तर्राष्ट्रिय तथा अन्तरराज्य हवाई उड्डयन, अन्तर्राष्ट्रिय विमानस्थल |
| १५ | परराष्ट्र तथा कूटनीतिक मामला, अन्तर्राष्ट्रिय सम्बन्ध र संयुक्त राष्ट्र सङ्घसम्बन्धी |
| १६ | अन्तर्राष्ट्रिय सन्धि, सम्झौता सुपुर्दगी र अन्तर्राष्ट्रिय सीमाव्यवस्थापन |
| १७ | राष्ट्रिय रेल तथा राष्ट्रिय लोकमार्गको व्यवस्थापन |
| १८ | राष्ट्रिय गुप्तचर तथा अनुसन्धान |
| १९ | संवैधानिक अदालत, सर्वोच्च अदालत, न्याय प्रशासन सम्बन्धी कानून |
| २० | नागरिकता, राहदानी, भिसा, अध्यागमन |
| २१ | आणविक ऊर्जा, वायुमण्डल र अन्तरिक्षसम्बन्धी |
| २२ | बौद्धिक सम्पति (पेटेन्ट, डिजाइन, प्रतिलिपि अधिकारसमेत) |
| २३ | युद्ध र प्रतिरक्षा |

| क्र.सं | विषयहरू |
|---|---|
| २४ | हातहतियार, खरखजाना कारखाना तथा उत्पादन सम्बन्धी |
| २५ | नाप - तौल |
| २६ | खानी उत्खनन |
| २७ | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यावरण व्यवस्थापन |
| २८ | वीमा नीति |
| २९ | फौजदारी कानूनको निर्माण, दण्ड जरिवाना |
| ३० | क्यासिनो, कार्वन सेवा |
| ३१ | अख्तियार दुरूपयोग अनुसन्धान आयोग, लेखापरीक्षण आयोग, लोकसेवा आयोग, निर्वाचन आयोग, मानव अधिकार आयोग, राष्ट्रिय प्राकृतिकस्रोत आयोग, राष्ट्रिय वित्तीय आयोग लगायत केन्द्रीय महत्वका आयोगहरू |
| ३२ | सङ्घीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार तथा स्वायत्तक्षेत्रको अधिकारको सूचीमा वा साझा सूचीमा उल्लेख नभएको कुनै विषयमा तथा यो संविधान तथा संविधान अन्तर्गतका कानूनमा नतोकिएको विषय |

# प्रदेशको अधिकारको सूची

| क्र.सं | विषयहरू |
|---|---|
| १ | प्रादेशिक प्रहरी, प्रशासन र शान्ति सुरक्षा |
| २ | बैङ्क तथा वित्तीय संस्था, सहकारी संस्था , केन्द्रको सहमतिमा वैदेशिक अनुदान र सहयोग |
| ३ | रेडियो, एफ. एम, टेलिभिजन |
| ४ | पारश्रमिक कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, अन्तःशुल्क, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन, कृषि आयमा कर, सेवाशुल्क दस्तुर, दण्ड जरिवाना |
| ५ | प्राकृतिकस्रोतबाट प्राप्त रोयल्टी |
| ६ | प्रादेशिक निजामती सेवाको व्यवस्थापन |
| ७ | प्रादेशिक तथ्याङ्क |
| ८ | प्रादेशिकस्तरका विद्युत्, सिंचाई आयोजना एवं अन्य आयोजना तथा परियोजनाहरू |
| ९ | विश्वविद्यालय, उच्च शिक्षा, पुस्तकालय, सङ्ग्रहालय |
| १० | स्वास्थ्य सेवा |
| ११ | प्रादेशिक व्यवस्थापिका, स्थानीय सरकारसम्बन्धी र विशेष संरचना सम्बन्धी |
| १२ | प्रदेशभित्रको व्यापार |
| १३ | प्रादेशिक हवाई सेवा |
| १४ | प्रादेशिक रेल्वे र प्रादेशिक लोकमार्ग |
| १५ | प्रादेशिक अनुसन्धान व्युरो |
| १६ | विद्युत् आयोजना, सिंचाई आयोजना |
| १७ | संवैधानिक अदालत, सर्वोच्च अदालतबाहेकका अदालतहरूको भौतिक व्यवस्थापन, जनशक्ति व्यवस्थापन र अन्य आवश्यक विषयहरू |
| १८ | नागरिकता र राहदानी व्यवस्थापन |
| १९ | प्रादेशिकस्तरका आयोगहरू |
| २० | भूमिव्यवस्थापन, जग्गाको अभिलेख र मालपोत सङ्कलन |
| २१ | खानी अन्वेषण र व्यवस्थापन |
| २२ | वीमा व्यवस्थापन र सञ्चालन |
| २३ | भाषा, संस्कृति, लिपि र धर्मको संरक्षण र प्रयोग |
| २४ | प्रदेशभित्रको वन जङ्गल,जल उपयोग तथा पर्यावरण व्यवस्थापन |
| २५ | कृषि तथा पशु विकास, कलकारखाना, औद्योगीकरण, व्यापार व्यवसाय, यातायात, अल्कोहलिक पदार्थ उत्पादन, निर्माण खरिद विक्री |
| २६ | पुस्तक तथा छापाखाना |
| २७ | गुठी व्यवस्थापन |

# साझा अधिकारको सूची

| क्र.सं | विषयहरू |
|---|---|
| १ | फौजदारी र देवानी कार्यविधि र प्रमाण र शपथ<br>(कानूनी मान्यता, सार्वजनिक कार्य र अभिलेख र न्यायिक प्रक्रिया) |
| २ | आवश्यक वस्तु तथा सेवाको आपूर्ति, वितरण, मूल्यनियन्त्रण, गुणस्तर र अनुगमन |
| ३ | राज्यको सुरक्षासँग सम्बन्धित विषयमा निवारक नजरबन्द, कारागार तथा हिरासत व्यवस्थापन र शान्ति सुरक्षाको व्यवस्था |
| ४ | एक प्रदेशबाट अर्को प्रदेशमा अभियुक्त, थुनुवा र कैदीको स्थानान्तरण |
| ५ | पारिवारिक मामला (विवाह, सम्पत्ति हस्तान्तरण, सम्बन्धविच्छेद, लोपोन्मुख, टुहुरा, धर्मपुत्र, उत्तराधिकार र संयुक्त परिवार) सम्बन्धी कानून |
| ६ | सम्पत्ति प्राप्ति, अधिग्रहण र अधिकारको सृजना |
| ७ | करार, साझेदारी र एजेन्सी सम्बन्धी |
| ८ | टाटपल्टेको र दामासाही सम्बन्धी |
| ९ | औषधि र विषादि |
| १० | योजना, परिवारनियोजन र जनसंख्या नियन्त्रण |
| ११ | सामाजिक सुरक्षा र रोजगारी, ट्रेड युनियन, औद्योगिक र मजदुरका हक अधिकार र विवाद सम्बन्धी कार्य |
| १२ | चिकित्सा, कानूनी र अन्य पेशाहरू |
| १३ | घटना तथ्याङ्क, जन्म-मृत्यु दर्ता |
| १४ | जलमार्ग, वातावरण संरक्षण, जैविक विविधता |
| १५ | सञ्चार माध्यमसम्बन्धी |
| १६ | पुरातत्व, प्राचीन स्मारक र सङ्ग्रहालय संरक्षणसम्बन्धी |
| १७ | उद्योग तथा खनिज र भौतिक पूर्वाधार |
| १८ | क्यासिनो, चिठ्ठा, सवारीसाधन अनुमति |
| १९ | अग्नि तथा प्राकितिक प्रकोप नियन्त्रण र राहत तथा पुनर्निर्माण |
| २० | पर्यटन, खानेपानी तथा सरसफाई |
| २१ | चलचित्र, सिनेमा हलसम्बन्धी, खेलकूद |
| २२ | वीमा |
| २३ | गरीबी निवारण र औद्योगिकरण |
| २४ | वैज्ञानिक अनुसन्धान, विज्ञानप्रविधि र मानवसंसाधनविकास |
| २५ | अन्तरप्रादेशिक रूपमा फैलिएको जङ्गल, जङ्गली जनावर, चराचुरूङ्गी, हिमाल, राष्ट्रिय निकुञ्ज तथा जल उपयोग |
| २६ | भूमिनीति र भूमिसम्बन्धी कानून |

# स्थानीय सरकारको अधिकारको सूची

| क्र.सं | विषयहरू |
|---|---|
| १ | नगर प्रहरी, सामुदायिक प्रहरी |
| २ | सहकारी संस्था |
| ३ | एफ. एम सञ्चालन |
| ४ | स्थानीय कर (सम्पत्ति कर, घर बहाल, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर), मनोरञ्जन कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत), दण्ड जरिवाना । |
| ५ | प्राकृतिकस्रोतबाट प्राप्त रोयल्टी |
| ६ | स्थानीय सेवाको व्यवस्थापन |
| ७ | स्थानीय तथ्याङ्क र अभिलेख सङ्कलन |
| ८ | स्थानीयस्तरका विकास आयोजना तथा परियोजनाहरू |
| ९ | प्राथमिक र माध्यामिक शिक्षा |
| १० | आधारभूत स्वास्थ्य र सरसफाई |
| ११ | स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण, जैविक विविधता |
| १२ | स्थानीय सडक/ग्रामीण सडक/कृषि सडक |
| १३ | स्थानीय अदालत, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन |
| १४ | नागरिकता, राहदानी वितरण र अभिलेख व्यवस्थापन |
| १५ | घर-जग्गा धनी पूर्जा वितरण |
| १६ | कृषि तथा पशुपालन |
| १७ | वृद्ध, वृद्धा, अपाङ्ग, महिला, एकल महिला र अशक्तहरूको व्यवस्थापन |
| १८ | बेरोजगारको तथ्याङ्क सङ्कलन |
| १९ | कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण |
| २० | जन्म-मृत्यु लगायतका व्यक्तिगत घटना दर्ता |

# विशेष संरचना अन्तर्गत स्थापना हुने स्वायत्त क्षेत्रको अधिकारको सूची

| क्र.सं. | विषयहरू |
|---|---|
| १ | प्रहरी |
| २ | सहकारी संस्था |
| ३ | एफ.एम रेडियो व्यवस्थापन, सञ्चालन र टेलिभिजन |
| ४ | प्राथमिक, माध्यमिक शिक्षा, पुस्तकालय र सङ्ग्रहालय |
| ५ | स्वास्थ्य सेवा |
| ६ | स्वायत्त निर्वाचित परिषद् |
| ७ | सम्पत्ति कर, व्यावसायिक कर, घर-जग्गा रजिष्ट्रेशन कर, सवारीसाधन कर, मनोरञ्जन कर, पर्यटन सेवा शुल्क, मालपोत, पारिश्रमिक र कृषि आयकर |
| ८ | प्राकृतिकस्रोतबाट प्राप्त रोयल्टी |
| ९ | सडक |
| १० | विद्युत् आयोजना, सिंचाई आयोजना र अन्य विकास योजनाहरू |
| ११ | नागरिकता तथा राहदानी वितरण र सोको अभिलेख |
| १२ | जग्गा अभिलेख/घर-जग्गा धनी पूर्जा |
| १३ | खानी अन्वेषण र व्यवस्थापन |
| १४ | भाषा, संस्कृति, लिपि र धर्मको संरक्षण |
| १५ | प्राकृतिकस्रोत साधन र तिनको उपयोग |
| १६ | कृषि, पशु विकास, व्यापार व्यवसाय |
| १७ | सेवा व्यवस्थापन |
| १८ | तथ्याङ्क र अभिलेख सङ्कलन |
| १९ | अदालत |
| २० | प्रादेशिक सरकारले तोके बमोजिमका अन्य अधिकारहरू |

# विवादित विषयको विवरण

१. केन्द्रमा देहायका मध्ये कुन शासन प्रणाली अवलम्बन गर्ने ?

(क) सहमतीय (प्रत्यक्षरूपमा निर्वाचित) राष्ट्रपति प्रणाली

(ख) संवैधानिक राष्ट्रपतिसहित व्यवस्थापिकामा बहुमत प्राप्त कार्यकारी प्रधानमन्त्री रहने शासन प्रणाली

(ग) व्यवस्थापिकावाट निर्वाचित राष्ट्रपतीय शासन प्रणाली

(घ) आलंकारिक राष्ट्रपतीय प्रणाली र जनतावाट प्रत्यक्षरूपमा निर्वाचित कार्यकारी अधिकार सहितको प्रधानमन्त्री

२. सङ्घीय तहको व्यवस्थापिकामा देहायका मध्ये कुन निर्वाचन प्रणाली अवलम्बन गर्ने ?

(क) बहुसदस्यीय प्रत्यक्ष समानुपातिक निर्वाचन प्रणाली

(ख) मिश्रित सदस्यीय समानुपातिक निर्वाचन प्रणाली (पहिलो हुने निर्वाचित हुने र मिश्रित सदस्य समानुपातिक)

(ग) मिश्रित निर्वाचन प्रणाली (पहिलो हुने निर्वाचित हुने र समानुपातिक)

(घ) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली

(ङ) पूर्ण-समानुपातिक निर्वाचन प्रणाली

३. मन्त्रिपरिषद्को गठन विधि के हुने ?

४. प्रदेश व्यवस्थापिकामा सदस्य संख्या कति हुने ?

५. विभिन्न तहका व्यवस्थापिकामा महिला लगायतका वर्ग, क्षेत्र र समुदायको प्रतिनिधित्व कसरी गराउने ?

६. राष्ट्रिय महत्वको पद र अधिकारसँग सम्बन्धित तथा राजनीतिक विषयसँग प्रत्यक्ष सरोकार राख्ने विषय र संविधानसँग कानून बाझिएको विषय हेर्ने अधिकार विधायिकाको विशेष समितिलाई हुने वा न्यायपालिकालाई हुने ?

७. संविधानको व्याख्या, राष्ट्रिय सरोकारका विषय, मानव अधिकार तथा नागरिक सरोकारका विषय, राजनीतिक विषयहरूसँग सम्बन्धी मुद्दाको व्याख्या र निरूपण गर्ने तथा सङ्घ र प्रदेश तथा प्रदेश-प्रदेश वीचका विवाद हेर्ने अलग्गै संवैधानिक अदालतको व्यवस्था गर्ने वा सर्वोच्च अदालतलाई नै सो अधिकार दिने ?

८. सर्वोच्च अदालतका न्यायाधीशको बर्खास्तगी र कारवाही व्यवस्थापिकाको विशेष न्यायिक समितिबाट गर्ने वा कानून बनाई प्रभावकारी ढङ्गले गर्ने ?

९. सर्वोच्च अदालतको प्रधानन्यायाधीशको नियुक्तिः यस संविधान बमोजिम प्रधानन्यायाधीश हुन योग्यता पुगेका कुनै पनि व्यक्तिमध्येबाट गर्ने वा सर्वोच्च अदालतका न्यायाधीशहरूमध्येबाट मात्र गर्ने ?

१०. प्रधानन्यायाधीश र सर्वोच्च अदालतका अन्य न्यायाधीशहरूको नियुक्तिको सिफारिस गर्ने संयन्त्र एउटै हुने वा अलग अलग हुने ?

११. राज्य/उच्च अदालतका न्यायाधीशहरूको नियुक्ति र बर्खास्तगी प्रादेशिक व्यवस्थापिकाको विशेष न्यायिक समितिबाट हुने वा न्यायपरिषद्जस्तो केन्द्रीय संयन्त्रबाट हुने ?

१२. स्थानीय अदालतका न्यायाधीशहरूको नियुक्ति र बर्खास्तगी स्थानीय व्यवस्थापिकाको विशेष न्यायिक समितिबाट हुने वा राज्य संयन्त्रबाट हुने ?

१३. राज्य/उच्च अदालत र स्थानीय अदालतका न्यायाधीशहरूको सरूवा हुने व्यवस्था संविधानमा गर्ने वा नगर्ने ?

१४. देहायका विषयका प्रतिकूल असर पर्ने गरी संविधान संशोधन हुन नसक्ने भन्ने व्यवस्था राख्ने वा नराख्ने ?

क) सार्वभौमसत्ता

ख) राष्ट्रिय स्वाधीनता

ग) सङ्घीयता

घ) बहुलवाद

ङ) धर्मनिरपेक्षता

च) स्थानीय स्वायत्तता र स्वशासन,

छ) समानुपातिक समावेशी

ज) आदिवासीको अग्राधिकार

१५. मौलिक हक तथा निर्देशक सिद्धान्त समितिको मस्यौदाको सि.नं. ५ को न्यायसम्बन्धी हकको उपधारा (४) मा "तर मानवता विरूद्धको अपराध, युद्ध अपराध र जातीय नरसंहार सम्बन्धी अपराधमा भूतप्रभावी कानून बनाएर सजाय गर्न यस उपधाराले बाधा पुऱ्याएको मानिने छैन ।" भन्ने व्यवस्था राख्ने वा नराख्ने ? (पेज नं.२५, सि नं ५ उपधारा (४))

१६. सि नं. १० को सम्पत्ति सम्बन्धीहकमा जग्गाको हदबन्दी तोक्ने वा नतोक्ने ?

१७. हदबन्दी तोकिएको अवस्थामा हदबन्दी भन्दामाथिको जग्गा प्राप्त गर्दा राज्यले क्षतिपूर्ति दिनु पर्ने वा नपर्ने ?

१८. समग्र सम्पत्तिमा सीमा तोक्ने वा नतोक्ने ?

१९. मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समितिको मस्यौदाको सि.नं. २ को उपधारा (१) मा रहेका "सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था" भन्ने शब्दहरूको सट्टा देहायको मध्ये कुनै शब्दावलीहरू राख्ने वा नराख्ने ?

क) "जनताको सङ्घीय गणतन्त्र"

ख) "समाजवादी गणतन्त्र"

ग) "बहुलवाद र बहुदलीय प्रतिस्पर्धामा आधारित सङ्घीय लोकतान्त्रिक गणतन्त्र"

२०. राष्ट्रिय हितको संरक्षण समितिको मस्यौदाको सि.नं. ५ मा रहेको नागरिकको कर्तव्य शीर्षकको उपधारा (३) मा रहेको "देशको रक्षाको लागि सरकारले आवश्यक परेको समयमा १८ वर्ष उमेर पुगेका नागरिकलाई सैनिक तालिमको लागि आव्हान गर्न सक्नेछ र सो बमोजिम तालिममा भाग लिई राष्ट्रलाई सेवा प्रदान गर्नु प्रत्येक नागरिकको कर्तव्य हुनेछ ।" भन्ने व्यवस्था राख्ने वा नराख्ने रू

२१. राष्ट्रिय हितको संरक्षण समितिको मस्यौदाको सि.नं. २४ मा रहेको नेपाली राष्ट्रिय सेनासम्बन्धी शीर्षकको उपधारा (२) मा रहेको नेपाली सेना र शिविरमा रहेका लडाकु (जनमुक्ति सेना) को पुनःस्थापन, व्यवस्थापन र समायोजनसम्बन्धी व्यवस्था नयाँ संविधानमा राख्न पर्ने वा नपर्ने ?

२२. प्रस्तावनाको अनुच्छेद ३ मा माओवादी जनयुद्धलगायत सबै आन्दोलनको नाम उल्लेख गर्ने वा माओवादी जनयुद्ध लगायत सबै आन्दोलनको नाम व्याख्यात्मक टिप्पणीमा राख्ने वा माओवादी जनयुद्ध व्याख्यात्मक टिप्पणीमा पनि नराख्ने ?

२३. धारा ८ को उपधारा (७) मा उल्लेख गरिएको विधेयक पछि रहेको "बहुमत सङ्घीय इकाईको विधायिकाको" भन्ने शब्दहरूको सट्टा "५०% भन्दा बढी जनताको प्रतिनिधित्व गर्ने सङ्घीय इकाईको विधायिकाले" भन्ने शब्द थप्ने वा नथप्ने ?

२४. नेपाली राजदूत र विशेष प्रतिनिधि नियुक्ति समानुपातिक समावेशी सिद्धान्तको आधारमा गर्ने वा समावेशी सिद्धान्तको आधारमा गर्ने ?

२५. संविधानको नामको पछाडि रहेको सम्वत् राख्ने वा राख्न नपर्ने ?

२६. समाजवाद उन्मुख गणतन्त्र नेपालको संविधान, २०६७ भनी नाम राख्नुपर्ने वा नपर्ने ?

२७. सङ्घीय गणतन्त्र नेपालको संविधान, २०६७ भनी नाम राख्नुपर्ने वा नपर्ने ?

२८. जनताको सङ्घीय गणतन्त्र नेपालको संविधान, २०६७ भनी नाम राख्नुपर्ने वा नपर्ने ?

२९. गणतन्त्र नेपालको संविधान २०६७ भनी नामाकरण गर्नुपर्ने वा नपर्ने ?

३०. संविधानको नाम पछि साल उल्लेख गर्दा नेपाल संवत ११३० उल्लेख गर्नुपर्ने वा नपर्ने ?

## राज्यको पुनर्संरचनासाग सम्बन्धित ठड वटा प्रश्नहरू

३१. (फरकमत) उपधारा (३) को दोश्रो हरफमा बसोवास गर्ने भन्ने पदावली पछि 'मधेशी समुदाय र' भन्ने शब्द थप गर्ने वा नगर्ने ?

३२. उपधारा (३) - यो उपधारा लगायत अन्य धारामा उल्लिखित 'आदिवासी, आदिवासी जनजाति' भन्ने शब्दले अस्पष्टता ल्याएकोले यसरी प्रयोग गर्न नहुने, यो शब्दावलीको सट्टा उत्पीडित क्षेत्रका जनता भन्नु पर्ने वा नपर्ने ?

३३. धारा ३(१) मा सङ्घ प्रदेश, स्थानीय तह र विशेष संरचनाले राज्यशक्तिको प्रयोग गर्ने भनिएको तर धारा ४ मा सङ्घ, प्रदेश, स्थानीय गरी तीन तहलाई मूल संरचना भनेको हुँदा अस्पष्टता ल्याएकोले यसलाई कसरी राख्ने ?

३४. बिशेष संरचनाको प्रशासनिक संरचना कस्तो हुने ?

## धारा ४ सङ्घीय नेपालको तहगत संरचना शीर्षक अन्तर्गत (पेज III – IV)

३५. उपधारा (३) स्थानीय तहको अधिकार प्रयोग गर्ने निर्वाचित परिषद्मा 'विधायिकी, कार्यकारी र न्यायिक अधिकार' एकै ठाँउमा राख्ने कि नराख्ने ?

३६. उपधारा (५) स्वायत्तक्षेत्रको अधिकार प्रयोग गर्ने निर्वाचित परिषद्मा 'विधायिकी, कार्यकारी र न्यायिक अधिकार' एकै ठाँउमा राख्ने कि नराख्ने ? *(संविधानसभाबाट मिति २०६७ /१० /१२ मा संवैधानिक समितिलाई राज्यको शासकीय स्वरूप निर्धारण समितिको प्रतिवेदनमाथिको निर्देशनको बुँदा नं. १८ मा देहाय बमोजिम उल्लेख भएको - स्थानीय सरकारको कार्यकारिणी, विधायिकी र कार्यपालिकीय अधिकार प्रयोगको संयन्त्र अलग अलग हुने व्यवस्था गर्नुपर्ने भएकोले सोही मान्यता अनुरूप स्थानीय कार्यकारिणी सम्बन्धी व्यवस्थामा आवश्यक परिमार्जन गर्ने)*

३७. (फरकमत) उपधारा (४) को दोश्रो हरफमा रहेको "संविधानको धारा ८ मा व्यवस्था भएबमोजिम" भन्ने शब्दको सट्टा "प्रादेशिक कानूनमा व्यवस्था भएबमोजिम" भन्ने शब्द राख्ने वा नराख्ने ?

३८. (फरकमत) उपधारा (५) मा रहेको "स्थापना हुने" पछि "विशेष संरचनालाई" भन्ने शब्दहरू थप्ने वा नथप्ने

३९. (फरकमत) सोही उपधारामा रहेको "स्वायत्तक्षेत्रमा संविधानको अनुसूची ७ मा उल्लिखित अधिकार प्रयोग गर्ने गरी" भन्ने शब्दहरू हटाउने वा नहटाउने ?

## धारा ५ प्रदेशको निर्माण शीर्षक अन्तर्गत (पेज V – VII)

४०. राज्य पुनर्संरचना आयोग गठन गरी सो आयोगले प्रस्तुत गर्ने सिफारिसलाई समेत मध्यनजर गरी प्रदेशको निर्माण गर्ने वा नगर्ने ?

४१. (फरकमत) जातीय पहिचानका आधारमा विभाजित चौध राज्यको संरचना प्रति असहमति रहेको हुनाले यसमा के गर्ने ?

४२. (फरकमत) उपधारा (१) मा "नेपाललाई" भन्ने शब्द पछि १४ र ६ अङ्क कायम गरी प्रदेश निर्माणका दुबै विकल्प प्रस्तुत गर्ने भनिएकोले के गर्ने ?

४३. सोही उपधाराको व्याख्यात्मक टिप्पणीमा तराई र मधेशमा विभक्त भएको छ भन्ने वाक्यांश पछाडि देहायका वाक्यहरू राखी परिमार्जन गर्ने वा नगर्ने ?

"यस विविधतापूर्ण अवस्थितिलाई ध्यानमा राखी नेपालमा सबैभन्दा पछिल्लो पटक लिएको २०५८ सालको औपचारिक जनगणनामा आधारित भई कूल संख्याको एक प्रतिशतभन्दामाथि रहेको जाति समुदाय र एक प्रतिशतभन्दा बढी जनताले बोल्ने भाषिक संख्याद्वारा निर्मित भौगोलिक क्षेत्रगत निरन्तरतामा रहेका झुण्डहरूलाई आधार बनाई मानव अवस्थितिको क्षेत्रगत रेखाङ्कन तयार भएको प्रारम्भिक मानव अवस्थिति वा क्षेत्र झुण्डहरू मध्ये ज्यादै कम संख्यामा मानव अवस्थितिको वा झुण्डहरूमा मात्र निश्चित जाति, समुदाय वा भाषिक वक्ताको बहुसंख्या देखियो । यस प्रकारको मानव अवस्थितिको क्षेत्रगत रेखाङ्कन वा झुण्डहरूको बसोवासको अवस्थाले गर्दा प्रायः सबै ठाँउ, जाति, समुदाय वा भाषा-भाषिक हिसावले अत्यधिक मिश्रणमा रहेको पाइयो । तसर्थ एकल पहिचानको प्रदेश निर्माण गर्न एक दुई क्षेत्र अपवाद बाहेक प्रायः सबै क्षेत्रमा असमान जस्तै देखियो । प्रदेश निर्माणसम्बन्धी प्रयोगमा ल्याइएका सिद्धान्त एवं पहिचान र सामर्थ्यका स्वीकृत आधारमध्ये जाति, समुदाय वा भाषा बाहेकमा पहिचानका अन्य आधारित र सामर्थ्यका आधारलाई समेत प्रयोग गर्न पर्ने अवस्था बन्यो । जस अनुसार निर्माण गरिने प्रदेशहरूको स्वायत्त र स्वशासनको अधिकार जिम्मेवारीलाई प्रयोग गर्न सक्ने गरी भौगोलिक तथा सांस्कृतिक निकटता र आर्थिक अन्तरसम्बन्ध र प्रशासनिक सुगमतालाई पनि दृष्टिगत गर्दै नेपालको एकात्मक स्वरूपलाई पुनर्संरचना गरी लोकतान्त्रिक गणतन्त्र नेपाललाई सङ्घीय एकाइमा व्यवस्थित गर्न वैज्ञानिक र व्यावहारिक देखिएको हुँदा संविधानसभामा ६ र १४ दुबै विकल्पका नक्सा प्रस्तुत गर्ने गरी यो व्यवस्था गरिएको छ ।"

४४. उपधारा (१) मा 'चौध स्वायत्त प्रदेश' उल्लेख भएकोमा स्वायत्त प्रदेश वा प्रदेशमात्र उल्लेख गर्ने भन्ने सम्बन्धमा यसैको उपधारा (२) र (३) मा "प्रदेश" मात्र उल्लेख भएको हुँदा अस्पष्टता ल्याएकोले कसरी उल्लेख गर्ने ?

४५. चौध प्रदेशको पुनर्संरचना सम्बन्धमा यसको संख्या, नामाङ्कन र सीमाङ्कनका सम्बन्धमा फरकमतहरू आएको र सभामा छलफल हुँदा समेत माननीय सदस्यहरूको विचार फरक फरक रहेको हुँदा के गर्ने ?

४६. (फरकमत) उपधारा (२) मा रहेको व्यवस्थाको सट्टा निम्नानुसार राख्ने वा नराख्ने ?

"उपधारा (१) बमोजिम निर्माण गरिने प्रदेशको नाम र क्षेत्रको निर्धारण पहिचान र सामर्थ्यका आधारमा संविधानसभाले गठन गरेको विशेषज्ञ कमिटीले तय गरे बमोजिम हुनेछ ।"

४७. उपधारा (३) - प्रदेशको नाम हेरफेर गर्ने सम्बन्धमा सङ्घीय विधायिकाको समर्थन लिन पर्ने व्यवस्था गर्ने वा नगर्ने ?

४८. उपधारा ४ बमोजिम प्रदेशको नाम हेरफेर गर्ने सम्बन्धमा भएको जनमतसंग्रहबाट अनुमोदन भएमा स्वतः नाम परिवर्तन हुने व्यवस्था गर्ने वा नगर्ने ?

४९. प्रदेशको नाम हेरफेर गर्ने सम्बन्धमा प्रस्तावित उपधारा (३) र (४) को व्यवस्था जटिल भएकाले यसलाई परिमार्जन गर्ने वा नगर्ने ?

५०. उपधारा (५) - प्रदेशहरू एक आपसमा गाभिने सम्बन्धमा सङ्घीय विधायिकाको दुई तिहाई मत जरूरी हुनु पर्ने वा नपर्ने ?

५१. प्रदेशहरू एक आपसमा गाभिने सम्बन्धमा रहेको उपधारा (६) को व्यवस्थामा जनमतसंग्रहमात्र राखी त्यसबाट अनुमोदन भए स्वतः प्रदेश गाभिने व्यवस्था हुनुपर्ने वा नपर्ने ?

५२. प्रदेशको निर्माणमा अन्यथा सहमति भएमा सो अनुसार प्रदेशको राजधानी परिवर्तन गरिनु पर्ने वा नपर्ने ?

५३. (फरकमत) प्रदेश निर्माणको व्याख्यात्मक टिप्पणीमा उल्लिखित "भूबनोटका हिसाबले हिमाल, पहाड, उपत्यका र तराई-मधेश विभक्त भएको छ ।" भन्ने शब्दहरूको सट्टा "हिमाल, पहाड, तराई, भित्री तराई" भनी परिमार्जन गर्ने वा नगर्ने ? (पेज ख)

५४. समग्र मधेशलाई एउटै प्रदेश कायम गर्ने वा नगर्ने ?

## धारा ६ सङ्घको राजधानी सम्बन्धी विषय

५५. सङ्घको राजधानी फेर्न सम्भव छ वा छैन ?

५६. (फरकमत) सङ्घको राजधानी दाङ्मा राख्ने वा नराख्ने ?

## धारा ७ स्थानीय तहको निर्माण र क्षेत्र निर्धारण अन्तर्गत (पेज VII - VIII)

५७. गाउँपालिका र नगरपालिकाभन्दामाथि प्रदेशभन्दा तलको बीचमा प्रशासनिक इकाई आवश्यक हुने वा नहुने ?

५८. (फरकमत) उपधारा (१) को 'रूपमा' शब्दपछि 'जिल्ला तह' शब्द थप्नुपर्ने वा नपर्ने ?

५९. उपधारा (२), (३) र (४) मा रहेको व्यवस्थाको सट्टा स्थानीय तहको संख्या र क्षेत्र संविधान निर्माणसँगै र प्रदेशको निर्माणसँगै गरिनुपर्ने व्यवस्था राख्ने वा नराख्ने ?

६०. स्थानीय तहको संरचना गर्दा अपनाउने मापदण्ड संविधानमै तोकिई वैज्ञानिक तवरले गर्न खोजिएको तर सोही मापदण्डलाई प्रदेश निमार्णमा ध्यान नदिइएको भन्ने प्रश्न उठेकाले यसलाई कसरी सम्बोधन गर्ने ?

६१. (फरकमत) उपधारा (३) को पहिलो हरफमा रहेको "बमोजिम" भन्ने शब्दपछि रहेको "सङ्घीय सरकारले तोकेको मापदण्डको आधारमा सम्बन्धित" शब्दहरू हटाउने वा नहटाउने ?

६२. (फरकमत) उपधारा (६) मा रहेको 'प्रादेशिक' शब्द हटाउनुपर्ने वा नपर्ने ?

## धारा ८ विशेष संरचना सम्बन्धी व्यवस्था अन्तर्गत (पेज IX – X)

६३. (फरकमत) उपधारा (१) मा उल्लिखित वाक्यांशको सट्टामा देहाय बमोजिम लेख्ने वा नलेख्ने ?

"संविधानको धारा ४ बमोजिमको तहगत संरचनाको अतिरिक्त कुनै प्रदेशभित्र आदिवासी जनजाति वा भाषिक समुदायको बाहुल्य भएको वा सघन उपस्थिति भएको क्षेत्रलाई स्वायत्तक्षेत्र कायम गरिने छ ।"

६४. उपधारा (१) - स्वायत्तक्षेत्र कायम गर्न सकिने भनी यस उपधारा (१) मा उल्लेख भएको भए तापनि सो को विपरीत उपधारा (४) मा अनुसूची २ मा उल्लेख भए बमोजिमका स्वायत्तक्षेत्र रहने कुरा उल्लेख गरिएको उक्त सूची अपूर्ण र अवैज्ञानिक रहेको र यिनको भौगोलिक अवस्थिति कहाँ रहेको भन्ने स्पष्ट नभएको भन्ने विचार आएको, साथै अरू क्षेत्र निर्माणको लागि आयोग गठन गर्न जरूरी ठानियो तर यी सूचीकृतक्षेत्र के आधारमा निर्माण गरियो भन्ने संम्बन्धमा पनि जिज्ञासाहरू आएका हुँदा यसलाई कसरी सम्बोधन गर्ने ?

६५. उपधारा (२) र (३) बमोजिमका विशेषक्षेत्र, संरक्षितक्षेत्र निर्वाचित वा मनोनित के हुने भन्ने अस्पष्टता रहेको भन्ने प्रश्न उठेकोले के गर्ने ?

६६. (फरकमत) उपधारा (२), (३), (४) र (५) रहेको व्यवस्थालाई हटाउने वा नहटाउने ?

६७. (फरकमत) उपधारा (४) र (५) को सट्टा देहायबमोजिमको उपधारा (४) राखी व्याख्यात्मक टिप्पणी समेत परिमार्जन गर्ने वा नगर्ने ?

"(४) उपधारा (१), (२) र (३) बमोजिम विशेष संरचना निर्माण गर्दा सङ्घीय सरकारले तोकेको मापदण्डको आधारमा सम्बन्धित प्रदेश सरकारले विषयगत विज्ञहरूको आयोग गठन गर्ने छ । धारा ५ को उपधारा

(४) बमोजिम गठित आयोगको सिफारिस बमोजिम प्रादेशिक सरकारद्वारा प्रस्तुत प्रस्तावले प्रादेशिक व्यवस्थापिकाको दुई तिहाई सदस्यहरूको समर्थन प्राप्त गरेपछि विशेष संरचनाको गठन गरिने छ ।"

६८. (फरकमत) उपधारा (४) मा रहेको "अनुसूची २" भन्ने शब्द हटाउने वा नहटाउने ?

६९. (फरकमत) उपधारा (४) को सट्टा देहायको व्यवस्था राख्ने वा नराख्ने ?

"उपधारा (१) बमोजिम प्रदेश अर्न्तगत निर्माण हुने स्वायत्तक्षेत्रहरू अनुसूची-२ मा उल्लेख भएबमोजिम हुनेछन् । स्वायत्तक्षेत्रको सीमाङ्कन, नामाकरण प्रादेशिक सरकारले एक वर्षभित्रमा कानून बनाई निर्धारण गर्नेछ । त्यसको लागि प्रादेशिक सरकारले एक अधिकार सम्पन्न आयोग गठन गर्नेछ । आयोगको सिफारिशमा नाम र सीमा निर्धारण हुनेछन् ।"

७०. उपधारा (७) मा रहेको विशेष संरचनासम्बन्धी अन्य व्यवस्था प्रादेशिक कानूनबमोजिम हुने व्यवस्था हटाउने वा नहटाउने ?

## धारा ९ सङ्घ, प्रदेश, स्थानीय तह र विशेष संरचनाको अधिकारको बाँडफाँड शीर्षक अन्तर्गत (पेज X – XII)

७१. उपधारा (५) - स्थानीय तहलाई कानून बनाउने अधिकार दिनु उपयुक्त हुने वा नहुने ?

७२. प्रादेशिक कानूनसँग स्थानीय तहले बनाएको कानून बाझिएमा त्यस्ता कानून स्वतः निष्क्रिय हुने भन्ने व्यवस्था राख्ने वा नराख्ने ?

७३. (फरकमत) उपधारा (५), (६), (७), (८), (९) र (१०) को व्यवस्थालाई हटाउने वा नहटाउने ?

७४. उपधारा (११) - अवशिष्ट अधिकार प्रदेशलाई हुनुपर्ने गरी परिमार्जन गर्ने वा नगर्ने ?

## धारा ११ सङ्घीय एकाइहरूबीच उत्पन्न हुने विवाद समाधानसम्बन्धी व्यवस्था

७५. अन्तरप्रादेशिक परिषद्मा विशेषज्ञहरू, स्वतन्त्र व्यक्तिहरू रहनुपर्ने, यो परिषद्मा राजनीतिक प्रकृतिका व्यक्तिमात्र रहने व्यवस्था गरियो, विवादको पक्षसमेत यो परिषद्मा रहने अवस्था आउने हुँदा प्रभावकारी हुन नसक्ने, यसमा कानूनमन्त्रीसमेत राख्नु पर्ने भन्ने मतहरू आएका हुँदा यसलाई कसरी सम्बोधन गर्ने ?

७६. (फरकमत) उपधारा (११) को सङ्घ र प्रदेश, प्रदेश र प्रदेश पछि रहेको प्रदेश र स्थानीय तह, प्रदेश र विशेष संरचना र स्थानीय तह र विशेष संरचनाका क्षेत्रहरू भन्ने शब्दहरू हटाउने वा नहटाउने ?

७७. उपधारा (११) देखि (१६) सम्म रहेको संवैधानिक अदालतको व्यवस्था न्याय प्रणालीसम्बन्धी समितिको प्रतिवेदनसँग मेल खाँदैन, यो विषय यसको क्षेत्राधिकार नभएको, यी दुबै समितिका प्रतिवेदनमा भएका व्यवस्था एकैसाथ राखी हेर्नुपर्छ भन्ने विचार आएको हुँदा यसलाई कसरी सम्बोधन गर्ने ?

**धारा १२ आत्मनिर्णयको अधिकार अर्न्तगत** (यो विषयमा राष्ट्रिय हितको संरक्षण समिति र संवैधानिक समितिको प्रतिवेदन समेत सान्दर्भिक रहेको)

७८. (फरकमत) उपधारा (१) मा "आदिवासी-जनजाति" शब्दपछि "स्थानीय तह र विशेष संरचनामा स्थायी रूपमा बसोवास गर्ने सबै नागरिकलाई" भन्ने शब्दहरू थप्ने वा नथप्ने ?

७९. "आदिवासी, आदिवासी जनजाति" भन्ने शब्दले अस्पष्टता ल्याएको, आत्मनिर्णयको अधिकार भन्ने शब्दावलीको विभिन्न अर्थ लगाइने गरेको हुँदा यस व्यवस्थालाई राख्न नहुने भन्ने मत आएकाले यसलाई कसरी सम्बोधन गर्ने ?

८०. (फरकमत) उपधारा (१) आत्मनिर्णयको अधिकारलाई हटाउने वा नहटाउने ?

८१. (फरकमत) आत्मनिर्णयको अधिकारको व्यवस्था हटाई त्यसको निर्णय गर्ने जिम्मेवारी व्यवस्थापिका-संसदलाई दिनुपर्ने वा नपर्ने ?

## धारा १३ राजनीतिक अग्राधिकार सम्बन्धी

८२. राजनीतिक अग्राधिकारसम्बन्धी व्यवस्था लोकतन्त्र विरोधी भएकोले राख्न नहुने भन्ने विचार आएकाले यसलाई कसरी सम्बोधन गर्ने ?

८३. (फरकमत) राजनीतिक अग्राधिकारसम्बन्धी प्रस्तावित व्यवस्था पूरै हटाउने वा नहटाउने ?

८४. (फरकमत) प्रदेश र विशेष संरचनाक्षेत्र अन्तर्गत जाति वा भाषिक बाहुल्यताको आधारमा राजनीतिक अग्राधिकार हुनेछ भन्ने व्यवस्था हटाउनुपर्ने वा नपर्ने ?

८५. (फरकमत) धारा १३ को उपधारा (१) को व्यवस्था हटाउने वा नहटाउने ?

८६. उपधारा (१) मा रहेको "दुई कार्यकाल" को सट्टा "१५ वर्ष" राख्ने वा नराख्ने ?

८७. उपधारा (२) को सट्टा देहायबमोजिमको वाक्यांश राखी परिमार्जन गर्ने वा नगर्ने ?

"सङ्घीय, प्रादेशिक र स्थानीय तहका सबै राजनीतिक संरचनामा दलित समुदायको जनसंख्याको आधारमा समानुपातिक प्रतिनिधित्वमा इतिहासकालदेखिकै उत्पीडन वापत क्षतिपूर्तिका रूपमा थप सात प्रतिशत प्रतिनिधित्वको सुनिश्चित हुने गरी विशेषाधिकारको व्यवस्था हुनेछ ।"

८८. उपधारा (२) मा दलितलाई थप सात प्रतिशत क्षतिपूर्ति दिने व्यवस्था हुनुपर्ने विषय राख्ने वा नराख्ने ?

८९. स्थानीय निकायमा दलित समुदायको बाहुल्यता भएको स्थानमा दलित नै प्रमुख हुने व्यवस्था गर्नुपर्ने वा नपर्ने ?

९०. मस्यौदामा रहेको धारा १४ महिलाको अधिकार, धारा १५ को दलितको अधिकार जस्तै धारा २० मा थप गरी मुस्लिम अधिकार उल्लेख गर्नुपर्ने भन्ने सभापतिको जवाफमा आएकोले के गर्ने ?

## प्रदेशहरूको संख्या, सीमाना र क्षेत्रसम्बन्धी अनुसूची १ अन्तर्गत

९१. यो अनुसूचीको सट्टा देहायको अनुसूची १ राख्नुपर्ने वा नपर्ने ?

"नेपाललाई भूगोलको आधारमा निम्नबमोजिम १४ वटा प्रान्तमा विभाजन गरिएको छ : १) मेची प्रान्त २) कोशी प्रान्त ३) सगरमाथा प्रान्त ४) जनकपुर प्रान्त ५) नारायणी प्रान्त ६) बागमती प्रान्त ७) लुम्बिनी प्रान्त ८) गण्डकी प्रान्त ९) अन्नपूर्ण प्रान्त १०) राप्ती प्रान्त ११) भेरी प्रान्त १२) कर्णाली प्रान्त १३) सेती प्रान्त १४) महाकाली प्रान्त ।"

९२. यो अनुसूचीको सट्टा देहायको अनुसूची १ राख्नुपर्ने वा नपर्ने ?

"प्रदेशहरू बेग्लाबेग्लै भौगोलिकक्षेत्र, जाति, भाषा वा संस्कृतिलाई मिलाएर गठन गरिनुपर्छ र प्रदेशहरू निम्न अनुसार हुनेछन् :- कोशी प्रदेश - मेची र कोशी अञ्चललाई मिलाएर । सगरमाथा प्रदेश - सगरमाथा र जनकपुर अञ्चललाई मिलाएर । बागमती प्रदेश - बागमती र नारायणी अञ्चललाई मिलाएर । गण्डकी प्रदेश - गण्डकी र धवलागीरी अञ्चललाई मिलाएर । लुम्बिनी प्रदेश - राप्ती र लुम्बिनी अञ्चललाई मिलाएर । कर्णाली प्रदेश - कर्णाली अञ्चललाई मिलाएर । महाकाली प्रदेश -भेरी, सेती र महाकाली अञ्चललाई मिलाएर ।"

## अनुसूची–२ स्वायत्तक्षेत्रको सूची अन्तर्गत

९३. यो अनुसूची पूरै हटाउनुपर्ने वा नपर्ने ?

## अनुसूची–४ सङ्घको अधिकारको सूची अन्तर्गत

९४. (फरकमत) देहायका विषयलाई यस अनुसूचीबाट हटाई अनुसूची-४ को प्रदेशको अधिकारको सूचीमा समावेश गर्ने वा नगर्ने ?

- क्रमसंख्या ४ को केन्द्रीय दूरसञ्चार, रेडियो फ्रिक्वेन्सीको बाँडफाँड, टेलिभिजन र हुलाक,
- क्र.सं. ५ को भन्सार, अन्तःशुल्क, मूल्य अभिवृद्धि कर, संस्थागत आयकर, राहदानी, भिसा, हुलाक, पर्यटन दस्तुर, सेवा शुल्क दस्तुर,
- क्र.सं. २४ को हातहतियार, खरखजाना कारखाना तथा उत्पादनसम्बन्धी,
- क्र.सं. २५ को नापतौल, क्र.सं. २७ को वीमा नीति
- क्र.सं. २९ को बौद्धिक सम्पत्ति (पेटेन्ट, डिजाइन, प्रतिलिपि अधिकारसमेत)

९५. क्रमसंख्या ३ मा "मुद्रा" शब्द थप्नुपर्ने वा नपर्ने ?

९६. क्रमसंख्या ३० पछि देहायको क्रमसंख्या र विषयहरू थप गर्ने वा नगर्ने ?

९७. "३१. भूमिसुधार, ३२. राष्ट्रियस्तरको वन, ३३. तालतलैया, ३४. निकुञ्ज र ३५. नदी र पहाडहरू ।"

## अनुसूची–४ प्रदेशको अधिकारको सूची अन्तर्गत

९८. क्रमसंख्या २१ मा रहेको 'भूमिव्यवस्थापन' शब्द हटाउनुपर्ने वा नपर्ने ?

## सङ्घीय पद्धतिसँगै असहमति राखी आएका लगायतका अन्य विषयहरू

९९. धारा ४, ५, ६, ८, ९ र १० को व्यवस्था सङ्घीय व्यवस्थासँग सम्बन्धित भएकोले सो व्यवस्थाप्रति असहमति रहेको भन्ने मत आएकाले के गर्ने ?

१००. जिल्लाको आवश्यकता अनुसार संसदद्वारा पुर्नगठन हुनेछ भन्नु पर्ने वा नपर्ने ?

"स्थानीय स्वायत्त शासनका तीन तह हुनेछन्-प्रदेश, जिल्ला र गाउँ वा नगरपालिका" भन्नु पर्ने वा नपर्ने ?

१०१. प्रदेशहरू ५ देखि ७ भन्दा बढी हुने छैनन् भनी लेख्ने वा नलेख्ने ?

१०२. सङ्घीय संरचनामा निम्न चारतहहरू रहने छन भन्नु पर्ने वा नपर्ने ? "(१) सङ्घ (केन्द्र), (२) प्रदेश, (३) जिल्ला र (४) ग्रामपालिका एवं नगरपालिकाहरू ।"

"प्रशासनिक दृष्टिकोणले नेपाल राज्य चारतहमा बाँडिनेछ - केन्द्र, प्रदेश, जिल्ला र गाँउ वा नगरपालिका" भन्नु पर्ने वा नपर्ने ?

१०३. स्थानीय स्वायत्त शासन अन्तर्गतका तीनतहको गठनविधि उल्लेख हुनु पर्ने, गाँउ समितिको कार्यक्षेत्र र अधिकार, जिल्ला समितिको कार्यक्षेत्र र अधिकार र प्रादेशिक समितिको कार्यक्षेत्र र अधिकारको विषयमा उल्लेख हुनु पर्ने भन्ने मत आएकोले यसलाई कसरी सम्बोधन गर्ने ?

१०४. जनजाति तथा दलित काउन्सिलबारे संविधानमा व्यवस्था गर्ने वा नगर्ने ?

१०५. धारा ८ (१) मा "संविधानको धारा ४ बमोजिमको मूल संरचनाको अतिरिक्त कुनै प्रदेशभित्र एक जाति, समुदाय वा भाषिक समुदायको बाहुल्यता भएको वा सघन उपस्थिति रहेको क्षेत्रलाई स्वायत्तक्षेत्र कायम गर्न सकिनेछ" भन्ने उल्लेख भएकोमा एक जाति, समुदाय वा भाषिक समुदायको "बाहुल्यता भएको वा सघन उपस्थिति रहेको" वाक्यांशको सट्टा "अत्यधिक बहुसंख्यामा भएको" भन्ने शब्द लेख्नु पर्ने वा नपर्ने ?

१०६. मधेशी, खस र नेवार जातीय समुदायमा रहेका कथित शूद्र, अछूत वा दलित जातहरूको संविधानको सूचीमा समावेश गर्नुपर्ने वा नपर्ने ?

१०७. जनयुद्ध, जनआन्दोलन, मधेशआन्दोलनलगायतका सबै सङ्घर्षहरूमा सहादत प्राप्त गर्नुहुने महान शहीद, बेपत्ता योद्धा र घाइतेको उच्च मूल्याङ्कन गर्दै सङ्घीय, प्रादेशिक, विशेष संरचना र स्थानीय निकाय लगायतका सबै अङ्गहरूमा उनीहरूका परिवारजनहरू र घाइतेलाई प्रतिनिधित्व गरिने कुरा मस्यौदामा उल्लेख गर्नुपर्ने वा नपर्ने ?

## ३ . पहिले नै प्राप्त भएका ३ वटा समितिका प्रतिवेदनमा निर्णय हुन बाँकी विषयहरूको सूची

१०८. सबै संवैधानिक आयोगका पदाधिकारीहरूको नियुक्ति कसरी गर्ने ? संवैधानिक परिषद् रहने भए त्यसको अवधारणापत्र र मस्यौदा कुनै पनि समितिको प्रतिवेदनमा नरहेकोले के गर्ने ?

१०९. प्रतिवेदनको पृष्ठ १७ को उपधारा (१) मा रहेको राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन व्यवस्थापिका-संसदको बैठकबाट हुने हो वा बाहिरबाट हुने हो भन्ने विषय टुङ्गो लागेपछि मात्र निर्वाचन आयोगको जिम्मेवारीभित्र राख्न सकिने भएकोले के गर्ने ?

११०. अख्तियार दुरूपयोग अनुसन्धान आयोगको सम्बन्धमा हालको व्यवस्थालाई यथावत राखी भ्रष्टाचारको नियन्त्रणका विषयमा जन निर्वाचित सरकारलाई जवाफदेही बनाउन सबै विकल्पहरूमा छलफल गरी समुचित टुङ्गोमा पुग्न संविधानसभाबाट निर्देशन प्राप्त भएकोले उक्त विषयमा के गर्ने ?

१११. संवैधानिक निकायको संरचना निर्धारण समितिको मस्यौदाको पृष्ठ ४ को उपदफा (४) मा उल्लिखित अख्तियार दुरूपयोग अनुसन्धान आयोगले भ्रष्टाचारको कसूरमा कुनै व्यक्ति उपर महान्यायाधिवक्ताको राय लिएर मुद्दा दायर गर्ने वा आफ्नै निर्णयद्वारा मुद्दा दायर गर्न सक्ने भन्ने विषयमा टुङ्गो लगाउन बाँकी ।

११२. अख्तियार दुरूपायोग अनुसन्धान आयोग, लोकसेवा आयोग, लेखापरीक्षण आयोग, निर्वाचन आयोग, राष्ट्रिय मानव अधिकार आयोग र राष्ट्रिय वित्तीय आयोग गरी ६ वटा आयोग बाहेक अरू आयोग रहने वा नरहने ?,

११३. आयोगमा रहने पदाधिकारीको संख्या के कति रहने ? सबैमा बराबर संख्यामा पदाधिकारी रहने वा फरक फरक संख्यामा ?

११४. प्रारम्भिक मस्यौदाको सि.नं. २४ धारा ३४ मा राष्ट्रिय प्राकृतिकस्रोत आयोगसम्बन्धी व्यवस्था रहेको देखिन्छ । उक्त आयोगको प्रमुख काम, कर्तव्य र अधिकार प्राकृतिकस्रोतसम्बन्धी विषयमा सङ्घ र प्रदेश, प्रदेश-प्रदेश , प्रदेश र स्थानीय सरकार र स्थानीय सरकार-स्थानीय सरकारवीच उठ्ने विवाद निरूपण गर्ने गरी व्यवस्था गरिएको पाइन्छ । संविधानसभा नियमावली, २०६५ को नियम ६६ को क्र.सं. ३ मा सङ्घीय इकाईहरूबीच उत्पन्न हुन सक्ने विवादको समाधानसम्बन्धी संयन्त्र राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड समितिको कार्यक्षेत्रभित्र पर्ने व्यवस्था गरे अनुरूप राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड समितिले आफ्नो प्रारम्भिक मस्यौदाको धारा ११ मा सङ्घीय इकाईहरूबीच उत्पन्न हुने विवाद समाधान सम्बन्धी विस्तृत व्यवस्था गरेको हुनाले यो विषयमा दुबै प्रतिवेदनलाई समायोजन गरी उपयुक्त व्यवस्था गर्न बाँकी रहेको ।

११५. राज्य पुनर्संरचना समितिबाट भएको अधिकारको बाँडफाँडलाई समेत मध्यनजर गरी मूल्य अभिवृद्धि कर र आयकर लगाउने अधिकार प्रदेश र स्थानीय सरकारलाई पनि प्रदान गर्नुपर्ने सुझाव आएको सन्दर्भमा के गर्ने ?

११६. संविधानले गरेको अल्पसंख्यक तथा सीमान्तकृत समुदायको परिभाषामा समयानुकूल परिमार्जनको सिफारिस गर्न, ती समुदायहरूकोलागि प्रत्याभूत गरिएका अधिकारहरूको कार्यान्वयनको स्थिति अनुगमन गर्न, आवधिक रूपमा हुने राष्ट्रिय जनगणना र मानव विकास सूचकाङ्कको आधारमा अल्पसंख्यक र सीमान्तकृत समुदायको सूचीमा गरिनुपर्ने परिमार्जनको सिफारिश गर्ने समेतको अधिकारक्षेत्र भावी संविधानमा संवैधानिक निकायको रूपमा रहने कुनै एक आयोगमा रहने गरी गरी मस्यौदा तयार निर्देशन प्राप्त भएकोले कुन आयोगको कार्यक्षेत्रमा राख्ने ?

११७. नागरिकता सम्बन्धी विषय, मुस्लिमको अधिकार सम्बन्धी विषय, अल्पसंख्यक, सीमान्तकृत, जनजाति, दलित र पिछडावर्गले उठाएका अधिकारका विषयहरू

